# नवप्रज्ञापन

पूर्णाङ्क : ११२, वैशाख–असार २०८३

(वि.सं. २०५० सालदेखि निरन्तर प्रकाशित)



**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**अतिथि सम्पादक**
बद्रीप्रसाद ढकाल

**सह-सम्पादक**
प्रमोद पाण्डे

**प्रबन्ध-सम्पादक**
गणेशराज रिजाल

**आवरण**
रामकृष्ण भण्डारी

**लेआउट**
डीएन्डडी कम्प्युटर
सूर्यविनायक, भक्तपुर

**मुद्रण**
एपीएस प्रिन्टिङ प्रेस
अनामनगर, काठमाडौँ

**सहयात्री**
राममणि दुवाडी
वासुदेव अधिकारी
प्रा.डा. ध्रुवकुमार घिमिरे
डा. विश्वम्बरकुमार शर्मा
गोपाल अश्क
राममणि ढुङ्गेल
वसन्त रिजाल
रामप्रसाद अधिकारी
जनार्दन खनाल
डा. टीकाराम उदासी
जंगबहादुर यादव
रामधारी यादव
सुनिल कुमार
मधुसूदन चौधरी
राजु अधिकारी
शरद प्रधान
डा. छायादत्त न्यौपाने
डा.पुष्करराज भट्ट
डा. रमेश शुभेच्छु
गगनदीप सर्व
भीम खकुरेल
मोतीराज बम



**मूल्य : १००/-**



कार्यालय: स्वाभिमानवस्ती महाकवि देवकोटा मार्ग जीतपुर–सिमरा उपमहानगरपालिका–१६ बारा, मधेस प्रदेश, सम्पर्क : ९८५११३८६२४ (काठमाडौँ), ९८५५०२४९५५ (बारा)
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

# नवप्रज्ञापन सभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, मकवानपुर, ७.कमल अधिकारी, काभ्रे ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. रवीन्द्र रिजाल, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ, १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौं १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ, २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा, ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर, ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ, ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाई, धादिङ ४६. रमेश समर्थन, रुपन्देही, ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. शिवकुमार धिताल, धादिङ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर, ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. जीवनाथ ढकाल, धादिङ ६४. कृष्ण, खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा, ६७. समीर पाखिन, मकवानपुर ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. डा. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौं, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट,८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमरकुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. वसन्त रिजाल, काठमाडौँ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७. प्रतीक्षा रिजाल, बारा, ९८. शीतल गिरी रौतहट, ९९. इशहाक हुसेन, बारा, १००. श्याम रिमाल, नुवाकोट, १०१. सानुराजा अन्जान, काठमाडौं, १०२. रमेश कडेल, धादिङ, १०३. बलराम ढुंगाना, धादिङ, १०४. मुना काफ्ले सिन्धुली, १०५.डा. यादेवी ढकाल, खोटाङ, १०६. रामबहादुर पहाडी, काठमाडौँ, १०७. प्रतीत रिजाल, बारा, १०८. पुष्करराज भट्ट, कैलाली, १०९. विष्णुप्रसाद शर्मा पराजुली, पर्वत, ११०. बद्रीप्रसाद ढकाल, काठमाडौँ ।

# सम्पादकीय

आँखा थाकेका छैनन् न त विश्वास डगमगिएकै छ । अघि देखि नै एकटकले हेरेकोहेऱ्यै गरिरहेछन् । खोइ के के हो के के खोज्दै आस्था विश्वासको बगैँचामा विचरण गरिरहेछन् । टोल्हिँदा पनि केही न केही खोजिरहेकै भान सजिलै हुन्छ । मनस्थिति एकतमास बनेको छ । अगाडिका परिदृश्यले छुन सकिरहेका छैनन् । सकेको भए सायद टोल्हिने थिएन न एकान्तमा रम्ने नै थिए होला । पक्कै केही न केही सोचिरहेकै हुनुपर्छ अनुमान लगाउन सकिन्छ तर यसै र यही भन्न सकिने अवस्था छैन । भन्नेहरू 'नजाने गाउँको बाटै नसोध्नु' भन्छन् तर म त्यसो गर्न सक्ने पक्षमा पटक्कै छैन । शब्द सम्झँदा समेत् टीठ लागेर आउँछ । कहिले खोज्ला ? त्यो एउटा विम्ब हो । प्रश्नको उत्तर मसँग छैन । यद्यपि ऊ खोजिमा छ यो कुरामा अविश्वास गर्ने ठाउँ कतै पनि छैन ।

यहाँ आफू खुशी जीवनको परिभाषा लगाएर बाँच्न चाहनेको सङ्ख्या सानो छैन । ठूलो, ठूलो र धेरै ठूलो छ । म वर्षौँवर्षदेखि तमासा हेरिरहेछु । त्यति मात्र नभएर सुनिरहेछु । देखिरहेछु । जानिरहेछु । बुझ्रिरहेछु । भोगिरहेछु । समय, परिस्थिति र परिवेशको अलग अलग अर्थ बनाएर भरेङ् चढ्नेहरू छोपिएका छन् । सायद यसो भन्दा अन्यथा नहोला । सबैजना यथार्थ स्वीकार्न डराउँछन् । त्यही भएर छोपिएका र पुरिएका हुन सक्छन् । छोपिएर-पुरिएर बाँच्नु सत्य निकट हुन सक्दैन । बाँच्नु र बाँच्नुमा ठूलो अन्तर छ । साँच्चै सत्य सत्य नै हुन्छ । कतै कसैबाट छोपिए, पुरिए वा थुनिए पनि एक न एकदिन प्रकट भएरै छाड्छ । सत्यको बाटो लाग्दा दौराको फेरोमा हिलो परे पखालिने समय आउँछ । समय वलवान छ भन्दैमा आफूलाई बिर्सेर दौडनुको अर्थ हुँदैन । हिँड्दा वा दुगुर्दा आफूलाई साथै लिएर हिँड्नु बुद्धिमानी हो ।


म वा हामी भएर बाँच्न सकिन्छ कि सकिँदैन ? प्रयास कति गरेका छौँ ? नगरेका भए किन गर्दैनौँ ? एक मात्र नभएर अनेक प्रश्न छातीमा, मनमा र मुटुमा छन् । वरिपरिको परिदृश्य आँखा एकएक गरेर नियाली रहेछन् । सोची रहेछन् । गमीरहेछन् । विचारको पाटोमा पोखिएर छताछुल्ल बनेका छन् । म मभित्र मलाई खोज्न लागिरहेछु । आँखा अगाडि मान्छे अचम्मसँग गलिरहेछन् । ह्वारह्वार्ती बलिरहेछन् । कुण्ठा र वितृष्णाको चितामा जलिरहेछन् । अचम्म ! आफ्नै पाइतालाका भर मानिरहेका छैनन् । शङ्का मडारिएका छन् । विश्वास तपतपी चुहिँदै छन् । आफूले आफूलाई नदेखे पछि, आफूले आफूलाई नबुझे

पछि र आफूले आफूलाई नजाने पछि आउने परिणती यही हो । चारैतिर देखिने चित्रहरूले मलाई बोल्न नसक्ने अवस्थामा पुऱ्याएका छन् । यसैले मौन छु तर आँखा चिम्लेको छैन । र अन्तिम अवस्थासम्म चिम्लने पनि छैन ।

बचाई आआफ्ना हुन्छन् । भोगाई र देखाईको अवस्था पनि अलग हुँदैन । हामी एउटा न एउटाको पुच्छर नसमाती बाँच्न नसकिने मानसिकताबाट ग्रसित छौँ । अचम्म ! आत्मविश्वास नालीमा बगेको छ । आत्मविश्वास गुमाएकाहरूको आयु छोटो हुन्छ । ती छाती देखाएर बाँच्नै सक्दैनन् । यद्यपि म बाँचेको छु भन्ने अहंले हिँडाइरहेको हुन्छ । परायको निर्देशनमा बाँचेकोहरूको आफ्नो स्व केही हुँदैन । त्यसरी बाँचेकाहरूको एउटा फरक संस्कृति हुन्छ । समय र परिस्थितिअनुसार ती आफूलाई फेर्छन् तर चौतारामा ठिङ्ग उभिएर आँखा खोल्न सक्दैनन् । वैशाखीमा बाँच्नेहरूमा त्यो सामर्थ्य हुँदैन । यो कुरा स्पष्ट देखिएको, जानिएको, बुझिएको र अनुभव गरिएको छ ।

हामी एक्लै आएका हौँ । एक्लै जानु पर्छ । कसैले कसैलाई साथ दिँदैन । यो सत्यको विपक्षमा कोही पनि जान सकिरहेको छैन । गएको भए उसको प्राप्ति विफलता मात्र हो । बाँच्नका लागि घाम देख्दा घाम राम्रो र जुन देख्दा जून राम्रो भनिरहनु पर्दैन । जमिनमा उभिन पिपलको पातझैँ हावाको बहावअनुसार यताउता गरिरहनु र पाइला चालिरहनु आवश्यक छैन । यति जान्दाजान्दै पनि मानिस किन ठाउँ कुठाउँमा लम्पसार बन्छ ? प्रश्न तन मन दुवैतिर छ । निकालेर फ्याल्न खोज्छु सक्दैसक्दिनँ।आँखामाकैदतीदृश्यलेऔँला ठड्याउँछन् । तपाइँको मनमा चाहिँ नहोला भन्न सक्दिनँ । विद्रुताको माला लगाएर हाँस्नुको तात्पर्य के हुन सक्ला ? अनुमान गर्नुहोस् त । तपाइँको र मेरो अनुमान नमिल्ला भन्न पनि सक्दिनँ ।

नवप्रज्ञापनको समीक्षा विशेष चौथो भाग तपाइँको हातमा छ । यहाँहरू सबैको उचित माया, ममता र सद् भावका कारण यसले ३३ वर्ष पार गरेर ३४औँ वर्षमा प्रवेश पाएको हो । यसको उत्तरोत्तर प्रगतिका लागि सद्‌भाव देखाइरहनु भएकामा सम्बन्धित सबैप्रति आभारी छु । नयाँ वर्ष २०८३ सबैको घर आँगनमा आइपुगेको छ । सबैका लागि नववर्ष नयाँजोश, नयाँजाँगर, नयाँउमङ्ग, नयाँहौसला र नयाँउत्साह बनोस् हार्दिक मङ्गलमय कामना गर्दछ । यसको आजसम्मको कर्मप्रति सद्‌भाव राख्ने सबै सबैमा आभार व्यक्त गर्दै लेखकहरू, पाठकहरू, शुभेच्छुकहरू, टिमका सदस्यहरू तथा देश-विदेशका विभिन्न ठाउँमा रहेर भाषा, साहित्य र संस्कृतिलाई माया गरिरहनु भएकाहरूप्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु । फेरि भन्छु नयाँवर्ष २०८३ सबैको निम्ति सुखमय तथा मङ्गलमय बनोस् ।





## राजनप्रसाद सिलवाल

**राजनप्रसाद सिलवाल** धादिङ जिल्लाको धुनिबेसी नगरपालिका वडा नं २ का स्थायी बसोबासी हुनुहुन्छ। महेशधर्म माध्यमिक विद्यालय धुनिबेसीका पूर्व प्रधानाध्यापक सिलवाल धुनिबेसी आदर्श क्याम्पसका संस्थापक सदस्य तथा पूर्व क्याम्पस प्रमुख समेत् हुनुहुन्छ । हाल काठमाडौँको स्वयम्भूमा बसोबास गरिरहनु भएका उहाँ समाजसेवी पनि हुनुहुन्छ। विगत ३४ वर्षदेखि भाषा, साहित्य र संस्कृतिको उत्थानमा सक्रिय 'नवप्रज्ञापन' सँग धेरै अघिदेखि जोडिनु भएका सिलवाल यही अङ्कदेखि पत्रिकाको विशिष्ट सदस्य बन्नु भएको छ। नवप्रज्ञ ापनको निरन्तरताप्रति चासो राखेर विशिष्ट सदस्य बन्नु भएकामा यहाँलाई हामी हार्दिकतापूर्वक स्वागत छौँ।

**नवप्रज्ञापन परिवार**



## हृदयनारायण चौधरी

बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका, वडा नं ५ बकुलियाका स्थायी बसोबासी **हृदयनारायण चौधरी** थारुभाषाका वरिष्ठ साहित्यकार हुनुहुन्छ । २०३२ सालमा 'कहली, सुनली, बुझली' कथासङ्ग्रहका साथ यो क्षेत्रमा प्रवेश गर्नु भएका चौधरीका २ महाकाव्यसहित् विविध विधाका १६ कृतिहरू प्रकाशित छन् । लामो समय शिक्षण कर्ममा लाग्नु भएका उहाँ यतिबेला थारु शब्दकोश प्रकाशनका क्रममा हुनुहुन्छ। 'नवप्रज्ञापन' सँग धेरै अघिदेखि जोडिनु भएका चौधरी यही अङ्कबाट विशिष्ट सदस्य बन्नु भएको छ। नवप्रज्ञापनको निरन्तरताप्रति चासो राखेर विशिष्ट सदस्य बन्नु भएकामा यहाँलाई हामी हार्दिकतापूर्वक स्वागत छौं ।

**नवप्रज्ञापन परिवार**

**नवप्रज्ञापनले यात्रा प्रारम्भ गरेको ३४ वर्ष लाग्यो ।**
**देश विदेश जहाँ रहनु भएको भए पनि**
**नवप्रज्ञापन पढ्न चाहनुहुन्छ**
**भने तपाईंहरुको**
**सेवामा हाजिर छौं ।**

**वेबसाइट :**
**www.nabapragyapan.com.np**

**पुराना अंकहरु पनि PDF मा उपलब्ध छ ।**

**नवप्रज्ञापन तलका स्थानहरूबाट प्राप्त गर्न सकिन्छ :**

- इशा बुक सेन्टर, शनिश्चरे मोड, विर्तामोड झापा ।
- मोडर्न बुक्स एण्ड स्टेशनरी, हिमालय रोड बिराटनगर ।
- झिगु पुस्तक पसल, बिरगञ्ज पर्सा ।
- श्रेष्ठ पत्रिका पसल कलैया, बारा ।
- भट्टराई स्टेशनरी सेन्टर डुमरवाना, बारा ।
- न्यूरोड पाको पिपलबोट काठमाडौं ।
- प्राज्ञिक बुक्स बागबजार, काठमाडौं ।
- भण्डारी बुक्स एण्ड स्टेशनरी बागबजार, काठमाडौं ।
- विद्यार्थी पुस्तक पसल, स्कुल रोड, हेटौंडा ।
- सिर्जना स्टेशनरी वालिङमोड, स्याङ्जा
- भैरहवा पुस्तक पसल, सिद्धार्थनगर-रुपन्देही ।
- मेधावी बुक कन्सर्न, घोराही दाङ ।
- भेरीबुक्स, बुद्धचोक नेपालगञ्ज बाँके ।
- नेहा पुस्तक पसल, विश्वविद्यालय रोड, कञ्चनपुर

# रचनाक्रम


– अरुणबहादुर खत्री 'नदी'/९
– गङ्गाप्रसाद भेटवाल/११
– ज्ञानेन्द्र विवश/१४
– छविरमण सिलवाल/१७
– जयराम बिडारी/२०
– तेजविलास अधिकारी/२३
– नवराज रिजाल/२६
– नवीन पल्लव/२९
– निर्मला पाण्डे/३२
– नारायणप्रसाद शर्मा फुयाल/३५
– प्रदीप सापकोटा/३८
– बद्रीप्रसाद ढकाल/४१
– बाबुराम लम्साल/४४
– बोधराज पौडेल/४७
– भीम क्षेत्री/५०
– प्रा.डा. माधवप्रसाद पोखरेल/५३
– माधव शर्मा/५५
– राजाराम बर्तौला/५८
– राममणि ढुङ्गेल/६१
– रुबि सत्याल/६४
– शरद प्रधान/६७
– डा.हरिप्रसाद सिलवाल/७०


## बजारमा नयाँ पुस्तक


– संयोजक प्रतीक्षा रिजाल/७३

# राजेन्द्र श्रेष्ठको 'पदचिन्ह' कविताकृति अध्ययन गरेपछिका भावहरू



– अरुणबहादुर खत्री 'नदी'

कवि राजेन्द्र श्रेष्ठको 'पदचिन्ह' शीर्षक कवितासङ्ग्रह (२०८२) मा प्रकाशित भएको हो । यस कवितासङ्ग्रहमा शुभकामना, प्रातः काललाई हाम्रो स्वागत, भौतारिरहेको मान्छे, किसान, पहाड, आकाश बादलले ढाकेको छ लगायत विभिन्न शीर्षकका ५४ कविता सङ्गृहीत छन् । कविता सङ्ग्रहभित्रको शुभकामना शीर्षकको पहिलो कवितामा मेरो आँखामा हाँसो भरिदिई दुःखमा पनि हाँस्न सिकाउने तिमीलाई यो टाढा सहरबाट लाखौलाख शुभकामना भनिएको छ । कवि राजेन्द्रलाई साहित्य मन पर्छ साहित्यिक रचना लेखेर यसमै डुब्न मन पराउँछन् । उनले लेखेका कविता मार्मिक, सुन्दर र प्रभावशाली छन् । शैलीमा निजत्व भाव पाइन्छ र चिन्तन पक्ष विशेष देखिन्छ । कविता प्रतिकात्मक छन् । प्राकृतिक र सांस्कृतिक विम्बले कवितालाई रोचक बनाएको छ । किसान शीर्षक कवितामा कति दयालु ती किसानहरू भोको पेट भराउने इच्छा पो हो कि कति स्वावलम्बी स्वाभिमानी ती दौडिरहेकै छन् लडिरहेकै छन् भनेर किसानको प्रशंसा गरिएको छ । कवि भन्छन्-

तर कोही छैन आफन्त उसको
नजिक कोही छैन सब टाढा टाढा
तर केही हार नमानी
हिड्छ दौडन्छ फेरि हिँड्छ ।

उनले भौतारिरहेको मान्छे शीर्षकको कवितामा उसका कोही आफन्त छैनन् । नजिक कोही छैन सब टाढा छन् । तर केही हार नमानी हिँड्छ दौडन्छ फेरि हिँड्छ भनेर लेखेका छन् । पहाड शीर्षकको कवितामा चराचुरुङ्गी गीत गाउँदै रनबन डुल्छन् मृग जरायो खरायो उफ्री उफ्री हिँड्छन् गोठालाहरु सुसल्दै हिँड्छन् लेखिएको छ । वसन्तको उजाड दिन कवितामा वर्षौदेखि वसन्तको बहारमा रमाएको मन अहिले आएर ओइलाएको छ आलश्यको शरीर थाकेको छ त्यसैले यो वसन्तको उजाड दिन हो भनेर लेखेका छन् । तासको अम्मल कवितामा वारि पाखा पारि पाखा मानिसको भिड हेर यता छन् बुढाखाडा उता कलिला ठिटा देख्दछु दिनका दिन म बसेको वरिपरि ऐना हेरैं जसरी हेर्दछन् घरिघरि भनेर लेखिएको छ । साउन कवितामा यस ठाउँमा साउन, साउन जस्तो भएन आएन साउनले साउने झरी झारेन भनेर लेखेका छन् । रात बिताउनै पऱ्यो म सुतेको छैन र निदाएको पनि छैन ओछ्यान चिसो छ बाहिर झन् चिसो छ भनेर एक रात र एक्लो म कवितामा लेखेका छन् । यो कवितासङ्ग्रहभित्र झ्यालबाट

हेर्दा देखिएको वास्तविकतालाई साङ्केतिक रुपमा प्रस्तुत गरिएको छ। नेपालीको महान् चाड दशैँको वर्णन गरिएको छ। मित्रताको चाहना र आह्वान छ। मौनतामै प्रेमानुभूति छ। कृतिम हाँसो कवितामा आजकल त मलाई झाडीका झ्याउकिरीले होस् चाहे पोखरीका असारे भ्यागुताले नै किन नहोस् जिस्काउन थालेका छन्। मन मस्तिष्क नतमस्तक छ भन्ने उल्लेख गरेका छन् :

अपर्झट र संयोगले साइनो जोडिएको
प्रतिफल नमिठो हुँदो रहेछ
नचिनी नजानी जोडिएको मित्रता
आँधीको टुकी हुँदोरहेछ।

ज्योतिको खोजी कवितामा हेर त साथी हो आकाशमा अचानक काला बादल देखिए भर्खरसम्म आकाश निलो स्वच्छ देखिन्थ्यो तर छिनमै बादल लाग्दा आकाश र धर्तीमा आतङ्क छाएको छ भनेर लेखेका छन्। भिरमा फुलेको फूल कवितामा हेर त भिरमा फुलेको फूललाई जसले सुन्दरता त दिन सक्छ तर त्यसको सौन्दर्यमा टाढाबाट मात्र हेर्न सकिन्छ भनिएको छ। एक्लोपन कवितामा जिन्दगीको यात्रामा कहाँ कहाँ पुगेछु आफन्तसँग टाढिएर पराइ पो भएछु सबैसँग छुट्टिएर एक्लो पो भएछु भन्ने पीडा पोखेका छन्। कत्ति सपना कत्ति कल्पना कत्ति मिठो तिनको योजना ममाथि तिनले गरेको भरोसा सबै मैले हावामा उडाएँ कत्ति नमिठो निरासा तिनमा छाएँ भनेर कविले तिनको आँसु कवितामा लेखेका छन्। नानीहरूको शान्तिको सन्देश छर कवितामा म हिँड्ने गरेका बाटाहरुमा मेरो आँखालाई ढाक्न आउने दृश्यहरुमा नानीहरुको पीडा र चित्कार हुने गरेको छ भनेर कविले लेखेका छन् :

एकछिन अगाडिसम्म
आकाशमा सूर्य छउन्जेल
निलो स्वच्छ देखिएको त्यो आकाश
घाम डुबेपछि त कस्तो कस्तो अन्धकार पो देखियो।

नछेक मेरा बाटाहरू कवितामा कविले मेरा चाहना धेरै छन् धेरै धेरै प्वाल टाल्नुछ धेरै धेरै हत्केला भर्नुछ त्यै भएर म सधैँ सधैँ भौतारिरहेछु भनेका छन्। यो सङ्ग्रहभित्र समेटिएका कविताहरु प्रेम, बिछोड, अस्तित्व, प्रकृति र जीवन मरणका संवेदना समेटिएका छन्। पाठकहरूले यी रचनामा आफ्ना भावनाहरुको झल्को पाउनेछन्। एक्लो मान्छे कवितामा मानिस एक्लो हुँदो रहेछ मानिस एक्लै हिँड्नु पर्दोरहेछ म सधैँको लागि साथ दिने साथी पाइदोरहेछ भनेर लेखिएको छ। जब म कोठामा एक्लै हुन्छु त्यो झ्यालबाट टाढा टाढासम्म हेर्ने गर्छु कविले झ्यालबाट हेर्दा कवितामा लेखेका छन्। कवितामा यथार्थ कल्पना र सपनाको फरक अनुभूति व्यक्त गरिएको छ। आत्माका माध्यमबाट जन्मपुनर्जन्मको चाहना हुने दार्शनिक भाव आएको छ। महान् सहिदप्रति उच्च सम्मान गरिएको छ :

*भारी बोक्छौ भरिया तर मुख मलिन छ किन*
*पैसा कमाउँछौ भरिया थोत्रा कपडा किन।*

भरिया शीर्षकको कवितामा भारी बोक्छौ भरिया तर मुख मलिन छ किन पैसा कमाउँछौ भरिया थोत्रा कपडा किन भनेर कविले भरियासँग प्रश्न गरेका छन्। अन्त्यमा कवि राजेन्द्र श्रेष्ठको लेखनयात्रा अविराम चलिरहोस् आगामी दिन नयाँ नयाँ कवितासङ्ग्रह निस्कन सकोस् भन्न चाहान्छु।

*पासिकोट, बूढानीलकण्ठ-४, काठमाडौं*

# राजाराम बर्तौलाको 'काठमान्डु प्यारडाइज' नियात्राकृतिमा मेरो दृष्टि



– गङ्गाप्रसाद भेटवाल

वि.सं.२०१५ मा मकवानपुरमा जन्मिएर सरकारी सेवामा दुई दशकभन्दा बढी समय व्यतित गरी हाल सेवा निवृत्त जीवन बिताइरहेका राजाराम बर्तौलाद्वारा लिखित काठमान्डु प्यारडाइज शीर्षकको नियात्रासङ्ग्रह साझा प्रकाशनले प्रकाशन गरेको हो । बर्तौलाको यसभन्दा अगाडि मेरा पाइलाहरु (संस्मरण-२०७८), अल्छी ढुङ्गो (लघु निबन्धसङ्ग्रह-२०७९), भ्रमित सत्य (कवितासङ्ग्रह-२०८०) देश-देशान्तर (नियात्रा-२०८१) र बर्तौला कुलको वंशावली (२०८२) लगायतका कृतिहरू प्रकाशित भएका छन् ।

कृतिको अग्रभागमा नियात्रासङ्ग्रहको नाम र लेखकको नाम समावेश छ । साथै सुन्दर काठमाडौंका मठ-मन्दिर र धरहराको दृश्य समाविष्ट गरिएको छ । कभर पेज पछाडिको भागमा बर्तौला स्वयंको तस्बिरका साथ सङ्क्षिप्त परिचय र कृतिको विवरण समावेश छ । पहिलो नियात्राअन्तर्गत मनसुन हाइकिङ : काठमान्डु प्यारडाइज शीर्षक नियात्रालाई प्रस्तुत गरिएको छ । यात्रा संस्मरणअन्तर्गत काठमाडौंको प्रकृतिको वर्णन छ । चाँगुनारायण, तेलकोटलगायतका ठाउँहरू भ्रमण गरिएका गन्तव्यमा आएका छन् । नेपालको इतिहासका विभिन्न पक्षहरूको संस्मरण गरिएको अनि पदयात्रा टोलीसँग मिसेर हिँड्दाका अनुशासन र अनुभवहरूलाई प्रस्तुत गरिएको छ । काठमाडौं उपत्यकामा पदयात्रा गरेर वरिपरिका स्थानहरू भ्रमण गर्दा सिङ्गो नेपालको एक झलक पाउन सकिने, पदयात्रामा निक्लदा मानिस स्वस्थ रहने उल्लेख छ । यसरी पदयात्रामा निक्लने यात्रीहरूमा देशी र विदेशी पदयात्रीहरू संलग्न हुने कुराहरू व्यक्त भएका छन् । यसैगरी बर्तौलाले अन्य नियात्रा शीर्षकलाई दहचोकीमा बादलसँग पौँठेजोरी, श्रावणी पदयात्रामा महादेवको दर्शन, बुङ्मती-खोकना : तीनचर' को सङ्गम, तिनपाने भन्ज्याङमा झ्याउकिरीको सङ्गीत, नालादेखि नगरकोट, सुन्दरीजल हुँदै ठाडोपाटी भन्ज्याङ, नाकै ठोकिने चन्द्रागिरीको उकालो, गुण्डुदेखि गुण्डुसम्म, चम्पादेवीको दर्शन, लेले रक्स, काशी जाने कुतीको बाटो, थाप्लेडाँडामा नाम्लो बिसाउँदा, देवीचौर ढ्यौरालीमा पानीरोटीको स्वाद, हिँड्दै-हिँड्दै जातिपोखरी, मणिच्यूड हुँदै बज्रयोगिनी, सिमचौरको पदयात्रा : तोरीबारी र सपना, गुराँसे पदयात्रामा रमाएको मन, जामाचोको सेरोफेरो,

कोटडाँडादेखि लाकुरी भन्ज्याङ, विष्णुद्वार : विष्णुमतीको मुहान, ऐसेलु र किम्बुको स्वादसँगै बल्थली, फोर इडियट्सको पदयात्रा, शिवपुरी बागद्वारको रोमाञ्च, काफल खाँदै फूलचोकी, स्विजरल्यान्ड पार्क, गुर्जेभन्ज्याङदेखि पानीमुहानसम्म, नागमती हुँदै धाप ड्याम, मोहनी झरनाको मोहनी, ओझेलमा परेको फुङ्फुङे झरना, सम्पदा शहर पनौती, स्कुलदेखि गुरुकुलसम्म : श्रावणी यात्रा, तीनछाँगे र इन्द्रेणी सपना आदि शीर्षकमा लेखहरू समेटेका छन् । बर्तौलाले काठमाडौँ उपत्यका वरिपरिका डाँडाकाँडा, पार्क तथा मन्दिरलगायतका क्षेत्रहरूमा भ्रमण गरेर तिनीहरूको वृत्तान्त उल्लेख गरेका छन् । काठमाडौँ उपत्यकाका तीन जिल्लालाई काठमाडौँ सहर मानिएता पनि उनले नुवाकोट भित्रका पदयात्राका क्षेत्रहरूलाई समेत समेटेका छन् । यसैगरी काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न पदयात्राका गन्तव्यलाई पनि समेट्न भ्याएका छन् ।

काठमान्डु प्याराडाइज शीर्षक यात्रा संस्मरण कृतिभित्र जे जति संस्मरणहरू समेटिएका छन् ती सबैमा प्रकृतिको वर्णन गरिएको छ । पदयात्रीका अनुभवहरू तिनमा समेटिएका छन् जहाँ काठमाडौँ उपत्यका र यस नजिकका पदयात्रा क्षेत्रको भ्रमण गन्तव्यमा भएका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक सम्पदाहरूको तथ्यपक वर्णन समेत गरिएको छ । पदयात्रामा निक्लँदा पदयात्रीलाई हुने फाइदा, पदयात्रामा जाँदा अपनाउनुपर्ने सावधानी, फरकफरक रुटमा पदयात्रा गर्दा लाग्ने समय आदिका बारेमा पनि जानकारी छ । काठमाडौँ उपत्यका वरिपरिका स्थानहरू भ्रमण गर्दा कुन स्थानमा कुन मौसम उपयुक्त हुन सक्छ, त्यस क्षेत्रमा के कस्ता बालीनाली लागेका छन् अनि त्यस क्षेत्रका मानिसहरूको जनजीवन के कस्तो रहेको छ आदि विषयबारे पनि यात्रा संस्मरणहरूले जानकारी दिएका छन् । काठमाडौँ उपत्यकाको वरिपरि घनाजङ्गलहरू रहेका अनि एकान्त स्थानहरू धेरै छन् । ती गन्तव्यमा पदयात्रा गर्दा एक्लै अथवा सानो समूहमा जाँदा सुरक्षाको दृष्टिकोणबाट केही चुनौती पनि भेटिने हुँदा सामूहिक पदयात्रा उपयुक्त हुने बताइएको छ । समूहमा रमाइलो पनि बढी हुने र सुरक्षा पनि पाउन सकिने जानकारी यी लेखहरूमा बताइएको छ । यस क्षेत्रको पदयात्रामा निक्लँदा विभिन्न शिलालेखहरूबाट विगतका समयको इतिहासका विभिन्न पक्षहरू पनि जान्न पाइने कुरा आएका छन् । जुनसुकै मौसममा पनि काठमाडौँ उपत्यकाको वरिपरिको भूगोलमा पदयात्रा गर्न सकिन्छ तर त्यसको अग्रिम जानकारी लिनु आवश्यक हुन्छ भन्ने कुर ासमेत प्रस्तुत भएका छन् । नियात्रा पढ्ने क्रममा धेरै पक्षका जानकारी मिल्दछ । जामाचोको सेरोफेरो शीर्षकको लेखमा बर्तौला लेख्छन्-सन्त नागार्जुनले यही पर्वतको गुफामा दीर्घ तपस्या गरेकोले यसको नामै नागार्जुन रह्यो भने भगवान गौतम बुद्धले ध्यान गरेको हुँदा यसलाई पवित्र भूमि मानियो । विद्या पर्वत भनिने जामाचोमा यही विश्वासले बौद्ध गुम्बा छ सायद ' (पृ.१०१) ।

नियात्राकार बर्तौलाले जानकारीहरू उल्लेख गर्ने क्रममा कुनै तथ्यमा आधारित जानकारी उपलब्ध गराएका छन् त कुनै धार्मिक, पौराणिक, ऐतिहासिक मान्यताका आधारमा स्थानीयहरूले विश्वास गर्दै आएका कुरा स्रोतका रूपमा उल्लेख गरेका छन् । विभिन्न समूहमा मिसिएर पदयात्रा गर्दाखेरिका अनुभूतिहरूलाई नियात्राकार बर्तौलाले यस सङ्ग्रहमा लिपिबद्ध गरेका छन् । त्यस्तै विष्णुद्वार : विष्णुमतीको मुहान शीर्षकमा नदी सभ्यताको वर्णन गर्ने क्रममा काठमाडौँको परिचय यहीको नदी सभ्यता हो । बागमती सबैभन्दा ठूलो भएकाले बागमती सभ्यता भनियो । बागमती, विष्णुमती, रुद्रमती, इच्छुमती, मनहरा, कावेरी नक्खु, बल्खु, हनुमन्ते, गोदावरीजस्ता नदीहरूले सिंचित काठमाडौँ उपत्यका नै बागमती सभ्यता हो ' (पृ.१०८) भनेर उल्लेख गरेका छन् । सिमचौरको पदयात्रा : तोरीबारी र सपना शीर्षकको लेखमा समय र प्रकृति-पर्यावरणको वर्णन गर्दै लेख्छन्-यसपालि हिउँदमा पनि काठमाडौँमा त के नेपालभरि नै पानी परेन । अन्यथा पश्चिमी वायुको प्रभावले माघेझरी आउँथ्यो ।

शिवरात्रीमा जोगी तर्साउन पानी पर्छ ' भन्थे उहिले तर अहँ, अहिले देखिँदैन । पर्यावरणमा आएको परिवर्तनको प्रभावले मौसमी चक्र पनि परिवर्तन हुँदै आयो सायद (पृ.९५) । उनी प्रायः समूहमा मिसिएर पदयात्रा गरेको देखिन्छ । उनको समूह काठमाडौँ वरिपरिका प्रसिद्ध ठाउँहरू मात्र भ्रमण गर्न गएको देखिँदैन । उनीहरू त एकदमै पछाडि परेका र धेरै मान्छेहरूले थाहा नपाएका क्षेत्रहरूमा समेत पुगेर पदयात्रा गर्दै त्यहाँका विषयवस्तुहरू बारे जानकारी लिएको देखिन्छ । चाँगुनारायण धेरै मानिसहरूले थाहा पाइरहेको क्षेत्र हो भने जातिपोखरी कम मानिसले थाहा पाएको स्थान हो । समग्रमा यो सङ्ग्रहमा सङ्गृहित नियात्रा संस्मरण अध्ययन गर्दै जाँदा नियात्राकार बर्तौला साँच्चिकै प्रकृति प्रेमी भएको पुष्टि हुन्छ । नियात्रा लेख्ने क्रममा बर्तौलाले भाषिक शिल्पको रूपमा संस्कृत भाषाका विभिन्न भनाइ र श्लोकहरूलाई समेत समाविष्ट गरेर सन्दर्भलाई पुष्टि गर्ने गरेको देखिन्छ ।

समग्रमा भन्नुपर्दा काठमान्डु प्याराडाइज शीर्षक नियात्रा सङ्ग्रह उत्कृष्ट रहेको छ । यसको भाषाशैली सलल बगेको छ । पाठकलाई निरन्तर तान्न सफल भएको लेखनीका कारण यो कृति अलिकति पढेपछि पाठ्य भोक जगाउन सफल देखिन्छ । कृति पढेपछि काठमाडौँ उपत्यकाको वरिपरिको भूमि पदयात्रा गर्नका लागि उपयुक्त छ भन्ने कुरा थाहा हुन्छ । काठमान्डु प्याराडाइज शीर्षकको नियात्रा सङ्ग्रह काठमाडौँ उपत्यका वरिपरिका क्षेत्रमा पदयात्रा गर्नेहरूका लागि गाइडबुकको रूपमा रहेको देखिन्छ । जोसुकै पदयात्रीहरू यो क्षेत्रमा यात्रामा जाँदा यो कृति साथमा लिएर गए धेरै प्रकारका अन्योलता समाप्त हुने देखिन्छ । नेपाली साहित्य भण्डारमा यति सुन्दर कृतिले नेपाली साहित्यमा काडमाडौंका विभिन्न स्थलको परिभ्रमण गर्दै पाठकलाई तत् तत् स्थलमा पुऱ्याइ सचित्र व्याख्या गरेको देखिन्छ ।

# बद्रीप्रसाद ढकालको 'प्रकृति, पर्यावरण र साहित्य' मा पर्यावरणीय चेतना



– ज्ञानेन्द्र विवश

नेपाली समालोचना परम्परामा सक्रिय र उत्पादक लेखकका रूपमा चिनिने बद्रीप्रसाद ढकालको कृति 'प्रकृति, पर्यावरण र साहित्य' समकालीन सन्दर्भमा विशेष अर्थ बोकेको कृति हो । वर्षमा अनेक कृतिहरू सार्वजनिक गर्दै आउनु उहाँको सिर्जनात्मक सक्रियताको प्रमाण हो भने यस कृतिले उहाँको अध्ययनशीलता र चिन्तनको गहिराइलाई थप पुष्टि गर्छ ।

'अनुसन्धान विमर्श नेपाल' द्वारा प्रकाशित यस कृतिलाई नेपाली साहित्यमा पर्यावरणीय चेतनासम्बन्धी प्रतिनिधिमूलक कृतिका रूपमा लिन सकिन्छ । यसले साहित्यिक विमर्श मात्र होइन, प्रकृति र मानव जीवनबीचको अन्तर्सम्बन्धलाई वैचारिक र अनुसन्धानपरक धरातलमा प्रस्तुत गरेको छ ।

लेखकले कृतिमा उठाएको मुख्य आधार भनेको साहित्यको उद्गमदेखि नै प्रकृति यसको केन्द्रमा रहेको तथ्य हो । वैदिक कालीन ग्रन्थहरू, वेद-पुराण तथा प्राचीन साहित्यमा प्रकृतिको बहुआयामिक उपस्थिति देखिन्छ । पञ्चतत्व-पृथ्वी, जल, वायु, आकाश र अग्निका विविध रूप र अवस्थाहरूको चर्चा गर्दै लेखकले प्रकृतिलाई दृश्य सौन्दर्यको विषय होइन, जीवनदर्शनको मूल आधारका रूपमा व्याख्या गर्नुभएको छ ।

यस कृतिको एउटा महत्वपूर्ण पक्ष के हो भने यसले साहित्यमा प्रकृतिको अनिवार्य उपस्थितिलाई तार्किक रूपमा स्थापित गर्छ । कुनै पनि साहित्यिक कृतिमा प्रेम, पीडा, सुख वा दुःख जे विषय भए पनि प्रकृतिको छायाँ अनिवार्य रूपमा उपस्थित हुन्छ । हिमाल, पहाड, नदी, झरना, वनस्पति र पशुपक्षीको उल्लेखले मात्र साहित्यमा गतिशीलता, जीवन्तता र कलात्मकता सम्भव हुने कुरा लेखकले स्पष्ट पार्नुभएको छ । यस अर्थमा, प्रकृतिविहीन साहित्य कल्पनाभन्दा बढी केही हुन सक्दैन भन्ने निष्कर्ष कृतिले दिन खोजेको देखिन्छ ।

यद्यपि कृतिको विशेषता वर्णनमा सीमित छैन; यसले चेतावनी पनि दिन्छ । लेखकले देखाउनुभएको छ-साहित्यमा प्रकृतिको सुन्दर चित्रण जति आवश्यक छ, वास्तविक जीवनमा त्यसको संरक्षण त्यत्तिकै अपरिहार्य छ। वन विनाश, अव्यवस्थित शहरीकरण, नदी-नालाको अतिक्रमणजस्ता क्रियाकलापले अन्ततः प्रकृतिलाई विनाशतर्फ धकेल्ने र त्यसको प्रतिफल मानवले नै भोग्नुपर्ने यथार्थलाई कृतिले सशक्त रूपमा उठाएको छ। यस कृतिको अर्को उल्लेखनीय पक्ष

यसको अनुसन्धानपर संरचना हो । वैदिक साहित्यदेखि आधुनिक सन्दर्भसम्म प्रकृति र पर्यावरणको भूमिकालाई लेखकले तुलनात्मक ढङ्गले विश्लेषण गर्नुभएको छ। विशेषतः, हाम्रा पूर्वजहरूले साहित्यमार्फत प्रकृति संरक्षणको चेतना कसरी फैलाएका थिए भन्ने पक्षलाई उजागर गर्नु कृतिको सबल उपलब्धि हो ।

समग्रमा, प्रकृति, पर्यावरण र साहित्य साहित्यिक कृति नभई चेतनामूलक दस्तावेजका रूपमा उभिएको छ । यसले साहित्य, प्रकृति र मानव जीवनबीचको त्रिकोणात्मक सम्बन्धलाई प्रस्ट पार्दै वर्तमान पुस्तालाई संरक्षण र सहअस्तित्वको सन्देश दिन्छ । नेपाली साहित्यमा पर्यावरणीय विमर्शलाई सुदृढ बनाउन यो कृति उल्लेखनीय योगदानका रूपमा स्थापित हुने देखिन्छ ।पहिलो भागमा उल्लेख गरिएझैँ बद्रीप्रसाद ढकाल को प्रकृति, पर्यावरण र साहित्य कृतिले समकालीन नेपाली साहित्यमा पर्यावरणीय विमर्शलाई सशक्त आधार प्रदान गरेको छ भने यसको दोस्रो तह अझ व्यापक, व्यवस्थित र दार्शनिक गहिराइले भरिएको देखिन्छ ।

कृतिमा समेटिएका 'प्रकृति र पर्यावरण के हो', 'प्रकृतिवादी साहित्य', 'प्रकृति-पूजन संस्कृति', 'रामायणमा पर्यावरण', 'महाभारतमा पर्यावरण', 'संस्कृत साहित्यमा पर्यावरण', 'नेपाली साहित्यमा प्रकृति चिन्तन', 'पर्यावरणीय चेतना' जस्ता शीर्षकहरू सूचनामूलक अध्याय हुनुका साथै यी सम्पूर्ण विमर्शलाई एकीकृत गर्ने वैचारिक सेतुका रूपमा प्रस्तुत भएका छन् । विशेषतः रामायण र महाभारत जस्ता ग्रन्थमा पर्यावरणीय सन्तुलन, प्रकृति-पूजन र मानव-प्रकृति सम्बन्धलाई लेखकले पुनर्पाठ गरेका छन्, जसले प्राचीन ग्रन्थहरूलाई आधुनिक पर्यावरणीय दृष्टिले पुनर्मूल्याङ्कन गर्ने प्रयासलाई पुष्टि गर्छ। लेखकले प्रकृतिलाई बाह्य दृश्य होइन, मानव अस्तित्वको मूल तत्वका रूपमा परिभाषित गर्नुभएको छ । जन्मदेखि नै प्रकृतिसँग उसको अविच्छिन्न सम्बन्ध रहन्छ । हावापानी, भू-परिस्थिति र वातावरण जति जीवनका आधार हुन्, त्यत्तिकै साहित्यका प्राणतत्व पनि हुन् भन्ने स्थापना कृतिमा स्पष्ट रूपमा पाइन्छ । यसरी जीवन र साहित्य दुवैमा प्रकृति-पर्यावरणको अनिवार्यता देखाउँदै लेखकले 'प्रकृति बिना साहित्यको जीवन्तता सम्भव छैन' भन्ने निष्कर्षलाई थप प्रौढ बनाउनुभएको छ ।

यस कृतिको अर्को महत्वपूर्ण पक्ष यसको तुलनात्मक र ऐतिहासिक दृष्टि हो । प्राचीन वैदिक साहित्यदेखि लिएर संस्कृत र नेपाली साहित्यसम्म प्रकृति र पर्यावरणको प्रयोग कसरी हुँदै आएको छ भन्ने कुरा लेखकले सप्रमाण प्रस्तुत गर्नुभएको छ । यसले पाठकलाई अतीतको जानकारी मात्र दिँदैन, वर्तमानमा पर्यावरणीय संकटबीच साहित्यको भूमिका कस्तो हुनुपर्छ भन्ने प्रश्नतर्फ पनि सचेत बनाउँछ ।

कृतिमा समाविष्ट 'साहित्य र पर्यावरण', 'प्रकृतिवाद', 'प्रकृतिवादी साहित्य', 'साहित्यमा प्रकृति प्रेम', 'उत्तर आधुनिकता र समालोचना सिद्धान्त' जस्ता शीर्षकहरूले यस पुस्तकलाई परम्परागत अध्ययनमा सीमित नराखी

आधुनिक सैद्धान्तिक धरातलमा पनि उभ्याएका छन् । विशेषतः उत्तरआधुनिक सन्दर्भमा पर्यावरणीय विमर्शलाई जोड्दै लेखकले साहित्यलाई सौन्दर्यबोधको माध्यम नभई चेतनामूलक हस्तक्षेपका रूपमा प्रस्तुत गरिएको छ ।

यसरी हेर्दा, प्रकृति, पर्यावरण र साहित्य कृति प्रकृतिको वर्णन गर्ने ग्रन्थ होइन; यो मानव-प्रकृति सम्बन्धको दार्शनिक, सांस्कृतिक र साहित्यिक विश्लेषण हो । यसले हाम्रा प्राचीन ग्रन्थहरूदेखि आधुनिक साहित्यसम्मको निरन्तरतामा पर्यावरणीय चेतनाको प्रवाहलाई देखाउँदै आजको पुस्तालाई जिम्मेवारीबोध गराउने काम गरेको छ ।

समग्रतः, यो कृति नेपाली साहित्यमा पर्यावरणीय समालोचनाको एक गहकिलो, अनुसन्धानमूलक र विचारोत्तेजक योगदानका रूपमा स्थापित भएको देखिन्छ, जसले साहित्यलाई जीवन, प्रकृति र भविष्यसँग जोड्ने एउटा सशक्त सेतु निर्माण गरेको छ ।

वैदिक जगत् र प्रकृतिः लेखकले प्राचीन साहित्यको स्रोत मानिने वेद, पुराण र वैदिक साहित्यलाई आधार मानेर प्रकृति चर्चाको इतिहास खोतल्नुभएको छ । हाम्रा आदिम ग्रन्थहरूमा प्रकृतिको जति गहिरो र व्यापक चर्चा अन्यत्र कतै नभएको कुरालाई कृतिमा अनुसन्धानमूलक ढङ्गले प्रस्तुत गरिएको छ ।पञ्चतत्वको महत्वः पृथ्वी, जल, वायु, आकाश र अग्निको सन्तुलन नै जीवनको आधार हो । यी पञ्चतत्वको विविध अवस्था र तिनले मानव जीवनमा पार्ने प्रभावका बारेमा कृतिले सूक्ष्म विश्लेषण गरेको छ ।

साहित्यमा प्रकृतिको अनिवार्यताः लेखकको स्पष्ट मान्यता छ कि प्रकृतिको चित्रणबिना कुनै पनि लेखनले मूर्त रूप लिन सक्दैन । प्रेम होस् वा पीडा, सुख होस् वा दुःख-हरेक मानवीय संवेगलाई अभिव्यक्त गर्न हिमाल, पहाड, नदीनाला र वनस्पतिको सामीप्य अनिवार्य हुन्छ । प्रकृतिबिनाको साहित्य सिर्जनाको कल्पना गर्नु व्यर्थ हुने ठम्याइ लेखकको छ ।

बद्रीप्रसाद ढकालले प्रकृतिको गुणगान मात्र गाउनुभएको छैन । वर्तमान समयमा भइरहेको प्राकृतिक दोहनप्रति सचेत गराउनुभएको छ । जस्तो कि- 'हामीले पर्यावरणलाई विथोल्न खोज्यौँ, वनजङ्गल सखाप पार्यौँ र खोलाको बहाव रोकेर घर बनाउन थाल्यौँ भने प्रकृतिले विध्वंसको रूप लिन्छ ।' यस कृतिले साहित्यका माध्यमबाट प्रकृतिलाई जस्ताको तस्तै (यथास्थितिमा) बचाई राख्नुपर्ने आवश्यकतामा जोड दिएको छ । हाम्रा पुर्खाहरूले साहित्यमार्फत कसरी प्रकृतिको संरक्षण र संवर्द्धन गरेका थिए भन्ने कुरालाई लेखकले निकै सुन्दर र सन्देशमूलक ढङ्गले व्याख्या गर्नुभएको छ ।

समग्रमा, 'प्रकृति, पर्यावरण र साहित्य' एक अनुसन्धानमूलक र सूचनामूलक कृति हो । यसले पाठकलाई आफ्ना पुर्खाहरूको गौरवशाली प्राकृतिक चेतनासँग जोड्नुका साथै वर्तमानको वातावरणीय सङ्कटप्रति जिम्मेवार बन्न प्रेरित गर्छ । बद्रीप्रसाद ढकालको यस कृतिले नेपाली साहित्यमा 'पर्या-साहित्य' को गरिमालाई थप उचाइमा पुऱ्याएको छ । साहित्यमार्फत प्रकृति संरक्षणको वकालत गर्ने यो पुस्तक हरेक पाठकका लागि सङ्ग्रहणीय र मननीय साहित्य र पर्यौवरणको कृति हो ।

# 'यात्राको लय' नियात्रा कृतिमा प्रदीप सापकोटाको जीवन चिन्तन



– छविरमण सिलवाल

कानुन तथा पर्यटन क्षेत्रमा आबद्ध प्रदीप सापकोटा नेपाली साहित्यमा नियात्रा, निबन्ध, कविता, मुक्तक तथा समीक्षा लेखनीसँगै मुलधारको पत्रकारितामा पनि अत्यन्त सक्रिय सर्जक हुन् । उनका यात्राका इन्द्रेणी रङ (नियात्रासङ्ग्रह-२०७७), मनको वारपार (मुक्तकसङ्ग्रह-२०७८) र यात्राको लय (नियात्रासङ्ग्रह-२०८१) प्रकाशित छन् । २०८२ मा यात्राको लय दोस्रो संस्करण पुनः प्रकाशित भएको छ । वर्तमान अवस्थामा साहित्यिक कृति दोस्रो संस्करणसम्म पुग्नु वास्तवमै खुसीको कुरा हो । पछिल्लो कृति यात्राको लयभित्र कस्ता लय मिलाएका छन् भन्ने जिज्ञासा धेरैलाई हुन्छ । मलाई पनि त्यो जिज्ञासा थियो, त्यही जिज्ञासालाई शान्त पार्नको लागि यात्राको लयमा लय मिलाउने प्रयत्न गरिरहेको छु ।

जीवन, समाज र मानवीय संवेदनासँग अत्यन्त नजिक रहेर सिर्जना गर्न रुचाउने प्रदीप सापकोटाको पछिल्लो समयमा साहित्यिक संघसंस्थाहरूमा बाक्लै उपस्थिति देखिन्छ । उनी सुनकोसी वाङ्मय प्रतिष्ठानका महासचिव तथा नेपाल स्रष्टा समाजको कार्यसमिति सदस्यका रुपमा साहित्यको सेवामा पनि तल्लिन छन् । सानै देखि साहित्य लेख्ने, पढ्ने तथा पुस्तक सङ्कलन गर्ने बानीले उनको सहित्य निकै उर्वर भएको देखिन्छ । साहित्य लेखनमा उनको नियात्रा तथा निबन्धहरूमा विशेष रुचि रहको देखिन्छ। प्रकाशित तीनकृति मध्ये दुई कृति नियात्राकै हुनुले पनि उनको रुचि नियात्रा लेखनमा बढि नै रहेको कुरा पुष्टि हुन्छ ।

'कतै उकालोमा पसिना पुछ्दै त कतै ओरालोमा चिप्लेटी खेल्दै यात्रा गरेँ । सशस्त्र द्वन्द्वको चपेटामा सलह जस्तै फैलिएको 'क' श्रेणीको जिल्ला बागलुङमा सङ्कटले आँगन भरिएको थियो । मेरा कैयन खतरनाक कहरपूर्ण पलहरू गुज्रिएर गए । ती असली पात्रहरूको कारण सङ्कटका घोच्ने काँडा पनि सजिलै पोल्न सकेँ मैले । ति पलहरू वर्षातमा कालीगण्डकी नदीमा आउने छाल जस्तै खुसीका उत्ताल छालहरू आउँछन् अहिले नि मनमा ।'

यात्राको लयमा लयबद्ध भएका प्रदीपजीका यी शब्दहरूले पक्कै पनि ती यात्राहरू सजिला थिएनन् भन्ने देखाउछ। जीवनलाई नै दाउमा राखेर जागिरका

शिलशिलामा भएका यात्राहरू अहिले रमाइलो मानेको देखिन्छ । हुनतः काँडा विचमा फुल्ने फूलको सौन्दर्य मनमोहक लाग्छ । यात्राका लय भित्रका नियात्राहरू पनि मनमोहक लाग्छन् । स्वदेश भित्रकै नियात्राहरूको बाहुल्यता रहेका यात्राका लयमा छिमेकी देश भारतका दुई नियात्रा समेत पढ्न सकिन्छ । पुस्तक पढ्दै जाँदा लाग्यो दोस्रो संस्करण त्यतिकै भएको होइन रहेछ । यात्राका लयमार्फत जीवनका लयहरू लयवद्ध देखिएका छन् । जीवन भन्नु नै एउटा यात्रा रहेछ । यो यात्रामा हामी लयवद्ध भएका छौँ । कोही शब्दमार्फत लय बनाउँछन् त कोही यात्रा गर्दा गर्दै गुमनाम बन्छन् । शब्दका चौतारी निमार्ण गरेर समाजका विविध आयामहरूलाई उजागर गरेका यात्राका लयभित्रका  नियात्राहरू अत्यन्तै पठनीय छन् ।

यात्रा जीवनको सौन्दर्य हो । मान्छेहरूको मन जोड्ने माध्यम पनि हो । नियात्रामार्फत हामी नपुगेका, नदेखेका ठाउँहरूको बारेमा जान्न, बुझ्न र मनन गर्न सकिन्छ । यात्राका लयमार्फत पनि जीवनका सौन्दर्यलाई नजिकबाट मनन गर्न सकिन्छ । त्यो क्रुर समयका बारेमा उनी लगायत सबैले भोगेका भोगाईहरू ताजा बन्दछन् । 'सकसपूर्ण यात्राको सुखद उत्कर्ष' शीर्षकले नै यात्राका बारेमा सुखद उत्कर्षका यादहरूलाई ताजा बनाएका दृश्यहरु यात्राको लयमा भेटिन्छन् । उनी जहाँजहाँ पुग्छन्, त्यस ठाउँको बारेमा सुन्दर वर्णन गर्छन यानी ति ठाउँहरू देख्दा कहीँ मन दुखाउछन् त कतै मोहित हुन्छन् । शीतलपाटीमा पाएको मायाले पुलकित हुन्छन् । प्रदीपले कहीँ एक्लै कहीँ साहित्यक मित्रहरूसँग तथा कहीँ कार्यरत संस्थाका व्यक्तिहरूसँगको सहकार्यमा भएका यात्राहरूलाई यात्राको लयमा लयवद्ध गरेका छन् ।

'आछुछु ! कति चिसो के । करिब पाँच सय मिटरअघि आइपुग्दा त चिसो सिरेटो ! तर चिसोको उत्ताल तरङ्गमा पनि रमाएको छ मन । सिन्धुलीगढीको प्रवेशद्धार छोडेर हामी तलतिर झर्छौँ । सेल्फी डाँडा । सेल्फी खिच्ने एक हुल ठिटाठिटीहरूको भिड । एक छेउमा बसेर नुन खुर्सानी दलेर अघि किनेको काक्रो खायौँ । सेल्फी डाँडाको अपमान होला भनेर हामी तीन भाइले केही फोटो खिच्यौँ ।' यात्राको सौन्दर्य भनेकै यही हो, उनले सेल्फी डाडाँमा फोटो खिच्ने प्रसङ्गमा प्रस्तुत भएका यी हरफहरूले नियात्रालाई सुन्दर मनमोहक बनाएका छन् । त्यही बाटो भएर कैयौ यात्रीहरू हिँडिरहेका छन् । सेल्फी पनि खिचेकै छन्, यस्ता लेखहरूले त्यो ठाउँको सौन्दर्य बढाएको छ ।

'मुसुक्क मुस्कुराउँछ पारि चाक्लो बस्तीसहित उभिएकी बिहुँडाँडा ।' यस्ता सुन्दर प्रस्तुतिहरू यात्राका लयमा प्रशस्त भेन्छिन् । सरलतामा गम्भीर प्रस्तुतिले नियात्राको सौन्दर्य मात्र बढाएको छैन पठनीय पनि बनाएको छ । प्रकृतिका सुन्दर चित्रणले प्राकृतिक सौन्दर्यतालाई न्याय गरेको पनि छ । त्यसकारण पनि यात्राको लय जीवनसँग गाँसिएको सुन्दर चित्र हो, जहाँ मान्छेहरु निस्फिक्री मोहित

हुन पुग्छन् । यात्राको लयमा सत्र ओटा नियात्रा रहेका छन् । नक्सलवाडी हुँदै 'टाइगरहिलमा बरालिँदा' र 'दार्जीलिङ हुँदै मिरिकसम्म' यी दुई नियात्राहरूले छिमेकी देश भारतका बारेमा जानकारी दिन्छन् र अन्य पन्ध्र शीर्षकका नियात्राहरू स्वदेशभित्रैका रहेका छन् ।

प्रदीपका नियात्रामा पाइने मुख्य कुराहरूमा स्वमन्थन, पुगेको स्थानहरूका बारेमा सुन्दर प्रस्तुति, सरलतामा गम्भीर प्रस्तुति, बौद्धिक पक्षको बाहुल्यता तथा इतिहासको उत्खनन् आदि रहेका छन् । लेखक पनौति नगरपालिकामा कानूनी सल्लाहकार रहेको समयमा त्यही बेला मकरमेलाको प्रचारमा पुगेका नेपालका धेरै स्थानहरूका बारेमा यात्राको लयमा पढ्न सकिन्छ । साहित्यिक यात्राका सौन्दर्य तथा जागिरका शिलशिलामा पश्चिम नेपालमा पुग्दाका अनुभूति पनि यहाँ पढ्न सकिन्छ । राष्ट्र र राष्ट्रियताप्रति एउटा जिम्मेवार नागरिकको भूमिकामा तथा स्वदेशका विभिन्न स्थाहरूमा पुग्न नसकेका व्यक्तिहरूले यात्राको लय पढ्नु भएमा अवश्य पनि जाँउ जाँउ लाग्ने कौतुहलता हुन्छ । नियात्राहरू मुलतः पहाड र तराईको विभिन्न क्षेत्रका बारेमा लेखिएका छन् । हिमाली क्षेत्रका बारेमा एउटा नियात्राले प्रतिनिधित्व गरेको छ । यसकारण पनि हिमाल, पहाड र तराईका विविधतासँग रमाउन सकिने यी नियात्राहरू यो समयका शक्तिशाली यात्रा संस्मरण हुन् भन्न सकिन्छ । पर्यावरण र संस्कृतिका हिसावले पनि नियात्राहरूले न्याय गरेको देखिन्छ । नेपालको प्रतिष्ठित प्रकाशन संस्था भुँडिपुराण प्रकाशनद्वारा प्रकाशित यात्राको लय वास्तवमा जीवनका सुन्दर लयमा वान्की मिलाउन सफल नियात्राका रुपमा लिन सकिन्छ । यसका लागि प्रदीपजी बधाईका पात्र बनेका छन् ।



# बोधराज पौडेलका निबन्धमा अस्तित्वको अन्वेषण र युगीन विद्रूपताको चिरफार



– जयराम बिडारी

कवि तथा पत्रकारका रूपमा परिचित बोधराज पौडेल नेपाली साहित्यमा निबन्धसङ्ग्रह 'धमिराको देवल' का साथ पुनः उपस्थित भएका छन् । यसअघि ' बगर र काँसहरू' (कवितासङ्ग्रह) तथा 'सोकेसको ऐना' (निबन्धसङ्ग्रह) मार्फत आफ्नो परिचय स्थापित गरिसकेका उनले यस नवीन कृति मार्फत नेपाली निबन्धको आधुनिक कालखण्डमा एक विशिष्ट वैचारिक शिल्पकारका रूपमा आफूलाई उभ्याएका छन् ।

उनका निबन्धहरूमा केवल शब्दका संयोजन मात्र नभएर मानवीय अस्तित्व, प्रकृतिको रहस्य र समसामयिक राजनीतिका अन्तर्सम्बन्धहरूको सूक्ष्म विश्लेषणका रूपमा प्रस्तुत भएका पाइन्छन् । पौडेलको लेखनमा एकातिर पूर्वीय दर्शनको अद्वैत चेतना र शान्ति झल्किन्छ भने अर्कोतिर पश्चिमी अस्तित्ववादी चिन्तनको समेत छनक पाइन्छ । उनले आफ्ना रचनामार्फत समाजको बाह्य स्वरूप र मानिसको आन्तरिक शून्यताबीचको खाडललाई उच्च साहित्यिक लेपनका साथ प्रस्तुत गरेका छन् । उनका हरेक निबन्धले पाठकलाई भौतिकवादको कोलाहलबाट अलग्याएर आत्म-साक्षात्कारको मियोमा उभ्याउने सामर्थ्य राख्छन । ' शीतबिन्दुमा मोतीको चमक' मा उनले प्रकृतिको एउटा सानो अवयवलाई जीवनको विशाल सत्यसँग जोडेका छन् । बिहानीको शीतको थोपामा जब सूर्यको किरण पर्छ, तब त्यो मोतीझैँ चम्किन्छ । तर, त्यो चमक क्षणिक हुन्छ । घामको ताप बढ्दै जाँदा शीतको अस्तित्व बिलाएर जान्छ । पौडेलले यसै विम्बमार्फत मानिसको भौतिक सुख र अहंकारको आयु निकै छोटो छ भन्ने सन्देश दिएका छन् । मानिसले आफ्नो जीवनलाई स्थायी ठानेर जुन वैभवको घमण्ड गर्छ, त्यो अन्ततः शीतको थोपाझैँ विलीन हुने शाश्वत सत्यलाई यस निबन्धमा बडो मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् ।

समयको अनवरत गतिशीलतालाई पौडेलले 'समय चक्र' मा दार्शनिक ढङ्गले केलाएका छन् । उनले प्रकृतिको परिवर्तनशीलतालाई सर्पले काँचुली फेर्ने प्रक्रियासँग तुलना गर्दै मानिसको अनुकूलन क्षमताको चर्चा गरेका छन् । समय स्थिर छैन र यसले कसैको प्रतीक्षा गर्दैन । जीवन एक निरन्तर प्रवाह हो,

जहाँ पुराना मान्यताहरू भत्किन्छन् र नयाँ पालुवाहरू पलाउँछन् । पौडेलका अनुसार जो मानिस समयको गतिसँगै आफूलाई परिमार्जन गर्न सक्दैन ऊ इतिहासको गर्तमा हराउँछ । यस निबन्धले नियति र मानवीय प्रयत्नबीचको द्वन्द्वलाई केलाउँदै जीवनलाई एउटा अर्थपूर्ण खोजको रूपमा व्याख्या गरेको छ ।

लेखकले 'अन्तर मनको आँधी' मार्फत मानव मनको अँध्यारो र अशान्त तहलाई उजागर गरेका छन् । बाहिरबाट सौम्य र शान्त देखिने मानिसभित्र कुण्ठा, रहर र संवेगको कति ठूलो आँधी चलिरहेको हुन्छ भन्ने कुरालाई उनले मनोवैज्ञानिक गहिराइमा पुगेर चित्रण गरेका छन् । त्यस्तै, 'लुप्त मनले उघाएको तृष्णा' मा उनले मानवीय चाहनाहरूको अनन्त भोकमरीलाई प्रस्तुत गरेका छन् । मानिस जति पाउँछ, उति नै अतृप्त बन्दै जान्छ । यो तृष्णा नै दुःखको मूल कारण हो भन्ने बुद्धत्वको आभास यहाँ पाइन्छ । भौतिक वस्तुको सङ्ग्रहले मानिसको भित्री रित्तोपन कहिल्यै भरिँदैन भन्ने वैचारिकताले यी निबन्धहरूलाई ओजिलो बनाएको छ ।

सामाजिक र राजनीतिक विसंगतिमाथि पौडेलको कलम जति निर्मम छ, उति नै कलात्मक पनि छ । 'भर्नुस् भर्नुस् चौरासी आइपुग्यो' निबन्धमा सार्वजनिक यातायातको एउटा कष्टकर यात्रालाई देशको समग्र बेथिति र भ्रष्टाचारको रूपक बनाएका छन् । "सिंहदरबार गाउँगाउँमा पुग्यो" भन्ने नाराको खोक्रोपन र जनताले भोग्नुपरेको सास्तीलाई उनले व्यङ्ग्यात्मक शैलीमा उतारेका छन् । चौरासी किलोमिटरको यात्रा र मानिसको अन्तिम उमेर (चौरासी पूजा) लाई एकाकार गर्दै उनले देशको भविष्यप्रति चिन्ता व्यक्त गरेका छन् । यो निबन्धले हाम्रो शासन व्यवस्थाको लाचारी र कर्मचारीतन्त्रको ढिलासुस्तीलाई नराम्ररी नङ्ग्याइदिएको छ ।

पौडेलले 'दियो' को विम्ब प्रयोग गरेर बौद्धिक जगतमा विद्यमान दोहोरो चरित्रमाथि प्रहार गरेका छन् । दियोले संसारलाई उज्यालो दिन्छ, तर आफ्नै मुनि अँध्यारो बोकेको हुन्छ । यसैगरी, समाजमा ज्ञान बाँड्नेहरू धेरै छन्, तर त्यो ज्ञानलाई आफ्नै आचरणमा उतार्नेहरू निकै कम छन् । "ज्ञान बाँड्न सजिलो छ, तर स्वयम् ज्ञानी हुनु कठिन छ" भन्ने सत्य पस्कँदै उनले आत्म-सुधारमा जोड दिएका छन् । यो निबन्धले समाजका कथित ठुला मानिसहरूको मुखुण्डो उतार्दै पाठकलाई वास्तविक मानवीय मूल्य र नैतिकताको खोजी गर्न प्रेरित गर्दछ ।

बोधराज पौडेलका निबन्धहरूको अर्को सबल पक्ष भनेको उनको भाषा र शिल्प हो । उनले छोटा तर चोटिला वाक्यहरूको प्रयोग गरेका छन्, जसले सिधै पाठकको हृदयमा प्रहार गर्छन् । उनका रचनामा तत्सम शब्दहरूको बाहुल्यता भए तापनि ती क्लिष्ट लाग्दैनन् । उनले विम्ब र प्रतीकहरूको यस्तो सटिक प्रयोग गरेका

छन् कि सामान्य घटना पनि गम्भीर दर्शनमा रूपान्तरण हुन्छन् । गद्यमा कवितात्मक लय र विचारमा दार्शनिक गहिराइ पाइनु उनको लेखनको मौलिक विशेषता हो । उनी विषयको विविधता र प्रस्तुतिको नवीनतामा निकै सचेत देखिन्छन् ।

समग्रमा, बोधराज पौडेलका निबन्धहरू आधुनिक नेपाली साहित्यका अमूल्य निधि हुन् । उनले आफ्ना रचनामार्फत मानिसलाई भौतिक लोभ, राजनीतिक आडम्बर र देखावटीपनबाट माथि उठ्न आह्वान गरेका छन् । प्रकृतिको काखबाट सुरु भएको उनको चिन्तन यात्रा राजनीतिक कुरूपताको जङ्घार तर्दै मानवीय मूल्यको खोजीमा टुङ्गिएको छ। उनका निबन्धले पाठकलाई एउटा असल नागरिक मात्र होइन, एउटा असल मानिस बन्ने प्रेरणा दिन्छन् । स्व-बोध नै संसार परिवर्तनको पहिलो खुड्किलो हो भन्ने उनको सन्देश आजको संक्रमणकालीन समाजका लागि झनै सान्दर्भिक बनेको छ ।

अन्त्यमा, नेपाली साहित्यको भण्डारलाई अझ समृद्ध तुल्याउने यस्ता नवीनतम साहित्यिक खुराकहरूको निरन्तर अपेक्षा राख्दै निबन्धकारलाई अझ असल कृतिका लागि शुभेच्छा ।




सिन्धुपाल्चोक जिल्लाको मध्य भोटेकोशी जलविद्युत आयोजना सफलतापूर्वक निर्माण सम्पन्न गरी संचालनमा ल्याउन सहयोग गर्नु भएका सबै पक्ष प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

MBK JCL

मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.
फोनः ०१-४७२१६४१, ०१-४७२१६४२
महाराजगञ्ज, काठमाण्डौं ।
वेबसाइटः www.mbjcl.com.np

# ‘चमत्कृति’ नाट्य कृतिमा कृतिकार रामप्रसाद ढुङ्गेलको उपस्थिति



– तेजविलास अधिकारी

‘चमत्कृति’ एकाङ्कीसङ्ग्रह (२०८२) राममणि ढुङ्गेलको पछिल्लो साहित्यिक कृति हो । एक दर्जनको हाराहारीमा साहित्यिक कृतिहरूको लेखन र प्रकाशन गरिसकेका ढुङ्गेलले साहित्यलेखनमा काव्य, आख्यान र नाटक विधामार्फत् महत्वपूर्ण योगदान पुऱ्याएका छन् । २०१३ सालमा जन्मिएका राममणिले २०३४ सालदेखि आफ्नो प्रतिभालाई बाहिर ल्याएको देखिन्छ । कथा रचनाबाट साहित्य प्रवेश गरेका ढुङ्गेलले निबन्ध, एकाङ्की प्रकाशित गरेर साहित्यिक गोरेटोमा निरन्तर यात्री बन्ने कार्य गरिएका छन् । २०५१ सालमा अनुसन्धान कर्ममा जोडिएर थप ऊर्जा प्राप्त गरेका राममणिले २०८३ मा साहित्यलेखन पाँचदशक र नाटकलेखनको तीन दशक पूरा गरेका ढुङ्गेल आफ्नै नाट्य रचनाको नवीन मोडमा उभिएका छन् । मूलतः काव्य रचना र आख्यान रचनामा रमाइरहेका ढुङ्गेल पुनः नाट्य रचनातर्फ फर्केको प्रमाण ‘चमत्कृति’ एकाङ्कीसङ्ग्रहले प्रस्तुत गरेको छ ।

नेपाली साहित्यमा नाट्य विधाको विकास र विस्तार दुई ढङ्गले भएको देखिन्छ । पहिलो पाठ्यपुस्तकमा समावेश गर्ने र देखाउनका लागि देखाइने जस्ता नाटकहरूले एउटा वर्गका लेखकीय कर्मलाई वैधता प्रदान गरेको छ । दोस्रो खालका नाटकहरू जसले नेपाली समाजलाई नाटकका माध्यमबाट निरन्तर प्रगतिको पथ सङ्घर्षको साधनाले निर्माण गर्न उत्साहित गरिरह्यो त्यस्ता नाटकका पक्षमा देखिएका छन् नाटककार राममणि ढुङ्गेल । आफ्नो साधनालाई निकै सुझबुझपूर्ण ढङ्गले नाटक विधामा पोखेर सिङ्गो सङ्ग्रह नै तयार गर्ने उनको अठोटले ‘चमत्कृति’ जन्मिएको छ । ‘चमत्कृति’ एकाङ्कीहरूको सङ्कलन हो । यस सङ्ग्रहभित्र जम्मा एघार ओटा एकाङ्कीहरू सङ्गृहीत रहेका छन् । एघार ओटा एकाङ्कीहरूमध्ये जम्मा ६ ओटा एकाङ्कीहरू क्रमशः ‘मर्यादा’ (२०४१), ‘सिमाना’ (२०५३), ‘आशा’ (२०५५), ‘मुक्ति’ (२०६०), ‘गोरेटो’ (२०७२) र ‘महोत्साह’ (२०७३) प्रकाशित भएका एकाङ्कीहरू हुन् । सङ्ग्रह भित्रका

पाँच ओटा एकाङ्कीहरू पहिलोचोटि सङ्ग्रहभित्र प्रकाशित सन्दर्भमा उनका रचनाहरूले आफ्नो विगतलाई समेत चुनौतीपूर्ण प्रश्नको घेरामा राखेझैँ लाग्दछ । जब कुनै एउटा स्रष्टा प्रश्न गर्न डराउँदैन र प्रश्नबाट भाग्दैन त्यसले साहित्यमार्फत् असल विचार जन्माउन मद्दत पुऱ्याउँछ । यस हिसाबले हेर्दा राममणि ढुङ्गेल आफ्नो विस्मृतिमा पुगेको नाटक साधनालाई जगाउन र देखाउन सफल भएका छन् ।

नेपाली साहित्यमा पठन संस्कृतिको पाटोलाई हेर्ने हो भने पाठ्यपुस्तकमा समावेश पाठहरूमात्र विद्यार्थीको सूचनामा रहने परम्परा नयाँ होइन । पहुँच र प्रभावको आधारमा राखिने पाठहरूले मूलधारको राजनीति मान्यतालाई पछ्याउने र प्रशस्ति गायनमा मद्दत पुऱ्याउने कर्ममा मलजल गरेका छन् । यस हिसाबले हेर्दा एकाङ्कीकार राममणि ढुङ्गेलको नाम साहित्य इतिहास लेखनमा खासै पढ्न पाइँदैन । यही तीतो परिवेश र विरासतलाई तोड्न उनले आफ्नो उषाकालीन कृति प्रकाशनको यात्रालाई जोड्ने गरी 'चमत्कृति' एकाङ्कीसङ्ग्रह बजारमा ल्याएका छन् ।

राममणि ढुङ्गेल एकाङ्कीहरू विषयका हिसाबले सामाजिक, पौराणिक, ऐतिहासिक सन्दर्भसँग जोडिएको पाइन्छ । नेपाली समाजको विविध विषयवस्तुलाई विज्ञानको आँखाले हेर्न खोज्नु उनको बलियो पक्ष हो । उनले साझा समस्यालाई समाधानको कोणबाट विषयमार्फत् पेश गरेका छन् । उनका नाटकको रङ्गमञ्चीय पक्ष भने केही जटिल रहेको देखिन्छ । पाठ्य रचना मात्र बनेर नाटकले आफूलाई बचाउन नसक्ने सत्यलाई स्वीकार गर्दा उनको एकाङ्कीहरू केही जटिल देखिन्छन् । एउटै नाटकमा पूर्व र पश्चिमका नाट्य विधिहरूलाई प्रयोग गर्न खोज्दा यहाँ असहजता बोध हुन्छ । पात्र चयनमा पाश्चात्य शैली र सन्देशमा पूर्वीय अपेक्षाले द्वन्द्वविधानमा केही शिथिलता उत्पन्न भएको देख्न सकिन्छ ।

सिमाना, गोरेटो, आशा, मुक्ति, समाजवाद जस्ता नाटकले शीर्षकअनुरूप जे गहनता बोक्नुपर्ने हो र विचार पक्षलाई समात्नु पर्ने हो त्यहाँ केही फितलोपन देखिन्छ । लेखक नेपाली समाजको वर्गलाई केलाउन सक्ने क्षमता राख्छन् तथापि वर्ग विश्लेषणमा वर्गद्वन्द्व र वर्गपक्षधरतालाई कलामूल्य दिन चुकेका छन् । 'मुक्ति' एकाङ्कीमा नारी पात्रको मुक्ति कसरी हुने हो ? अनिच्छित गर्भधारण र त्यसबाट पाउने छुटकारालाई नै सारमा मुक्ति भन्न मिल्ला र ! पाठकको मनमा प्रश्न खडा हुन्छ । त्यसैगरी 'समाजवाद' एकाङ्कीले समाजवाद शब्दको गरिमा र समाजवाद प्राप्तिको यात्रालाई पटक्कै ध्यान दिन सकेको छैन । नाटकले विषयको गम्भीर पक्षलाई भन्दा व्यङ्ग्यमार्फत् केही भन्न खोज्नु पाठकलाई आकर्षित गर्न नसक्नु हो ।

प्रत्येक एकाङ्की एउटा नाटकले

बोक्ने विषय लिएर उभिएझैँ लाग्दछ । पाठ्यमात्र प्रस्तुत गर्दा नाटकको महत्व स्वभाविक कमजोर देखिन्छ, त्यसलाई कलाको सहायताले रङ्गमञ्चमा प्रस्तुत गर्दा दर्शकमा पार्ने प्रभाव निकै सघन बन्न सक्छ । एकाङ्कीहरूभित्र रहेका सूचनालाई हेर्दा एघार ओटै एकाङ्की मञ्चन हुन पाएका छैनन् । रङ्गमञ्चीय सिद्धान्तसहित लेखिएका एकाङ्कीहरूले राखेको अपेक्षा र अँगालेको विषय भने स्पष्ट छ ।

लामो समय सामाजिक गतिविधिमा संलग्न हुने समाजको अतल गहिराइ छामेका राममणि ढुङ्गेल आजको तीव्र गतिमा प्रतिनिधि केन्द्रित युग र लघु सिर्जना विधाको लहरमा पनि एउटा एकाङ्की एउटा नाटकको विषयवस्तु र त्यससँग सम्बद्ध अपेक्षासहित उपस्थित हुनु स्वागतयोग्य कुरा हो । यस्तो लाग्छ कि अझै छोटा संवादको प्रयोग गर्न सकिन्थ्यो । पात्रहरूको परिचय पक्षलाई व्यवस्थित गर्न सकिन्थ्यो । विषयको गरिमालाई थप गहिराइमा पुऱ्याउन सकिन्थ्यो । 'सिमाना', 'गोरेटो' जस्ता नाटकहरूले यही भनेझैँ लाग्दछ । ' महोत्साह' जस्ता नाटकका पात्रहरूको परिचय व्यवस्थित छ तर पात्रको संवाद अलि लामो रहेको छ । नाटकभित्र आख्यान पनि हुन्छ तथापि त्यसलाई प्रस्तुत गर्नका लागि अभिनय पक्ष आवश्यक हुने भएकाले लामा संवादले कलाकारलाई कलामा उतार्न र दर्शकलाई विषयबोध गर्न पनि कठिन हुन्छ । पात्र प्रतापको संवादले विषयको गहन पक्षलाई सजिलो ढङ्गबाट पेश गरेको भए अझ प्रभावकारी हुने थियो । प्रबोध, प्रधिक, प्रखर, प्रकाशी जस्ता ' प्र'बाट आउने पात्रहरूको उपस्थितिले विषयबोधमा भन्दा पात्र स्मरण गर्न कठिन तुल्याएको छ ।

'चमत्कृति' एकाङ्कीसङ्ग्रहको भूमिकाकार हरिप्रसाद सिलवालले भनेजस्तै अलि धेरै क्षेत्र चर्चिन खोज्दा प्रगतिशील चेत निर्माणमा भन्दा विसङ्गत विचारको पस्काइमा नै एकाङ्कीकार अलमलिन बाध्य हुनु परेको छ । नेपाली साहित्यमा पछिल्लो समय केही पछाडि परेको नाट्य विधालाई प्राथमिकता दिँदै समाजका विविध पक्ष र पाटामा गाँठा परेका विषयलाई उजागर गर्ने पवित्र उद्देश्य राखेर एकाङ्कीहरू लेखनु सबैभन्दा स्वागतयोग्य विषय हो । कविता, कथालगायत विधामा समेत परिवर्तनको अपेक्षा राखेर सामाजिक विषयलाई उच्च प्राथमिकता दिने ढुङ्गेलको 'चमत्कृति'ले मञ्चीय पक्षको अपेक्षा गर्दछ । प्रभावशाली कलाकार र अपेक्षित रङ्गमञ्चको प्राप्तिमा यस कृतिको चमत्कृति स्वतः पुष्टि हुन्छ ।

विषयको मिसावट, शैलीको विविधता र पात्रमा पोखिनको हतारो जस्ता लिखित स्वरूपका कमजोरीलाई अभिनय पक्ष र रङ्गमञ्चले सुधार्न सपार्न सकिने शक्तिसहित चमत्कृति एकाङ्कीसङ्ग्रह प्रकाशनमा आउनु स्वागतयोग्य हो ।

# गोविन्दराज भट्टराईको 'मणिपुरको चिट्ठी' कृतिभित्र अभिव्यक्त मानवीय संवेदना



**– नवराज रिजाल**

आजीवन शिक्षण र लेखन प्रकाशन कर्ममा समर्पित गोविन्दराज भट्टराई (वि.स. २०१०) नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । पाँचथरमा जन्मेर झापा बसाईँ सरेका भट्टराई हाल कीर्तिपुर काठमाडौँमा बसोबास गरिरहेका छन् । अहिलेको बसोबास काठमाडौँ भए पनि मनमा जन्मस्थल पाँचथर र गोविन्दराज भट्टराई बनाउन भरमग्दूर प्रयत्न गर्ने झापाप्रति अटुट श्रद्धा र भक्तिभाव देखिन्छ । देशभित्रै सुखसुविधाका लागि पूर्व बासस्थान छाडेर अन्यत्र बसाइँ सरेपछि विगत चटक्क बिर्सनेहरूको जमात ठूलो छ तर तिनीहरूका बीचमा भट्टराई पृथक देखिन्छन् । उनीबाट सिक्नुपर्ने कुरा धेरै भएपनि सबैभन्दा पहिले सिक्नुपर्ने कुरा भट्टराईको माटोप्रतिको श्रद्ध  र भक्ति भाव हो । उनको अझ अर्को विशेषता भनेको प्रेरक व्यक्तित्व हो । सकारात्मक सोच र चिन्तनका साथ प्रेरणा बाँडीरहन्छन् । अङ्ग्रेजी भाषामा विद्यावारिधि गरेका तथा जीवनभर विद्यालयदेखि विश्वविद्यालयसम्म सोही विषयमा पठनपाठन गरेका भट्टराईको भाषा सेवा क्षेत्र चाहिँ नेपाली साहित्य हो । साहित्यका विभिन्न विधा उपन्यास, कथा, निबन्ध, समालोचना र भाषा विज्ञानका क्षेत्रमा कलम चलेको छ । अनुवाद र सम्पादनका क्षेत्रमा पनि सक्रिय उनले नेपाली भाषाका रचनालाई अङ्ग्रेजी र अङ्गेजीका रचनालाई नेपालीमा अनुवाद समेत गरेका छन् । हाल सेवा निवृत जीवन बिताइरहेका भट्टराईमा आज पनि युवा जोश, जाँगर र उत्स ाह उत्तिकै छ । नेपालदेखि भारतसम्मका विभिन्न कार्यक्रमहरूमा दिलोज्याने हिँडिरहेका छन् ।

मणिपुरको चिठी गोविन्दराज भट्टराईको औपन्यासिक कृति हो । साझा प्रकाशनद्वारा २०३४ सालमा पहिलो पटक प्रकाशित (जतिबेला उनी केवल २४ वर्षका थिए) यस कृतिको दोस्रो संस्करण २०५९ मा भएको थियो । प्रस्तुत उपन्यासमा सुशिक्षित पतिद्वारा दैनिक रूपमा हिँसा प्रतिहिँसामा परेकी युवतीको कारुणिक छ । ब्रम्हण कुलकी ती युवतीको पतिले सौता हालेर अन्याय अत्याचार मात्रा बढाउँदै लगेपछि सहन नसकेर मन परेको गाउँकै एउटा दलित युवासँग विवाह बन्धनमा बाँधिएर मणिपुर पुगेकी छन् । पतिको गम्भीर आरोप सन्तान जन्माउन नसकेको

छ । यद्यपि पूर्व पतिले तेस्रो विवाहसम्म गरेका छन् तर तिनीहरूबाट पनि सन्तान जन्मदैनन् । यो घटनाक्रमले पत्नीको कमजोरीले नभएर पतिकै कारण सन्तान नजन्मेका कुराको पोल धेरै पछि मात्र खुल्छ । यता तेस्रो विवाह गर्दा पनि सन्तान नहुनु र उता परित्यक्ता नारीले दोस्रो पतितिरबाट सन्तान पैदा गर्नुले कोख स्वीनीको नभएर लोग्नेकै बाँझो भएको पुष्टि गर्छ । अधिकांश मानिसलाई आफ्नो कमजोरी स्वीकार्न गाह्रो हुन्छ । मबाट पनि गल्ती कमजोरी हुन सक्छन् भन्नेतिर ध्यान पटक्कै जान सक्दैन । यस उपन्यासमा पनि त्यही भएको हो । आफूभित्र पनि कमीकमजारी हुन सक्छन् भन्ने सोच भैदिएको भए धेरै समस्या आफसे आफ समाधान हुन्थे ।

एउटी नारीको सङ्घर्षपूर्ण कथा र सहोदर भाइको स्नेहमा उपन्यास अगाडि बढेको छ । पढ्दै जाँदा हरेक संवेदनशील मनहरू नरसाई छाड्दैनन् । त्यति मात्र नभएर दुख्छन्, घोच्छन्, चहऱ्याउँछन् र छातीमा पीडाका दहहरू जम्छन् । तिनको व्यवस्थापन असाध्यै गाह्रो हुन्छ । त्यसो त जीवन सोचे जस्तो पनि कहाँ हुन्छ र ? हुँदैन । सोच्दै नसोचेको बाटो समेत् हिँड्नु पर्ने हुन्छ । हिँड्नेको छायाँसँग सधैँ अप्ठेरा र असजिला पछिपछि लागिरहेका हुन्छन् । तर उनीहरूलाई त्यसको बोध हुँदैन । हामी बाँचिरहेको समाजको बनोट अलि अप्ठेरो र असजिलो छ । संसारका सबै समाज यो कुराबाट बिलकुल टाढा हुँदैनन् । प्रचलित विश्वास, मूल्यमान्यता र परम्परालाई मन लाग्ने बित्तिकै बदल्न सकिँदैन । त्यस्ता कुरा वर्षौंवर्षका प्रयत्नले निर्माण हुने भएकाले परिवर्तनका लागि पनि लामै समय कुर्नुपर्ने हुन्छ । यस उपन्यासले देखाएको समस्या यस्तै खाले छ । एउटाले चाहँदैमा समाजले वर्षौं अघिदेखि मानिआएको परम्परा बदल्न सकिदैंन । बदल्न त सकिन्छ तर त्यसका लागि समाजका सदस्यहरूको अग्रसरता हुनु आवश्यक छ । कसैको रहर वा लहडमा इच्छामुताबिक बल्न सकिन्न । मानिस सामाजिक प्राणी भएको तथा समाज बाहिर बस्न नसक्ने भएकाले यसको नीति नियम पालना गर्न ऊ बाध्य हुन्छ । यहाँ पनि त्यस्तै भएको हो । मातापिता बाहेक शोभाका दाजुभाइ विपक्षमा छैनन् यद्यपि ती दिदीको विद्रोह गर्न सक्दैनन् । विरोध र विद्रोह फरक फरक कुरा हुन् ।

उपन्यासकी नायिका शोभाको निर्णयबाट मातापिता आक्रोशित छन् । समाजको बनोट, मूल्यमान्यता, परम्परा र प्रचलन यही भएकाले मातापिताको अवस्थालाई अस्वभाविक मान्न पनि सकिँदैन । पूर्वीय सांस्कृतिक परम्परामा मातापिताका वचन सन्तानले शिरोधार्य गर्ने प्रचलन छ । आर्थिक वा शैक्षिक स्थिति जे जस्तो भए पनि मातापिताका वचन ठाडै अस्वीकार गरिँदैन । भित्री कारण जे भएपनि शोभाले मातापिताका वचन उलङ्घन गरेकाले उहाँहरूमा आक्रोश उत्पन्न भएको हो । शोभाले पनि यो निर्णय रहरले नभएर बाध्यताले गरेकी हुन् । मनमा विवाहित घर र माइती त्याग्ने कुनै ईच्छा थिएन । अन्मिएर मातापिताले

खोजिदिएको घरमा नै पुगेकी हुन् । तर अन्त्यमा आफूभित्रिएको घर त्याग्न बाध्य भइन् । पटक पटक सन्तान जन्माउन नसक्ने बाँझीको आरोप लाग्यो । यही आरोपमा एकातिर लोग्नेले धेरै यातना दिँदैगएको तथा अर्कोतिर दोस्रो विवाह गरेपछि गाउँकै दलित युवालाई पतिवरण गरेर घर माइती दुवै पक्षँग सम्बन्ध तोडेकी हुन् । समाज चरित्र आफ्नै खालको हुन्छ । यो कुरा हामीले बारम्बार देखेका, जानेका र बुझेका छौँ । हामीकहाँ अगाडि आएका समस्यालाई के किन र कसरी विश्लेषण गर्नुभन्दा पहिले नै नजर नजरका धारणा अगाडि आउने परम्परा बसेको छ । यस्ता धारणाले माथिका प्रश्नको उत्तर खोज्नेतिर कसैको ध्यान जान सक्दैन । खोजितिर भन्दा हल्लातिर लाग्ने हाम्रा अजङ्गका स्वभाव पनि छन् । ती स्वभावले समस्या समाधान गर्नेतिरभन्दा पनि बल्ल्ल्झाउनेतिर बढी अग्रसर गराउँछन् । हामी यस्तै नियति भोगिरहेका छौँ ।

आज हामी समाजमा देखिएका यस खालका समस्या माथि औँला ठड्याउँदै आफूले नयाँ तथ्य खोजेको वा पत्ता लगाएको बताइरहेका छौँ । हिजो केही भएको वा गरिएको थिएन र कसैले यो विषयमा केही लेखेको थिएन भनेर ठूला ठूला स्वरमा अभिव्यक्त गरिरहेका छौँ । हामीले देखे वा नदेखे पनि यस्ता समस्या हिजैदेखि उजागर भइरहेका थिए, कलम चुपचाप थिएनन् तथा मन र भावना सक्रिय थिए भन्ने कुराको प्रमाण स्रष्टा मणिपुरको चिठी हो । यो पुस्तकले सामाजिक विभेदको विक्षमा सशक्त आवाज उठाएको छ । आजभन्दा पचास वर्ष अघि प्रकाशित मणिपुरको चिठीले त्यो विषय औँल्याएको तर समस्या समाधान चाहिँ नभएको पुष्टि गर्छ । आज मात्र नभएर हिजैदेखि नेपाली समाज सामाजिक विभेदको विपक्षमा थियो भन्ने यो एउटा बलियो प्रमाण हो । समाज सुधारका पक्षमा आवाज हिजो पनि थियो र आज पनि छ । यो विभेद हट्नु पर्छ यसमा कुनै शङ्का छैन । आवाजले कत्तिको महत्त्व पाएको छ त्यो मुख्य कुरा हो । केवल आवाजको लागि आएको आवाजले समस्या समाधानमा कुनै भूमिका खेल्न सक्दैन । यसर्थ आवाज परिवर्तनका लागि हुनु पर्छ । भट्टराईको आवाज परिवर्तनको लागि हो । यति महत्त्वपूर्ण कृतिको व्यापक प्रचार प्रसार गर्नु आवश्यक छ ।


## हाम्रा केही साहित्यिक पत्रपत्रिका

अभिव्यक्ति, रचना, जनमत, भानु, नवप्रज्ञापन, कल्पतरू, नेपाली, हिमाली गुराँस, तन्नेरी, हाम्रो पुरुषार्थ, दायित्व, शिवपुरी सन्देश, शाल्मलि, सुलेख, शब्दाङ्कुर, कौशिकी, शृङ्खला, चेतना सन्देश, हाम्रो पूर्णिमा, अक्षरमार्ग, जमघट, आलेखन, नारीस्वर, रजस्थल, कपन वानेश्वर, हाम्रो मातृभूमि, अक्षय अक्षर, दोभान, वैजयन्ती, अन्तर्बोध, शब्दसंयोजन, शारदा, वनिता, अभिनव, कथालिका, संगम अभियान, ज्यादीखोलाको तरङ्ग, गरिमा, अक्षय ज्ञान, गुगुल्डी, तामाङ डाजाङ, लहरा, अर्न्तर्ध्वनि, लोकभावना, नःलि, आँजुर, कलस, महामण्डल, रूपायन, कालिको सुसेली, लावा डग्गर, गोलसिमल, हरचाली, थौँ कन्हय, नवमाधुरी र सचेतना आदि ।

# रुबि सत्यालको औपन्यासिक कृतिको 'अपूर्वा' उपन्यासभित्रको पाठकीय धृष्टता



– नवीन पल्लव

कसैको जीवन रूपान्तरणको मेलो अकल्पनीय रूपमाघटित हुने ससाना घटनाक्रमहरूको संयोजनले निर्धारण गर्दोरहेछ क्यारे । यस्ता घटनाक्रमहरुको संयोजन हुनलाई पनि उचित मुहुर्त जुर्नुपर्छ होला । यदि जापानको इकेबुकुरो ट्रेनस्टेशनमा रेलबाट ओर्लदैं गर्दा एउटा नेपाली कामदार केटो कसैको खुट्टामा अल्झिएर नलडेको भए नेपाली वाङ्मयमा "अपूर्वा" कहाँ जन्मन्थ्यो होला र ? कविता कृति अछूत जून लिएर साहित्य क्षेत्रमा आफ्नो दमदार उपस्थिति जनाएकी कवि रुबि सत्यालले पाठकलाई अपूर्वा उपन्यास थमाएर आफुलाई वहुविधामा कलम चलाउने लेखकको रूपमा उभ्याएकी छन् ।

यो उपन्यासलाई आमपाठकको रूपमा एकसरो निफनि सकेपछि भने यस कृतिमाथि प्रशंसा र केही प्रश्नहरू गर्ने धृष्टता गरेको हुँ । खासगरि यस कृति पढिरहँदा मैले नियालेका केही पक्षहरू हुन् कृति कत्तिको सरल सहज ढंगले बगेको छ ? पढ्दै जाँदा पाठक अल्मलिनु परेको छ कि छैन ? कृतिले समाजको चित्रण गर्यो कि गरेन ? समाजका विकृति विसङ्गतिका विरुद्ध यो कृति कत्तिको बोल्यो? केवल शब्दहरुको उरूङ मात्र पो ओथारो बसे कि?

यस कृतिमा कथावस्तुको रौँचिरा केलाउन भन्दा पनि कृतिले दिन खोजेको मूल सन्देश के हो भन्ने मेरो चासोको विषय रहेको हो । उपन्यासले फरक परिवेश मात्र नभई फरक देशमा हुर्केका पात्र श्रीजल र हानाको प्रेमसम्बन्धलाई आदर्शप्रेमको रूपमाउभ्याउँदै संयोगान्त टुङ्गोमा पुर्याएको छ । शारीरिक मोह भन्दा माथि उठेर गरिएको यो जोडीको प्रेमलाई पढिरहँदा मेरो मनमस्तिष्कमा एकैपरिवेशका, एकै माटोका नेपाली युवायुवतीको अन्तरजातीय प्रेमसम्बन्धका दुखान्त घटनाहरू झलझली याद आइरहे । साँच्चै नेपाली समाजको चेत थोरै भएपनि जातिवाद भन्दा बाहिर निस्केर मानववादमा लागेको भए कस्तो हुन्थ्यो होला है ! श्रीजल र हानाको सफल प्रेमकथाले म भित्र जन्माएको चिन्तन हो यो ।

आफ्नो माटो र मातृभूमि प्रति अगाध ममता हुँदाहुदै पनि जीविकोपार्जनको निमित्त परदेशिनु परेका युवा जमातको प्रतिनिधि पात्र श्रीजल अनेक अप्ठ्याराहरुसंग जुध्दै गर्दा पनि इमान्दारिता नगुमाएको कुशलपात्र हुन् । जसले परदेशी भूमिमा पनि सम्मान प्राप्त गरे अनि आफ्नो प्रेम पनि । यहाँनेर हानाको

योगदान, र त्यागको चर्चा जतिगरे पनि कमै हुन्छ । कुल ३६ भागमा समावेश गरिएको यो उपन्यासमा नेपाली समाजले नारी प्रति गर्ने दुष्कृत्य चित्रण गरेको छ । भने अर्कोतिर जापानीमुलकमा नारीहरू कति सशक्त छन् र त्यो समाजमा पुरुषले पीडित छन् बिचरा...पुरुष भएकाछन्। जहाँ जुन पक्ष शक्तिशाली छ त्यहाँ कमजोर पक्ष हेपिएको छ,थिचिएको छ । जापानी कम्पनीकी मालिकले कामदार पुरुषमाथि गरेको दुर्व्यवहारले पुरुष पात्र कति निरीह बनेका छन् भन्ने कुरा उपन्यासमा छर्लङ्ग पारिएको छ।

कृतिकारले उपन्यासको केन्द्रमा श्रीजल र हानालाई नायक पात्रको रूपमा उभ्याए पनि अन्तरकथाको सबैभन्दा शक्तिशाली पात्र चाहिँ श्रीजलकी आमा हुन् मेरो दृष्टिमा । जो आवाज विहिन नारी हुन् । आजपनि हाम्रो समाजमा विकृत मानसिकता बोकेका पुरुषहरू आफ्नो यौन भोक मेटाउन जुनसुकै हदसम्म गिर्न सक्दछ । यतिसम्म कि आफ्नो भोक मेटिसकेपछि हत्या गरिन्छ । सशक्त प्रतिवाद गर्न सक्दैनन्, आत्मारक्षा गर्न सक्दैनन् । बलत्कार शिकार बनेका विवश नारी कि मारिन्छन् कि त स्वयम् मर्दछन् अर्थात् आत्महत्याको बाटो रोज्न बाध्य छन् । न्यायिक निरुपण नभएका यस किसिमका दर्जनौं घटनाको ठेली अदालतको दराजमै थन्किएरहेका होलान् भने यी यौन पिपासुहरू खुलेआम डुलिरहेका होलान् ।

यद्यपी श्रीजलकी आमा ती शक्तिशाली पात्र हुन् जसले आफूलाई शोषण गर्ने कुपात्रको अन्त्य गरिदिएकी छन् । यतिमात्र होइन उनी त्यस्ति पात्रको रूपमा उभिएकि छन् जसले आफ्नो कोखमा आइसकेको सन्तानलाई जन्मदिनुपर्छ भन्ने सोचले श्रीजल जन्माइन जेल भित्रै । एकल नारी त्यसमा पनि बन्दी जीवन । सन्तान हुकाउर्नु बढाउनु पक्कै सजिलो थिएन । त्यसमा पनि निधारमा हत्यारा जस्तो कलङ्कको टिका लगाएर । सामाना गरिन् सवैकुराको । ध्यानमार्गमा लागिन् आफुलाई तपस्विनीको रूपमाउभ्याइन् । जेलभित्रै श्रीजल जन्मिए । कमैव्यक्तिले पाउने अवसर उनले प्राप्त गरे । सरकारले कामदारको रूपमाजापान पठायो । नारीले चाहे भने जस्तोसुकै कठिन परिस्थितिको सामना गर्न सक्छिन् आफुमाथि भएको अन्यायको बदला लिन सक्छिन् भन्ने गतिलो प्रमाण दिएकी छन् श्रीजलकी आमाले । न्यायिक सिद्धान्तको आधारमा आत्मरक्षाको निम्ति गरिएको प्रहारमा अपराध करार हुँदैन तर त्यो समाजले यी अबलालाई दोषी करार गरि छाड्यो उनलाई जेल जीवन बिताउन बाध्य गरायो ।

सायद कृतिकार स्वयम् नारी भएर होला यस उपन्यासमा नारी पात्रलाई सशक्त रूपमाप्रस्तुत गरिएको छ । चाहे ती पात्र श्रीजल कि आमा हुन् या हानाकी हजुरआमा । यसो त यस उपन्यासलाई सामाजिक चरित्र चित्रण गरिएको नारी प्रधान कृति भन्दा अत्युक्ति नहोला । कृतिले "परोपकारः पुण्याय पापाय परपीडनम्" भन्ने श्लोकको अनुसरण गरेको पनि पाइन्छ । त्यसका उदाहरणको रूपमालिन सकिन्छ फिरोज खान, श्यामदाइ लगायतले निर्वाह गरेका पात्रता देखि श्रीजलले आमाको नाममा सञ्चालन गरेको आश्रामसम्मका कुरा ।

कृतिभित्र विचरण गरिरहँदा यस

कृतिमा मेरा प्रश्नहरुको सहज उत्तर छ । मात्र कोरा कल्पना कोरेर पाठकलाई भुलभुलैयमा पार्नु भन्दा पनि सामाजिक यथार्थ कोरिएको छ कृतिमा । सरल वाक्य संरचना छन् । निश्वार्थ सम्बन्धका धागाहरू जस्तोसुकै आँधीबेहरी आए पनि चुँडिदैनन् । प्रेम चाहे व्यक्ति व्यक्तिबीचको होस् या आध्यात्मिक, कुनै भौगोलिक सीमारेखाले छेक्दैन । यदि छेक्दो हो त भगवान बुद्ध केवल लुम्विनीमा मात्र सीमित हुँदा हुन्, नेपालीका मात्र पेवा हुँदाहुन् । विश्वजगत् बौद्धमार्ग पछ्याउँदैनथ्यो । हानाको हजुरआमा लगायत बुद्धभूमि नेपाल भ्रमणमा आउँदैनथे । मानिस आर्थिक प्रगतिले मात्र सन्तुष्ट हुँदैन । काम, काम र काम मात्रको जीवनशैलीबाट पनि मानिस दिक्क बन्दोरहेछ । विकासको चरम उचाइ पार गरेको जापानीहरू पनि मानसिक रूपमाखासै सन्तुष्ट नहुने रहेछ । आत्मिक शान्तिको बाटो अध्यात्म नै हो तर सामाजिक जीवनबाट बाहिर रहेर होइन, उपन्यासमा पुष्टि गर्न खोजिएको छ । कताकति पौराणिक सन्दर्भहरू जोड्नेक्रममा भने अलि अलि चिप्लिएको हो कि भन्ने भान हुन्छ ।

अन्त्यमा, उपन्यासले दिनानुदिन वैदेशिक रोजगारीका निम्ति विदेशिएका युवाहरुको कथा बोकेको छ । नेपाली समाज बोलेको छ । खासगरी वैदेशिक मोहमा मोहित हुने नेपाली युवा जमात्का लागि यो कृति गतिलो सन्दर्भ सामाग्री हुनसक्दछ । छिटपुट धमिला पक्षका बाछिटाहरू यस कृतिमा पनि परेकाछन् नै । आशा छ , उपन्यासकारका पछिल्ला कृतिहरूमा परिष्कृत भएर आउने नै छन् । कृतिकार अब्बल लेखकीय चेतको बाटोतिर लम्कँदै गरेको उपन्यासमा कुँदिएका शब्दशिल्पहरूबाट अनुमान गर्न सकिन्छ । एक सचेत पाठकका हैसियतमा ढुक्कले यति चाहिँ दावाका साथ भन्छु कृति पठनीय छ । जयहोस् ।


**नववर्ष २०८३ को सुखद् अवसरमा**
**विद्यार्थी, शिक्षक, शेयर होल्डर, अभिभावक तथा**
**सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा सुख,**
**शान्ति र समृद्धिको हार्दिक मङ्गलमय**
**शुभकामना व्यक्त गर्दछौँ ।**

**ऋषि प्रसाद न्यौपाने**
प्रिन्सिपल एवं
**जुबिल्यान्ट कलेज, परिवार**
कालिमाटी, काठमाडौं

JUBILANT COLLEGE

# 'चीन यात्राका यादहरू' नियात्राकृतिमा नियात्राकार उप्रेतीको उपस्थिति



– निर्मला पाण्डे

'चीन यात्राका यादहरू' नियात्राकार नन्दु उप्रेतीको नियात्रा कृति हो। उप्रेतीको कलम नियात्रा लेखनमा कलात्मक र प्रभावशाली भएको कुरा यस कृतिले पुष्टि गर्छ छ । मित्रराष्ट्र जनवादी गणतन्त्र चीनका महत्त्वपूर्ण स्थानहरूको अवलोकनका क्रममा बुझेका, देखेका, अनुभव गरेका र आएका सम्झनालाई सुन्दर भाषाशैलीमा यस सङ्ग्रहमार्फत अभिव्यक्त गरेका छन् । स्थान, व्यक्ति, भौगोलिक, सांस्कृतिक, राजनीतिक सबै सन्दर्भलाई नियात्रामा इतिहास, वर्तमान र भविष्यसँग जोड्ने प्रयास गरेका छन् । बीसवटा नियात्राहरू सङ्ग्रहित यो सङ्ग्रहमा चीनको उदाउँदो सहर छङ्तु, राजधानी पेइचिङ र व्यावसायिक, व्यापारिक एवं औद्योगिक सहर साङघाईका विभिन्न क्षेत्रहरूको विवरण छन् । यात्रामा उप्रेती कतै भावुक बनेर कविता लेखेका छन् त कतै ठट्टा रमाइलोमा हराएका छन् र कतै अप्ठ्यारो अनुभूतिमा पनि पुगेका छन् । यिनै कुरालाई सन्दर्भ सुहाउँदो भाषामा नियात्राको रूप दिइएको छ । सूचना पाटीमा लेखिएका जानकारी, यात्रामा प्राप्त पुस्तक पुस्तिकामा उल्लेख भएका विषयहरू, पदप्रदर्शकले दिएका जानकारीहरू, भूगोल तथा प्रकृतिका जीवन्त अभिव्यक्तिहरू, चामत्कारिक विकासले प्रस्तुत गरेका यथार्थहरू र लेखक स्वयंले विगतमा पढेका, सुनेका सम्झनाजस्ता विषयलाई तथ्य, भावना र कल्पनाले सजाएका छन् ।

पहिलो नियात्रामा काठमाडौँबाट छङ्तुसम्मको आकाश यात्राको वर्णन छ। 'आकाश यात्रा' शीर्षकमा यात्राभरि नियात्राकारका मनमा उठेका चीनप्रतिको धारणा, चीन सम्बन्धी पढेका, सुनेका कुरा तथा नेपाल -चीनको सम्बन्धको इतिहास उजागर भएका छन् । काठमाडौँको आकाशमा जहाज उडिरहेको बेला लेखक नेपाल र चीनसँग जोडिएका सन्दर्भहरू स्मरण गर्छन् भने उत्तर चीनतर्फ लागेपछि नेपाल र तिब्बत सम्बन्धको इतिहास केलाउँछन् । दोस्रो नियात्रा 'छङ्तुको साँझ र फुटपाथ रेस्टुरेन्ट'मा त्यस साँझको परिवेशलाई चित्रमय ढङ्गले अक्षरमा उतारिएको छ । फुटपाथ रेस्टुरेन्टको प्रचलनलाई शब्दमा उतार्दै साँझको खानाको अनुभव प्रस्तुत गरिएको छ। तेस्रो नियात्रा 'रिङरोडहरूको सहर'मा चिनको पेइचिङको सडक सञ्जालको

व्याख्या छ । यसमा पेचिङका महत्वपूर्ण स्थानहरूको प्रस्तुति छ ।

फर्बिडन सिटी भनेर प्रसिद्ध रहेको ऐतिहासिक दरबार क्षेत्र 'प्यालेस म्युजियम'को विवरण चौथो नियात्रा ' निषिद्ध सहरमा खुला यात्रा' भित्र छ । यो विश्वकै सबभन्दा ठूलो ऐतिहासिक दरबार रहेछ । पन्ध्रौं शताब्दीको पूर्वाधमा निर्माण गरिएको दरबार परिसरले चीनको सम्राटकालीन इतिहासको झल्को देखाइरहेको हुँदोरहेछ । यसमा नेपालका ऐतिहासिक दरबारहरूको लेखकको सम्झना पनि महत्त्वपूर्ण छ । 'ग्रेटवालः पत्थरमा कुँदिएको गौरव' शीर्षकको यो नियात्रामा ग्रेटवालको गौरवशाली इतिहासको वर्णन मात्र होइन त्यसको भौतिक यथार्थको बर्णन पनि छ । "हामी त हरायौं नि !" शीर्षकको नियात्राले पेइचिङको साँझको परिवेशलाई उद्घाटित गरेको छ। भूमिगत रेलयात्राको अनुभूति यो लेखमा अभिव्यक्त भएको पाइन्छ। 'आहा ! चिनिया चियाको स्वाद' अर्को नियात्रा हो । यसमा पेइचिङकै विभिन्न स्थानको भ्रमणका साथसाथै चिनियाँ चियाको अनुभवबारे सुन्दर प्रस्तुति दिएका छन् नियात्राकारले । अर्को नियात्रामा उप्रेतीले कल्पना, भावना र वास्तविकताको सुन्दर माला उनेका छन् । यो 'सुन्दर शान्त स्वेत चैत्य'ले पाठकहरूलाई अरनिकोबारे, उनको चीन यात्रा र श्वेत चैत्यको निर्माणबारे प्रशस्त जानकारी दिन्छ । यसैमा विश्व प्रसिद्ध चिनियाँ साहित्यकारको घरतर्फको यात्राले नियात्राकारलाई प्रफुल्लित बनाउँछ तर प्राङ्गणमा समेत प्रवेश गर्न न पाउँदा उनी दुःखित बन्छन् र केवल सम्झनामा लु सुनको घरलाई राखेर फर्कन्छन् ।

'स्वर्ग मन्दिरः उहिले प्रणाम अहिले भ्रमण' शीर्षकमा चीनको प्रसिद्ध स्वर्ग मन्दिरका बारेमा विविध जानकारी प्रस्तुत छन् । यसमा मन्दिरको महत्व, त्यसको ऐतिहासिकता, भौतिक संरचना र मन्दिरप्रतिको जनविश्वास अत्यन्तै रोचक शैलीमा प्रस्तुत छ । 'यादहरू नमर्दा रहेछन्' शीर्षकमा पेइचिङको यात्रा टुङ्गिदाको अवस्था उल्लेख छ । एउटा कुशल पदप्रदर्शकले निर्वाह गरेको भूमिका र प्रस्तुत गरेको आत्मीयतालाई मन छुने गरी लेखिएको छ । अब नियात्राको विषयवस्तु पेइचिङबाट साङहाईतिर सर्छ । 'ह्वाङफु नदीः पीडा आँसु र खुसीको साक्षी' शीर्षकमा साङहाईलाई अनुभूत गरेका छन् । ह्वाङफु नदी जो साङहाईको जीवनधारा मानिँदो रहेछ । त्यसको प्रभाव, भौतिक रूप र त्यसले उपलब्ध गराएको चिनियाँ जीवनका उज्याला, पीडा र खुसीका पक्षलाई देखाइदिएको छ । उनी साङहाई म्युजियमको भ्रमणमा हराएका छन् । पथप्रदर्शक र साथीहरू छुटेका छन् । अत्यास र पीडाको त्यो क्षणलाई 'साङहाई म्युजियममा म हराएको कथा' नियात्रामा रोचक ढंगले प्रस्तुत गरेका छन् । साङहाई म्युजियमको साङ्गोपाङ्गो तस्बिरलाई अक्षरमा परिवर्तन गरेका छन् । 'भिखारीले पकाएको कुखुरा'को कथा अत्यन्तै रोचक छ । लोककथासँग सम्बन्धित भएर आजको चिनियाँ भान्सासम्म आइपुगेको यो स्वादिष्ट परिकार चीनको लोकप्रिय

खाना बनेको देखिन्छ । 'फ्रान्सेली हकक्षेत्र'को कथाले उपनिवेशकालीन चीनको पीडालाई उद्घाटित गरेको छ। ती दिनहरूको कथा, व्यथा र ती दिनहरूले उघारेको भविष्यको उज्यालो आकाशलाई उतारिएको छ। यसैमा चिनियाँ क्रान्तिको पृष्ठभूमि उल्लेख छ । ह्वाङफु नदीसँग संवाद गरिएको नियात्रामा कवि मन भावुक भएको छ । 'ह्वाङफु नदीसँग संवाद'मा यात्रालाई काव्यात्मक रूपमा प्रस्तुत गरिएको छ। साङहाईको विगत, वर्तमान र भविष्यको आँकलन गरिएको चिनियाँ दृष्टिकोण "साङहाई उहिले, अहिले र पछि" मा पढ्न पाइन्छ । ह्वाङफु नदीमा भएको रोमाञ्चक क्रुज यात्राको जानकारी पनि साँच्चिकै रोमान्चक छ। उन्नाइसौँ नियात्रा 'पाण्डाः शान्त जीवनको प्रतिरूप'मा छङ्तुको पाण्डा प्रजनन केन्द्रको व्याख्या छ । पाण्डासँगको सामिप्यको अनुभूति छ । चीनको प्रकृतिप्रेमिल नीति र त्यसको कार्यन्वयनको जानकारी पाइन्छ। उप्रेती अन्तिम नियात्रा 'छङ्तुमा हटपटको स्वादः नेपालको टिमुरको याद'मा यात्राबाट फर्किँदै गर्दाको एकदिनको यात्राको क्रममा अनुभूति गरेका कुरा लेख्छन् । त्यहाँको जनजीवन, खानपिन शैली र स्वादका बारेमा यसमा उल्लेख गरेको पाइन्छ। यसमा नेपाली खाना र चिनियाँ खानाका स्वादको चर्चा छ।

कविका रूपमा परिचित उप्रेतीको यो नियात्रा सङ्ग्रहले कविका रूपमा ठाउँ ठाउँमा प्रस्तुत गरेको छ। नियात्राहरूका बीचबीचमा कविता पनि लेखेका छन् । सिङ्गो नियात्रा सङ्ग्रहका नियात्राहरू सबै नै काव्यात्मक शैलीमा लेखिएका छन् । कति अनुच्छेदहरू पढ्दा पाठकले कविता नै पढिरहेको छु जस्तो अनुभूति गर्छ। एउटै यात्राका नियात्राहरूको सङ्ग्रह भएपनि कृतिका प्रत्येक नियात्रा स्वयंमा पूर्ण छन् । एउटालाई बुझ्न अर्को नियात्रा आवश्यक पर्दैन । आकारमा छोटा र शैलीमा काव्यात्मक रहेका सङ्ग्रह "चीन यात्राका यादहरू" नेपाली नियात्रा साहित्यका लागि महत्त्वपूर्ण कृति बनेको छ। यो कृति यात्राको सरसर्ती वर्णन मात्र नभएर नेपाल चीन बीचको बहुआयामिक सम्बन्ध, चिनियाँ भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, राजनीतिक आदि विषयको जानकारीको दस्तावेज बनेको छ भन्दा अत्युक्ति नहोला । नियात्रामा तेस्रो कृति "चीन यात्राका यादहरू"का स्रष्टा नन्दु उप्रेतीका नियात्रा, बालसाहित्य र साहित्यिक अनुसन्धानसमेत गरी आधा दर्जन बढी कृति प्रकाशित छन्। त्यस्तै आधा दर्जन बढी साहित्यिक कृतिहरूको सम्पादन गरेका छन् । नेपाली साहित्यलाई "फेवादेखि विवासम्म" र "कालापानी यात्रा" जस्ता नियात्रा सङ्ग्रह दिइसकेका उप्रेतीको "चीन यात्राका यादहरू" नियात्रा सङ्ग्रह विसं २०८२ फागुनमा 'फ्रेन्डस अन क्लाउड : प्लेटफर्म अफ इनफ्लुएन्सर्स' नामक संस्थाद्वारा प्रकाशित गरिएको हो। यस कृतिका लागि स्रष्टा नन्दु उप्रेतीलाई धेरै धेरै बधाई र यस्तै अन्य कृतिहरूको सिर्जनाका लागि हार्दिक शुभकामना।

# 'अस्तित्वको खोजी' निबन्ध कृतिमा नारायण क्षेत्रीको चिन्तन



– नारायणप्रसाद शर्मा फुयाल

बारा निवासी स्रष्टा नारायण क्षेत्रीको निबन्धकृति 'अस्तित्वको खोजी' नवप्रज्ञापनका सम्पादक/प्रकाशक श्रद्धेय नवराज रिजालज्यूले उपलब्ध गराउनु भयो । कृतिको पाना पल्टाउने क्रम चल्यो । स्रष्टा, द्रष्टा, सम्पादक जस्ता बहुआयामी व्यक्तित्व नवराज रिजालले विश्लेषणात्मक दृष्टिचेतले लेखेको भूमिकाले मन छोयो । पन्ध्र शीर्षकमा समेटिएको एकसय एकहत्तर पृष्ठको सङ्ग्रहले विचारको सबै ताना-बाना खिच्यो । स्व-कथनको निबन्ध सङ्ग्रहको गर्भ विम्ब, अस्तित्व, धारणा, शीर्षकीकरण, प्रेरणा, सहयोग, सद्भाव, आभारले पुलकित बनायो ।

पहिलो निबन्ध आमाको ममता मा निबन्धकारको हृदय द्रविभूत भएको छ । आमाको वात्सल्यले युक्त काख स्वर्गतुल्य हुन्छ । जन्मदिने आमा कुनै स्थिति वा परिवेशमा स्वार्थी बन्दिनन् । नराम्रो भावनाले सन्तान पनि पैदा गर्दिनन् । सुन्दर कल्पनाले सन्तान पैदा गर्छिन । अतः आफूलाई जन्म दिने आमा वा माता, जन्मस्थान, मातृभूमि र आदीमातापिताका पनि माता धरतीमाता अथवा महामाताको सेवा, कदर र सुरक्षाले मानव तथा प्राणीहरूको कल्याण हुने कुरा छ । दोस्रो निबन्ध भ्रष्ट मनोविज्ञान मा भ्रष्ट शब्दको अर्थ तथा तात्पर्य खोल्दै समाजका महत्वपूर्ण अंग र क्षेत्रमा राजनैतिक आर्थिक, सामाजिक, सांस्कृतिक, नैतिकरूपको भ्रष्ट आचरण नै भ्रष्टाचार हो । चेतनाको कमी, एकाधिकार, जवाफदेहिता शुन्य नातावाद कृपावाद, राज्य प्रणालीमा अस्थिरता, अपारदर्शीको कारणले भ्रष्टमनोविज्ञान मौलाएको तथ्यलाई भावनात्मक र प्रतिक्रियात्मक रूपले प्रस्तुत गरिएको छ ।

तेस्रो निबन्ध मिठा सपना मा झुटा सपनालाई विज्ञापनरुपि छलछामले मिठो र सुन्दर बनाएर चमत्कारै चमत्कारमा अलमलिएका पारखीहरू र अधिपतिमाथि व्यङ्ग्य प्रहार गर्दै रोष देखाइएको छ । पूरा नहुने सपनालाई पूरा हुने र पूरा गर्नेमा परिणत गर्ने, आफ्नै क्षमताले पूरा गर्न नसके बेच्न सकिने विज्ञापनले झुक्याउन सकिने सन्दर्भ यहाँ छन् । चौथो निवन्ध मायाको खेल मा माया र प्रेम प्रकृतिद्वारा सिर्जित एक सुन्दर वृहत

भाव हो । माया, प्रेमले मुटुको गति चल्दछ र सदा स्पन्दित हुन्छ । प्रकृतिको अनेकन विम्बलाई सुन्दर बनाई दिन्छ । मायाले जीवनलाई हार्दिक मेलले बाँध्ने महाशक्ति (ममत्व, स्नेह र अनुराग) हो भन्ने विषय यसमा छन् । पाँचौ निबन्ध प्रजा मोटा भया  नेपाल एकीकरणकर्ता पृथ्वी नारायणको दिव्योपदेशमा आधारित चिन्तनमा आधारित छ । चिन्तन, मनन् गर्नु पर्ने मार्ग दर्शक सिद्धान्तमा नेपालको तत्कालिक आर्थिक पक्षको प्रतीकका रूपमा दिव्योपदेशलाई महत्व दिइएको सन्दर्भले महत्व दर्शाएको पाइन्छ । पर्थ्वीनारायणको विदेश नीतिका बारेमा चर्चा गर्दै नेपाल साँच्चै दुई ढुङ्गाबीचको तरुल भएको प्रसङ्ग छ ।

छैठौं निबन्ध प्रभुजी भेडो बनाऊ मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको व्यङ्ग्यात्मक भावले युक्त कविताको सन्दर्भ जोडिएको छ । अत्याचारको विरुद्धमा व्याङ्ग्यात्मक शैलीमा भेडासँग जोडेर प्रभुलाई नै लल्कारेको प्रसङ्ग सशक्त र सक्तिशाली विषय जोडिएको छ । सातौं निबन्ध नेता बन्ने रहर मा देश, काल, परिवेश, परिस्थितिको परिदृश्यलाई चित्रण गरिएको छ । नेता बन्ने रहरमा ज्यानले कति शत्रु कमायो कति मित्र कमायो तिनै शत्रु र मित्रको आवेग र संवेगहरूका हुरीको झोंकमा के के न गरुँला भनेर नेता बन्न हिंडेको यो गाई प्राणी मुखिया मच्चियो मच्चियो थच्चियो भएको छ अनि विकल्पको खोजीमा लागेको छ जस्ता कुरा छन् । आठौं निबन्ध बुद्धम् शरणम् गच्छामी मा शान्तिको कामना जगाउन विश्व परिवेशलाई झकझक्याइको भाव प्रतीत हुन्छ ।  आजको विश्व २१ औं शताब्दीको उत्तराद्धको संघारमा छ । विश्व परिस्थिति कसरी के मा रुमलिएको छ । त्यस्को खोजी र निराकरण कस्ले र कहिले गर्ने ? यस्ता प्रश्नै प्रश्न यत्रतत्र सर्वत्र छरपष्टसँगले छरल्ल छरिएका छन् ।  समानता, सहअस्तित्व र सुशासन अनि द्वन्द्वको सही व्यवस्थापन नै स्थायी शान्ति हो भन्ने जस्ता कुराहरू समावेश छन् ।

नवौं निबन्ध विकासको आधार मा २१ औं शताव्दीको संघारको युग अत्याधुनिक परिवेशले छाएको युग हो भाव छ । विकासलाई समानुपातिक रूपमा वेरोजगार र उत्पीडित वर्गमा पुऱ्याऔं । आफू पनि बाँचौ अरुलाई पनि बचाऔं । शोषणरहित समाजको सिर्जना गरौं । नयाँ नेपालको आधार भूमि यही हो भनिएको छ । दशौं निबन्ध हाम्रा आँखाहरू मा आमाबाबु, अभिभावक, गुरुवर्गको चेतनदृष्टि एवम् कर्तव्यको दायरा के कति ? र कसरी गर्दैछन् जस्ता सवाल छन् ।  परम्परागत शिक्षा प्रणाली, मनोवैज्ञानिक आधार, समसामयिक आधार, समकालिन आधार, मनोवृत्ति, दण्ड सजाय, बालमैत्रीको आधार यस्तै आधारहरूबाट शैक्षिक चेतनाका आँखा उघ्रिनु पर्छ भन्ने भाव आएको छ । एघारौं निबन्ध नारी जागरण मा २१

औं शताव्दीको उत्तरार्द्धको परिप्रेश्यमा विश्व समाजमा ठूला परिवर्तनहरू देखा परेको र मानव सभ्यताको प्रारम्भिक युगमा नारी र पुरुषबीचको विभदेको रेखा कोरिएको कतै उल्लेख नभएको धारणा सशक्त रुपमा उठाइएको छ। छैन। अतः नैसर्गिक भावानात्मक, व्यवहारपरक अर्थात् व्यावसायिक रूपमा नारी र पुरुषबीच न्याय, निष्पक्षता हुनु लैङ्गिक समता हो भन्ने तथ्यलाई निवन्धले प्रष्ट्याएको छ । यिनै तथ्यलाई आधारमानि नारीलाई अवला, अदना र कमजोर नठानेर नारीलाई प्राथमिकताका आधारमा, अवसरमा नारी जागरणको अभियानलाई अगाडि सार्नु र कार्यान्वयनमा ढाल्नु नितान्तै जरुरी छ र यो समयको माग पनि हो भनिएको छ।

बाह्रौं निबन्ध सोचमा सङ्कुचन मा विश्वास र भरोसा बीचको कृतज्ञ र कृतघ्न भावको सोचले जन्माएको उदार र अनुदार प्रवृतिको चर्चा छ। कृतज्ञता नै मानवता हो, मान्छेको मनुष्यताको पहिलो लक्षण हो। यो सबैभन्दा उत्तम कर्म पनि हो । सबैभन्दा ठूलो सभ्यता हो भन्ने चर्चा रहेको छ । मान्छेले कृतज्ञताको व्यवहार नगरेर कृतघ्न व्यवहार गरे ऊ अधर्मी हुने मानिएको छ। तेहौं निबन्ध अचेत गणतन्त्र मा विगतमा घटेका विविध राजनैतिक घटना परिवेशबाट सिर्जिएका शासन सत्तामध्येको गणतन्त्रीय पद्धतिको खिल्लि उडाएको छ । गणतान्त्रीक पद्धतिको खाका प्रस्तुत गर्दै अचेत गणतन्त्र भनी उपमा दिइएको छ। आजको २१ औं शताब्दीमा नेपाली जनताको जीवन स्तरमा जुन किसिमको परिवर्तन ल्याउनु पर्थ्यो त्यो हुन् नसकेको छैन विषयले यसमा प्रवेश पाएको छ। चौधौं निबन्ध सहकारी : हिजो र आज मा सहकारीको शाब्दिक अर्थ, उद्देश्य, सिद्धान्त, मूल्य-मान्यता, आचार संहिता र वर्तमान परिप्रेक्ष्य प्रष्ट्याएको छ। थोपा थोपाबट समुन्द्र बनेझैं सदस्यहरूको आपसी मेलबाट र सहकारीसँग छरिएर रहेको पूँजीलाई जम्मा गरी उत्पादन मूलक, आयमूलक, रोजगारमूलक कृयाकलाप गरी आत्मनिर्भरताको बाटोमा जान सकिने कुरा गरिएको छ। पन्ध्रौं निबन्ध श्रम र अश्रम मा जीवन निर्वाहका निम्ति शारीरिक वा बौद्धिक र मानसिक शक्ति लगाएर गरिने कर्म नै श्रम हो र वेरोजगार रहनुको अवस्था भने अश्रम हो। श्रम सिक्काको एउटा पाटो हो भने अश्रम अर्को पाटो हो भनिएको छ। प्रमुख समस्या अश्रम वा वेरोजगार हो । सबैले श्रम गर्न पाए संसार कति सम्पन्न होला चिन्तन मनन गरिएको छ।

माथि उल्लेखित पन्ध्रवटा विविध शीर्षकका निवन्धहरू भावपरक एवम् यथार्थपरक छन् । सबैले अस्तित्वको खोजी गरेका छन्। यो सरल भाषाशैलीमा लेखिएको निबन्ध सङ्ग्रह हो । यिनले माठकको मन सहजै जित्न सक्छन्। निकट भविष्यमै स्रष्टामा दोस्रो कृति पाठक सामु ल्याउने उत्साह जागोस् । हार्दिक मङ्गलमय कामनाका र बधाइ !

# ‘जीवन्त-विम्ब’ मुक्तक कृतिमा मुक्तककार जयराम बिडारीको अभिव्यक्ति



– प्रदीप सापकोटा

हामीलाई थाहा छ, सबै व्यक्ति आफैंमा कवि हुन् । कसैले कविता, गीत, गजल, मुक्तकलगायत् काव्यका विधाद्वारा आफुलाई कविको रुपमा सिर्जनामार्फत व्यक्त गर्छन् त कसैले व्यक्त गर्दैनन् फरक यति हो । मुक्तक अभिव्यक्तिको सशक्त माध्यम हो । यसमा छोटो र थोरै शब्दमा गहिरो भाव प्रकट गर्न सक्ने सामार्थ्य छ । यसले मीठो अभिव्यक्ति पस्किन सक्छ । पछिल्लो समयमा साहित्यमा लोकप्रिय भइरहकेको मुक्तक धेरै लेख्न थालिएको छ । पछिल्लो समय पुरातनशैली भन्दा मुक्तक लेख्ने शैलीमा बदलाव आएको छ । मुक्तक अहिले चतुष्पदीय शैलीमा लेखिन्छ । यसमा पहिलो र दोस्रो हरफका अनुप्रास एकअर्कासङ्ग सम्बन्धित हुन्छन् अर्थात मिल्छन् । तेस्रो हरफको अनुप्रास अमिल्दो हुन्छ अथवा भत्किएजस्तो हुन्छ । अन्तिम पंक्तिको अनुप्रास पहिलो र दोस्रोसङ्ग मिल्छ । नेपाली साहित्यमा यो शैली भीमदर्शन रोक्काबाट प्रारम्भ भएको मानिन्छ । यहि लाइनमा अहिलेका मुक्तककारहरू लामबद्ध छन् । जयराम विडारी पृथक हुने कुरै भएन् ।

नेपाली साहित्यको काव्य फाँट फराकिलो छ । त्यहि फाँटको गरामा मुक्तक उब्जाउने जयराम बिडारीको जीवन्त विम्ब मुक्तकसङ्ग्रहभित्र १२९ थान मुक्तकहरू फुलेका छन् । उनी सरल र सहज छन् । हार्दिक लाग्छन् । उस्तै सरल भाषाशैली प्रयुक्त गरि लेखिएका मुक्तकहरु कृतिभित्र छन् । बिडारी कल्पनामा रमाउँछन् र कल्पनाकै फसल उमार्छन् । वर्तमान विषम र बेइमानी समयका स्वार्थका घरहरू देखेर व्यङ्ग कस्छन् । शब्दहरू मार्फत विकृति र विसङ्गति बिरुद्ध जेहाद छेड्छन् । नेताहरूको भाषण एकातिर र व्यवहार अर्कोतिर देखेर वाक्क भएका जयराम चाकरी र चाप्लुसीको प्रतिपक्षमा उभिन्छन् । रत्तिभर डराउँदैनन् । भ्रमको खेती गर्नेहरूलाई औंला ठड्याएर एउटा सचेत नागरिकको भूमिका निर्वाह गर्छन् । नेता र नेतृत्वका गल्तीहरूप्रति गरिएका कटाक्ष मुक्तकका विषय बनेका छन् ।

वजारको नियति, आम भुँईमान्छेको दैनिकी, स्वार्थी समाजको चित्र, इमानमा परेको वाधा, आमाको महिमा, आफ् नाले दिएको दुःख र पीडा तथा युवाको विदेश पलायनको दर्दनाक कहानीका विषयमा मुक्तक रचिएका छन् । जयराम उज्यालोका पक्षपाति हुन । सधैं यालोकै खोजीमा हुन्छन् । अध्याँरो पोत्नेहरूको बिरुद्ध खवरदारी गर्छन् । लेखिरहन्छन्

अविराम सिर्जनामा । नैतिकताका हिमायती उनी नैतिकताको खडेरी परेको वर्तमान समयमा सबै विघ्नबाधा पन्छाउँदै नैतिकताकै पक्षमा बाँच्छन् र अरुलाई पनि त्यस्तै जीवन यापन गर्न सुझाउँछन् । मान्छे स्वार्थको चास्नीमा चुर्लूम्म डुबेको आजको समयमा अरुलाई चोट दिएर खुशी हुन्छ । सन्तुष्ट हुन्छ । रमाउँछ । यो प्रवृद्धिलाई मुक्तकमा यसरी व्यक्त गरिएको पाइन्छ : :

मलाई जस्तै काँडा बिझे थाहा हुन्थ्यो
पीडामा रुँदा आँसुले भिजे थाहा हुन्थ्यो
चोट दिएर अरुलाई,आफू हाँस्नुमा के मज्जा
मान्छे हौ मान्छेकै मर्म बुझे थाहा हुन्थ्यो ।
(मुक्तक-४)

यस कृतिमा मायावी भाव प्रकटीकरण भएका मुक्तकहरु पनि छन् । लाग्छ मुक्तककार प्रेमिल छन् । यसर्थ भन्ने आँट गर्छन् । यति भएपछि सकियो उनी गहिरो माया प्रीतिको लगावमा छन् । प्रेम समर्पणमा फुल्ने बताउने बिडारी प्रेममा हुने अपवित्र व्यवहारको कुरा गर्छन् । मान्छे बिकाउ प्रेममा परेर दुःख पाउन सक्नेतर्फ प्रेम सचेत गराउने मुक्तककारको प्रयास छ । मायाको नाउँमा हुने यावत विकृतिप्रति उनी सावधान गराउँछन् । मायालु बैगुनी हुँदाको पीडा पस्किन्छन् । प्रेममा सफल हुनु गर्नुपर्ने संघर्षका कुरा गर्छन् । माया प्रेम पत्तै नपाई हुने, चालै नपाई बस्ने र बस्दाबस्दै गाढा हुने प्रेमप्रतिको बुझाई मुक्तकहरू मार्फत व्यक्त भएको पाइन्छ । भावनामा आस्थाका मायावी फूलहरु फुल्छन् । मायाको शक्तिलाई पर्गेल्छन् :

भन्नुपर्ने कुरा हजार छन् तर भन्न सक्दिनँ
बाटोमा बिझ्ने काँडा कति छन् गन्न सक्दिनँ
अन्जानमै किन बस्छ होला प्रेम अनौठो
कसम ! म भित्र यौटा बाहिर अर्को बन्न सक्दिनँ ।
(मुक्तक-७)

उनी बेखवर छैनन् । हरचीजको चासो छ । चिन्ता छ । मानवीय संवेदनाले मन द्रवित हुन्छ । दुख्छ पनि । चिसिन्छ छाती । सुखका इन्द्रेणी सपना देख्न छोड्दैनन् । जीवनका अनगिन्ति उतारचढावहरू, ,सुख र दुःखका पलहरू, आशा र निराशाहरू मुक्तक बनेर प्रस्फुटित भएका छन् । आमालाई विम्ब वनाएर उधिनिएका केहि थान मुक्तक कृतिभित्र समावेश गरिएका छन् । जिन्दगीप्रतिको भोगाइलाई समेटेर गरिएका परिभाषा छन् । मान्छेका जीवनका मित्रता, सम्बन्धमा पाएका धोकाघडी लगायतका अनेकानेक अवयबहरु मुक्तकहरुमा उतारिएका छन् :

यो भत्केको छानोभित्र संसारको टुक्रा थियो
को आयो के आयो पोल्टोको खुसी लियो
दुबो सिस्नो उम्रियो ढोका आँगनको छातीमा
कस्तो पाषाण युग छोडेर विष अमृत पियो ।
(मुक्तक-१२५)

अहिले अशान्तिका काला बादलहरुले आक्रान्त छ समाज । यसैले छोपिरहेछ जनताका चाहाना र आकाँक्षा । दुःखका भुमरीमा परेका छन् आम मान्छेहरु । उनीहरुका दुःख,पीडा र अभावका पक्षधरता लिन्छन् । गरिखानेहरुको पक्षपोषण गर्छन् । जयरामसङ्ग पवित्र मन छ । सकारात्मक भाव छ । सत्यको पक्षमा बोल्ने मुख छ । कालो र सेतो छुट्याउन सक्ने विवेक छ । अभिमानीहरुको विरुद्ध जेहाद छेड्ने शक्ति छ । आँटिला छन् जयराम जस्तै उनका मुक्तकहरु । कतिपय मुक्तकमा समाजको विद्रुप चरित्रको चिराफार विशेषता बनेर आएको छ । देशमा सुशासनको प्रत्याभूति नभएको तर्फ एउटा सचेत लेखकको धर्म

निर्वाह गरेका छन् । आक्रोस ओकलेका छन् ।

मुक्तककारमा पर्यावरणीय चेत प्रचुर छ । मान्छेले प्रकृतिको दोहन गरेकोप्रति उनी सन्तुष्ट देखिँदैनन् । उनलाई थाहा छ पर्यावरण मान्छेको जीवनसङ्ग प्रत्यक्ष एवं परोक्ष जोडिएको विषय हो । वातावरणीय प्रदुषण र दोहनप्रति चिन्तित छन् । यतिमात्र कहाँ हो र प्रकृतिका अनुपम सौन्दर्यका पारखी भएकोले उनमा प्रकृतिप्रेम र यहाँको सौन्दर्ययुक्त रुपको वर्णन गर्छन् । छिमेकीले मातृभूमिमाथि गिद्देनजर लाएर धावा बोल्दाको पीडाले पनि मुक्तक सिर्जना भएको छ । एउटा उदाहरण हेरौंः

मानो पाथी दुना टपरीको बेला गएर होला
बढ्यो आधुनिकता गाउँ विकास भएर होला
पुर्खाले सिर्जेको सम्पत्तिमा धावा बोल्छ छिमेकी
अस्तित्व गुमाई आफ्नो पराई नीति सहेर होला ।
(मुक्तक-५७)

मुक्तकहरूले गम्भीर भाव अभिव्यक्त गरेका छन् । सकारात्मक गन्तव्य पहिल्याएका छन् । हामीले व्यक्त गर्न नसकेका पीडाहरू मुक्तकमार्फत जयरामले व्यक्त गर्न सकेका छन् । फूल जस्तै कोमल छन् । भावनाको प्रचुरता उस्तै छ । शीर्षक जस्तै जीवन्त विम्ब प्रयोग भएका छन् । मिथक कतै छन्, प्रतीक उस्तै छन् । यस्तो लाग्छ उनले दिल खोलेर दिलले नै लेखेका मुक्तक छन् । चटारो परेको छ -विकृतिविरुद्ध जेहाद छेड्न । हतारोमा छन- अन्यायको खिलापमा कलमको शक्ति देखाउँन । हतारो छ मनका भावनाहरु अभिव्यक्त गर्न । यति भएपछि भन्न सकियो -उनका मुक्तक प्रेमिल समयलाई जग बनाएर खडा भएका छन् । गहन भाव र विषयमा केन्द्रीत छन् । यति सुन्दर मुक्तक कृतिका निम्ति हार्दिक शुभकामना ।


**नववर्ष २०८३ को सुखद् अवसरमा**
**विद्यार्थी, शिक्षक, अभिभावक तथा**
**सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति र समृद्धिको**
**हार्दिक मङ्गलमय शुभकामना**
**व्यक्त गर्दछौं ।**

**त्रिकुटेश्वरी माध्यमिक विद्यालय, परिवार**
**(School of electrical Engineering)**
धुनिबेसी-३, धादिङ

# उपन्यासकार तुलसीप्रसाद भट्टराई र 'मास्टरबाबु' उपन्यासको सेरोफेरो



– बद्रीप्रसाद ढकाल

उपन्यासकार तुलसी भट्टराई (२००५) ओसे ताप्लेजुङ्मा जन्मिएका स्रष्टा हुन् । उनले नेपाली साहित्यमा उपन्यास, कविता, निबन्ध, यात्रासंस्मरण, समालोचना र अनुवादमार्फत् योगदान पुऱ्याउँदै आइरहेका छन् । लामो समयदेखि नेपाली साहित्यमा सक्रिय भट्टराई वि.सं. २०२५ मा 'समर्पण पत्रिकामा 'तेही रहेछ' कथा प्रकाशित गरेर साहित्यिक यात्रा लागेका हुन । भाषा, साहित्यका करिब डेढ दर्जन पुस्तक प्रकाशन गरेका डा. तुलसी भट्टराईका तीनवटा उपन्यास- जीवन यस्तै हो (२०३४), उ पनि त मान्छे हो (२०४०) र मास्टरबाबु (२०७८) प्रकाशित छन् ।

मास्टरका रूपमा पेसा गर्दाका अनुभव र अनुभूति सँगालेर लेखिएको मास्टरबाबु सामाजिक यथार्थवादी उपन्यास हो । उपन्यासकार पनि यही समाजकै पात्र हो । उसले भोगेका यावत् कुरालाई सरल सुबोध्य भाषाका माध्यमले आफ्ना हर्ष-शोक, सुख-दुःख, सपना-यथार्थ आदि भावलाई कलात्मक तवरबाट अभिव्यक्त गर्दछन् । 'मास्टर बाबु' नेपाली साहित्यको सामाजिक-यथार्थवादी उपन्यास हो, जसमा शिक्षक वर्गको जीवन, सङ्घर्ष र समाजप्रतिको योगदानलाई गहिरो रूपमा चित्रण गरिएको छ । यस उपन्यासले आदर्श र यथार्थबीचको द्वन्द्वलाई केन्द्रीय विषय बनाएर नेपाली समाजको यथार्थ स्वरूप प्रस्तुत गरेको छ । मुख्य पात्र प्रसन्न अर्थात् 'मास्टर बाबु' एक इमानदार, कर्तव्यनिष्ठ र आदर्शवादी शिक्षक हुन् । उनले शिक्षाको माध्यमबाट समाजलाई सुधार्ने सपना बोकेका हुन्छन् । तर आफ्नै जीवन सहज र सुखद रहेको देखिन्न । उनी आर्थिक अभाव, पारिवारिक जिम्मेवारी र सामाजिक उपेक्षाको चपेटामा परेका छन् । यसरी लेखकले एक शिक्षकको जीवनको यथार्थ चित्रण गर्दै समाजको विडम्बनालाई उजागर गरेका छन् । पूर्वी नेपालको किराँत क्षेत्रमा जन्मिएको प्रसन्नले मास्टरी कालमा भोगेका जीवनका पक्षको चित्रण उपन्यासमा गरिएको छ ।

एउटा सुयोग्य इमान्दार पात्र ठुलो मान्छे बन्ने आकाङ्क्षा बोकेर काठमाडौं खाल्डो छिरेको र अनेकौं समस्या भोग्दै जिविकानेपार्जनका लागि पुन ः मास्टरी र ट्यूसनमै भर पर्नु परेको अवस्थालाई उपन्यासमा चित्रण गरिएको छ । त्यसैले उपन्यासको शीर्षक र पात्र नै मास्टर बाबु पात्र केवल एक व्यक्तिको

प्रतिनिधित्व मात्र होइन, बरु सम्पूर्ण शिक्षक वर्गको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । उनी ज्ञान बाँड्ने व्यक्ति भए पनि समाजले अपेक्षित सम्मान र सुविधा दिन सकेको छैन । यही अवस्थाले उपन्यासमा गहिरो व्यङ्ग् यात्मक र यथार्थपरक स्वर सिर्जना गरेको छ। लेखकले देखाउन खोजेका छन् कि समाजलाई सही दिशा दिने शिक्षक नै जब उपेक्षित हुन्छ, तब समाजको विकास असन्तुलित हुन्छ ।

उपन्यासको अर्को महत्वपूर्ण पक्ष यसको मनोवैज्ञानिक गहिराइ हो । मास्टर बाबुको आन्तरिक द्वन्द्व–आदर्शलाई जोगाइराख्ने चाहना र कठोर यथार्थबीचको सङ्घर्ष–अत्यन्त मार्मिक रूपमा प्रस्तुत गरिएको छ । उनी आफ्नो कर्तव्यबाट विचलित हुन चाहँदैनन्, तर जीवनका कठिनाइहरूले बारम्बार निराश बनाउँछन् । पाठकलाई उनको पीडासँग भावनात्मक रूपमा जोड्न सफल बनाउँछ । संरचनागत सूक्ष्म आयामको उपन्यास भएता पनि यस कृतिमा सामाजिक यथार्थको चित्रण अत्यन्त सशक्त रूपमा गरिएको छ । उपन्यासमा नेपाली समाजको सामाजिक अवस्था, गरिबी, असमानता, बेरोजगारी र शिक्षाप्रतिको उदासीनता जस्ता समस्यालाई लेखकले सरल तर प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । भाषा-शैली पनि सहज, स्पष्ट र भावनात्मक छ, जसले पाठकलाई कथा भित्रै तान्छ र आफैंले भोगजस्तो अनुभूति हुन्छ। मानिसले आफूले गरेको कार्यप्रति कहिल्यै सन्तुष्ट हुन सक्दैन । ऊ पटकपटक पेसा परिवर्तन गर्न चाहन्छ भन्ने मनोविज्ञानलाई उपन्यासले प्रस्तुत गरेको छ । सानो संरचनाभित्र समाजको भरपुर चित्रण भएको उपन्यासमा कथानकले मास्टरबाबुले भोगेको जीवनक्रमको घटनालाई सहज सङ्घर्ष माने पनि उपन्यासमा कतिपय ठाउँमा निराशावादी स्वर बढी देखिन्छ । सकारात्मक परिवर्तनको स्पष्ट मार्ग देखाइँदैन, जसले पाठकलाई केही हदसम्म निराश बनाउँछ । यही यथार्थपरक प्रस्तुति नै यस कृतिको शक्ति पनि हो । यसले समाजको वास्तविक अवस्थालाई ढाकछोप नगरी प्रस्तुत गरेको छ।

समग्रमा, 'मास्टर बाबु' पन्यासले नेपाली समाजमा शिक्षकको अवस्थालाई उजागर गर्दै मानव मूल्य, सम्मान र सामाजिक चेतनाको प्रश्न उठाएको छ। यो कृति केवल एक व्यक्तिको कथा मात्र नभई समाजकै ऐना हो । यसले पाठकलाई सोच्न बाध्य पार्छ कि ज्ञान दिने व्यक्तिलाई उचित सम्मान नगर्ने समाज कति हदसम्म उन्नत हुन सक्छ। अन्ततः, 'मास्टर बाबु' एक सशक्त सामाजिक उपन्यास हो, जसले आदर्श र यथार्थबीचको द्वन्द्वलाई मार्मिक रूपमा प्रस्तुत गर्दै समाजलाई आत्ममूल्याङ्कन गर्न प्रेरित गर्छ। उपन्यासको सुरुवात मास्टर बाबुको परिचयबाट हुन्छ । उनी एक इमानदार र कर्तव्यनिष्ठ शिक्षक हुन्। ग्रामीण/सामाजिक परिवेश, विद्यालयको अवस्था र उनको जीवनशैली यसरी प्रस्तुत गरिएको छ :

काठमाडौंका यस्तै यस्तै हजारौं के

लाखौं अस्थायी बासिन्दाका भिडमा आइपुग्छन् प्रसन्न पनि । पूर्वी किराँत क्षेत्रमा जन्मे हुर्केका यी प्रसन्नले स्नातक पनि काठमाडौंबाटै पुरा गरेर करीब एक दशकदेखि माध्यमिक शिक्षकका रूपमा स्थायी भएरै काम गर्दैथिए। गाउँमा आफ्नो ट्यूसन राम्रो चलेको थियो ।

एउटा सुयोग्य, इमान्दार र आदर्श शिक्षकका रूपमा आफ्नो विद्यालयमा मात्र होइन जिल्लाभरि नै यी प्रसन्नको नाम चर्चित थियो । एसएलसीको परीक्षाभन्दा अधिका चार पाँच महिना त प्रसन्नका घरमा बिहान चार बजेदेखि नै लाल्टिन र टर्चसँगै ट्यूसन पढ्ने विद्यार्थीहरू आइपुग्थे । बेलुकी पनि नौ बजेसम्म नै यो क्रम चल्ने गर्थ्यो । दिनमा सयजनाभन्दा बढीलाई ट्यूसन पढाउन भ्याउने गर्थे अनेक ग्रुपमा बाँडेर (पृ.६ )

शिक्षक जीवनको यथार्थ चित्रणमा उपन्यासमा मास्टरबाबुको दैनिक जीवन, कम तलब, आर्थिक अभाव र समाजमा शिक्षकप्रतिको उपेक्षालाई देखाइएको छ । समाज सुधार्ने सपना देखे पनि यथार्थ कठिन छ भन्ने यथार्थ जोडिएको छ भने पारिवारिक जिम्मेवारीको प्रश्नमा मास्टर बाबुको पारिवारिक जीवन–परिवारको आवश्यकता, आर्थिक दबाब र जिम्मेवारीहरू–प्रस्तुत भएको छ । अभावग्रस्त जीवनमा परिवारका पात्रको चाहनालाई रातोदिन मेहनत गर्दा पनि पूरा गर्न नसक्दाको यहाँ उनको व्यक्तिगत पीडा अझ प्रस्ट हुन्छ ।

मास्टरको आदर्श र सङ्घर्ष विपरीत कुरा भए पनि उपन्यासका मुख्य पात्र प्रसन्न स्वाभिमान र आफ्ना आदर्शमा अडिग रहन खोज्छन् । तर जीवनका समस्या र सामाजिक व्यवहारले उनलाई बारम्बार चुनौती दिन्छ । उपन्यासमा बेलाबेलामा आदर्श र यथार्थबिचको द्वन्द्व पनि चित्रण गरिएको छ ।

उपन्यासको कथावस्तु नै निम्नमध्यम वर्गको अवस्थाको चित्रण भएको र समाजको रूपरेखा भौतिकवादतर्फ ढल्केकाले डेरामा बस्ने पात्र जति ज्ञानी भए पनि गरिबको रूपमा हेर्दै सामाजिक उपेक्षाभावमा समाजले शिक्षकको योगदानलाई महत्त्व नदिएको अवस्था चित्रित भएको छ । मास्टर बाबुले आफूलाई अपमानित र उपेक्षित भएको पटकपटक महशुस गरेको पाइन्छ । उपन्यासमा मानसिक द्वन्द्वभित्र रुमल्लिएका मास्टरबाबु पात्र प्रसन्नको मनोवैज्ञानिक सङ्घर्ष गहिरो रूपमा देखिन्छ । उनी निराश, चिन्तित र द्विविधामा परेका देखिन्छन् भने कर्तव्य र जीवनबिचको द्वन्द्व तीव्र भएको देखाइएको छ ।

उपन्यासले पूर्वी नेपालमा जन्मेर काठमाडौंमा भविष्य खोज्न आएका मास्टरबाबुको जीवन चरम सङ्घर्षमा आर्थिक, सामाजिक र मानसिक दबाब चरम अवस्थामा पुग्छ । जीवनप्रति प्रश्न उठाउन थाल्छन् र आफ्नो अवस्थाबारे गहिरो चिन्तन गर्छन् उपन्यास अन्त्यतिर समाजको वास्तविकता उजागर गर्दै शिक्षकको सम्मान र मानव मूल्यको आवश्यकता देखाइएको छ । उपन्यासले केही समय अगाडिको नेपाली समाज र काठमाडौंको अवस्थाको चित्रण गरेको छ ।

# 'रगतको मूल्य' कथासङ्ग्रहमा कथाकार होमशङ्कर बास्तोलाका अभिव्यक्ति



– बाबुराम लम्साल

होमशङ्कर बास्तोला पूर्वी नेपालको ओखलढुङ्गामा जन्मेका स्रष्टा हुन् । पेसाले जागिरे भए पनि साहित्यको खेती गर्न पनि उत्तिकै रुचि राख्छन् । उनका आधादर्जनको सख्यामा कृतिहरू प्रकाशित भइसकेका छन् । 'रगतको मूल्य' साझा प्रकाशनबाट प्रकाशित कथासङ्ग्रह हो र उन्नाइसओटा कथाहरू समावेश छन् ।

सिप, कर्म र वर्गीयतालाई समाज व्यवस्थाले निरन्तरता दिइरहेको परिप्रेक्ष्यमा सामाजिक मूल्य स्थापित गर्न विभेदको विजारोपण गरिएको लामो इतिहास पश्चात् पनि अझै सामाजिक मूल्यको नाममा विभेदकारी नीति विद्यमान देखिन्छ । संवैधानिक हिसाबले जातविहीन चर्को नारा स्थापित गरिए तापनि मानवीय संवेदनालाई घातमा पुर्‍याउँदा आएका जटिलता हुन् । ग्रामीण परिवेश र सांस्कृतिक रीतिस्थितिका कारण पनि विभेदले जरो गाडेर बसेको छ । नेपाल सघीय गणतान्त्रिक मुलुक भए तापनि सहरको जस्तो अपनत्व गाउँले जीवनमा पर्न सकेको छैन । कानुन पनि हुनेखानेका लागि मात्रै छ तर हुँदा खानेका लागि आकाशको फल स्थापित भएको छ ।

पश्चिमा संस्कृति नेपाली माटोमा फैलिन थालेको छ । छाडातन्त्र आजको नीति बनेको छ । परम्परित मूल्यमान्यतामा क्रमशः ह्रास हुँदै गएका छन् । उपेक्षित, उत्पीडित तथा सीमान्तकृत वर्गप्रति राज्यले समेत गरेको अन्यायपूर्ण व्यवहारबाट महिला हिंसा दिनानुदिन बढ्दो क्रममा छ । गरिब, दलित तथा सामान्य जनता थिचोमिचोबाट आहात भएका छन् । व्यवस्था फेरिए पनि नागरिकका अवस्था पूर्वत्भन्दा गए गुज्रेको छ । सरकारी पक्षबाट तिरस्कृत भएका आमनागरिकले समुचित न्याय प्राप्त गर्न सकिरहेका छैनन् । उत्तरआधुनिक युगमा समेत थिचिएका, दबाइएका तथा किनारा लगाइएका वर्गले टाउको उठाउन नसक्नु राज्यको अकर्मण्यताकै उपज हो

कर्म, श्रम, यौवन र रगत चल्ने तर उनीहरुको पानी नचल्ने प्रवृत्तिले अमानवीयता प्रस्ट देख्न सकिन्छ । जीवनदान दिन तयार दलित समुदायको आत्मीय भावनालाई उच्च सम्मान गर्नु

सक्नुपर्छ । काटे सबैको उस्तै रङको रगत आउँछ । रक्तदान जीवनदान भनेझैँ त्यसैको सहाराले विलासी जीवन व्यतीत गरिरहेका मानव जीवनको भिख माग्ने क्रममा रगत चढाइएका हुन्छन् । 'रगतको मूल्य कति हुने रहेछ बुझ्नुभो नि । आज रगत नपाउनुभएको भए खरानी भइसक्नुहुन्थ्यो । दलितले छोएको पानी नचल्ने तर बाँच्न रगत चल्ने' (पृ. ३८) । मिठो खान, राम्रो लगाउन र शिक्षास्वास्थ्यजस्ता आधार भूत कुराहरूबाट पनि बन्चित गराउने वर्गले पाशविक वृत्तिलाई आत्मसात गरेको देख्दा दावानल बनेर भस्म पार्ने चेतनाको उद्घोष गर्न सक्नुपर्छ । समयको गतिशीलतासँगै कतिपय दलित समुदायका व्यक्तिहरु पनि प्राविधिक शिक्षा आर्जन गरी उदाहरणीय व्यक्ति बनेको दृष्टान्त पस्कन सकिन्छ भने कतिपय कथित दलित समुदायका मानिस दैला ठेलाबाट भित्र जान नपाउने अवस्था अझै जीवित छ । 'म बाहिरै बस्छु बिस्टसाप ।' यस कुराले प्रस्ट के हुन्छ भने सामाजिक मनोविज्ञानले समेत सीमान्तकृत समुदाय दबिएका र दमित भएका छन् ।

समाज व्यवस्था पनि विचित्रको छ । सियो चल्छ । धागो चल्छ । हँसिया हतौडा चल्छ । श्रम चल्छ । घरेलु सामान चल्छन् । चल्छ बैंस पनि । अचम्मको कुरा के छ भने साराका सारा चिजबिज चल्छ तर पानी नचल्ने कस्तो अनौठो सामाजिक संरचना र नियम पनि । जुन कानुनभन्दा माथि देखिन्छ । आज पनि मानिसका आवाज दबिएका छन् । पीडा व्यक्त गर्न नसक्ने अवस्था जीवितै छ । केही सहरिया सभ्यतामा हुर्केबढेका व्यक्तिलाई हेरेर सिङ्गो विपन्न वर्गलाई एउटै तराजुमा जोख्नुहुँदैन । जातले कथित माथिल्लो वर्गको भए पनि आर्थिक र सामाजिक प्रतिष्ठाका हैसियत निमुखो नै देखिन्छ । ती वर्गलाई पनि राज्यले विशेष सुविधा उपलब्ध गराई जीवनमार्गलाई सहज बनाउने दिशातर्फ लाग्नुपर्छ ।

नेपालका कतिपय यस्ता ठाउँहरु छन् जहाँ आज पनि मुखियाको इसाराले समाज चलिरहेको छ । कानुनलाई पाखा लगाएर आफै कानुनको हवाला दिने चरित्र सामाज व्यवस्था रहेको देखिन्छ । आर्थिक हिसाबले कमजोर, सामाजिक अवस्थाले निम्छरो र जातीय हिसाबले हेपिएको वर्गलाई केही मुठठीभरका व्यक्तिले थिचोमिचो गर्न पुगेका हुन्छन् । अल्पसख्यकले बहुसख्यकलाई पीडित बनाइरहेका हुन्छन् । स्वतन्त्रताका नाममा हिप्पीजमले जरो गाडेको छ । समाजका विकृति विसङ्गतिले जरो गाडेको छ । हुने खाने वर्गले गरी खाने वर्गलाई दमन गरिरहेका हुन्छ । ती वर्गले जघन्य अपराध गरे तापनि विविध कारण दर्साएर उन्मुक्ति दिने गरेको देखिन्छ । पुस्तौपुस्तासम्म ऋण बोकाएर दास बनाउने मनोदशा समाज संरचना देखा पर्दछ । '... तेरा बाबुले समेत मेरा लुगा सिएका थिए । ... कामी वा दमाई ...वर्षौवर्षसम्म... अर्झाप्ने र सिउने गरिरहेकै हुन्छन्' (पृ.२६) । मानापाथी दिएर बालीघरेका

नाममा वर्षौवर्षदेखि काममा जोताउने कार्य मानवीय र विचारात्मक हिसाबले निन्दनीय देखिन्छ ।

वर्तमान अवस्थामा पनि ठालुका आँखाले डामिएका युवतीहरूले डर, धम्की र त्रासका कारण अकालमा मृत्युवरण गर्नुपरेका कुरा सुन्दा जिउ सिरिङ्ग भएर आउँछ । एउटै टोलछिमेकका मानिसहरुले अनैतिक कार्य गरेर अरूलाई डाम्न खोज्दा आत्महत्या गर्न बाध्य पार्ने कचहरी समाज छ । समाजबाट लखेटिनुपर्ने बाध्यात्मक परिस्थिति निम्त्याउन ठालुहरुले कतिखेर कहाँ सिध्याउने हुन् पत्तै हुँदैन । 'तेरी छोरीको बैंस देखेर यसले गर्न नहुने काम गर्यो । ... तेरी छोरी मैले नै मार्न लगाएको हुँ । ... एक महिनाभित्र बच्चालाई यो गाउँमा देखेँ भने न बच्चा रहन्छ, न तँ ... यी उच्च जातका भनाउँदासँग दलितको पानी नचल्ने तर बैंसले उन्मत्त भएकी छोरीको यौवन चल्ने ... (पृ.२८) । दबाइएका र दबिएका आवाजलाई बुलन्द पार्न सक्ने क्षमता नभएका निम्न आयआर्जन भएका मुक वर्गको उत्थानको लागि चेतना र शिक्षाको आवश्यकता देखा पर्दछ । यसरी दुरुत्साहन गर्ने व्यक्तिहरुलाई कानुनी कठघरामा उभ्याएर हदैसम्मको दण्डसजाय दिई पीडित पक्षलाई राहत भर्न सक्नु कानुन र राज्य पक्षको दायित्व पनि हो ।

'रगतको मूल्य' कथासङ्ग्रहका अधिकांश कथाहरू सवाल्टर्न साहित्यसँग सम्बन्धित छन् । आज ब्रह्माण्ड एउटा ग्याजेटमा सीमित हुन पुगेको छ । ज्ञान विज्ञानको चामत्कारिक कार्यले समाज धेरै विकसित भइसक्दा पनि कथाका पात्र चेतनास्तर कमजोर र अविवेकीपनले गाँजेको देखिन्छ । पुरानै शैली र ढर्रामा कथा कोरिएका छन् । गाउँले परिवेशले जीवन पाएको छ । कथाको विषयवस्तुले पाठकलाई कोठाचोटा वनजङ्गल, उकाली ओराली, देउराली भन्ज्याङ चौतारीमा सँगसँगै हिँडाएको छ । सायद कतिपय कथा निकै समय अगाडि लेखिएकाले पनि बदलिँदो समयलाई समेट्न नसकेको हो कि भन्ने प्रतीत हुन्छ । यस किसिमका कथा लेखिनु परम्परालाई पछ्याइरहेको आभास मिल्छ । हुन त कथाकारले समेत तीस वर्ष अगाडिदेखि लेखिएका र प्रकाशन गर्न ढिलो भएको स्पष्टीकरण दिएका नै छन् । कतिपय ठाउँमा अशिक्षित र अपठित वर्गले बोल्ने शैलीलाई प्रयोग नगरिनुले कथा बढी बनावटी भएको हो कि जस्तो भान पर्दछ । अतः नेपाली कथा साहित्यले रगतको मूल्य कथासङ्ग्रह पाएको छ । यो नै ठुलो उपलब्धी र प्राप्ती पनि हो । समग्रमा गरिबी, अभाव, अशिक्षा, पीडा, अज्ञानता, अन्धविश्वास, थिचोमिचो आदि कुरा उपयुक्त पात्र चयन गरी विचार सम्प्रेषण गर्न सक्नु कथाकारको सबल पक्ष हो । अन्तमा पात्रको उपस्थितिका आधारमा उचित भाषिका र भाषिक शब्दावली चयन गर्न सकेको भए कथा अझ उच्च कोटी र पुष्ट बन्न सक्ने कुरामा निस्सन्देह हुने थियो ।

# कवि कृसु क्षेत्रीको कविताकृति 'पसिनाको क्यानभास'मा श्रम र प्रेमको उङ्छवास



– बोधराज पौडेल

मैले कृसु क्षेत्रीका कविता पढ्न थालेको तीन दशक नाघ्यो । यौवन होस् वा आदिम सभ्यता, देशको दुरावस्था वा परदेशको पीडा सबै उनका कविताको सौन्दर्य हो । उनी कवितालाई कविता मात्र बनाउँदैनन् स्वर भरेर झङ्कृतसमेत पार्छन् ।

कविता, गजल वा विलयन लेखन तीनै विधालाई उत्तिकै न्याय गर्ने स्रष्टा हुन् कृसु । यदि कवितामा प्रेम र देश एकै पटक पढ्नु पर्‍यो भने कसलाई पढ्ने होला भनेर कसैले सोधे मेरो मनमा कृसु क्षेत्रीको तस्विर अगाडि उभिन्छ । उनी पचासको दशकमा सर्वाधिक रुचाइएका कवि हुन् । मैले चिन्दा उनी कवि भन्दा बढी गजलकार थिए । सायद गजलको वाह... वाह.... र अन्तिम बेन्चमा बसेर हल्ला गर्नुभन्दा कविताको बिम्वले उनलाई जित्यो । उनी कवि बन्नुको कारण यो पनि हुन सक्छ । अझ २०५७ को राष्ट्रिय कविता महोत्सवको प्रथम ताज भिरे पछि त उनको कविताको उचाइ झन सङ्लो बन्यो ।

मानिस सामाजिक प्राणी हो र समाजका हरेक चित्र र चरित्रसँग भलिभाँती जानकार राख्छ । मानिसको स्वभावमा देखिएको फरकपनको आँकलन गरेर होला कृसु मानिस भन्दा मान्छे भन्न बढी रुचाउँछन् । कृसुको कवितामा देखिएको यो आत्मज्ञान त्यसैको उपज हो । वास्तवमा आफुलाई घामबाट जोगाउन, उसैको सियाँलमा बसेर, उसैको हाँगा काटेर बन्चरोमा बिँड हालेर फेरि त्यही रुखलाई काट्न सक्ने क्षमता केवल मान्छेमा मात्र छ । यो यहाँ बिम्वको रूपमा आएको रुख वास्तवमा हाम्रो मानवीय स्वभावको चित्रण हो । हामी जसलाई सहयोग गर्छौं, आदर्श मान्छौं वास्तवमा तिनीहरूले नै कमजोर पारिरहेका छन् । आफन्तले हामीलाई सिध्याउन लाग्छन् त्यति परकाले गर्न सक्दैनन् भन्ने गहिरो भाव यो टुक्रा कविताले बोलेको छ । उदाहरणमा कवितालाई हेरौं -

रुखको सियाँलमा बसेर  
रुखकै हाँगा छिमल्दै  
रुख नै काट्ने  
बन्चरको बिँड ?

देश किन बनेन ? हामी चोकका चिया पसलमा बसेर चर्चा गर्छौं । देशको कमजोर आकृति हेर्छौं तर रोगको पहिचान र उपचारको खोजी गर्न सक्दैनौं । कृसु जुकाका कारण देश कमजोर भएको हो र यी परजीवी पहिले रगत मात्र चुस्थे अहिले देश नै सिध्याउन लागिरहेका छन् भन्छन् । फलतः उनीहरू मोटा हुँदै गएका

छन् र मेरो देश दिनप्रतिदिन मरन्च्यासे बन्दैछ उद्घोष गर्छन् । अझै बढ्दैछन्, यिनको समयमा नियन्त्रण गर्न ढिला गर्नु नहुने उनको तर्क छ। जुका कहिल्यै घटेन

बरु
अझ ढाडिइरह्यो
अझ फैलिइरह्यो
फरक यति छ
त्यसबेला परजीवी जुकाहरू
मान्छेको रगत चुस्थे
अचेल त देशकै रगत चुसिरहेछन् ।

मानवीय संवेदनामा पनि कृसु उत्तिकै सचेत छन्। हेर्दा नदेखिने र एक आपसमा जेलिएका यी असाधारण रेशाहरूलाई एकएक केलाएर हेर्छन् । र, भन्छन् मानिसले बाँचुन्जेल पनि संघर्ष गर्छ र मरेपछि पनि आँखाबाट आँसु बगाएर खरानी हुन्छ। हेर्दा आफु मर्दा आफन्तले आँसु बगाएको हो कि भन्ने बिम्व संकेत जस्तो देखिन्छ तर आफन्तको नभइ एउटा संघर्षपूर्ण जीवनको आहुतीको अन्तिम सत्य उजागर गरिएको छ ।

केही क्षणमै देखियो
खरानी हुँदै गरेको मुर्दा
तर कसैले देखेन
उसैको आँखाबाट बगिरहेको चिसो आँसु।

मानवीय संवेदनको अर्को उदाहरणमा सालिकलाई अघि सारेर फोडिने नै हो भने त्यो कलात्मक बन्नु के का लागि । त्यो रूप परिवर्तनको अर्थ के ? त्यो श्रम, सिप र पसिनाको के अर्थ भनेर आफैँले आफैँलाई ढुङ्गो बनाएर प्रश्न गर्छन् । तर यसको मर्म के हो भने हाम्रो शिक्षा, संस्कार र हाम्रो व्यवहार कसरी रूपान्तरण हुँदै गएको छ । के यसका हाम्रो ध्यान छ त ? हैन भने सालिक बन्नुको सट्टा हरेकको मनको मालिक बन्नु श्रेयकर होइन र भन्ने अभिप्राय उधृत भएको पाइन्छ । यसका हेर्दा सामान्य लाग्ने शब्दले पनि गहिरो व्यङ्ग्य चेत बोकेको छ । सालिक बनिने क्रममा

ढुङ्गाले पनि सोच्दो होला-
सालिक बन्नुको सट्टामा
किन बन्न सकिन्न
जनताको मनको मालिक ?

कृसु आर्दश मान्दैनन् । तर उनको कविताको यो अंशले एकपटक कायम रहेको विश्वास सजिलै तोड्न नसकिने संकेत गर्छ। मन्दिरको बिम्व मन्दिर नभएर कुनै आस्थाको धरोहर वा केन्द्र हो। कतै राजतन्त्रतिर गरेको संकेत त होइन भन्ने प्रश्न मनमा उब्जिन्छ। अहिलेको तन्त्रले पालेको दम्भ, भ्रष्टाचार, गुटबन्दी, बलत्कार र गठबन्धका विषय पनि कवितामा उल्लेख छ। तसर्थ यो जीर्ण भएपनि हाम्रो आस्थाको मूर्ति हो भन्ने बिम्व सटिक खोज गरिएको हुन सक्छ। म जीर्ण मन्दिर

तिमी आस्थाको मूर्ति बनिरह्यौ ।

कृसु नेपाल र अमेरिक दुबै देशको संस्कृतिसँग परिचित छन् । नेपाली रजोवती हुन् अभिशाप हो । अझ नेपालको अन्य भूभागमा यो विषयलाई सामान्य रूपमा हेरिएपनि पश्चिम नेपालमा भने अपराधका रूपमा हेरिदै आएको छ। यही कारण छाउगोठमा धेरै किशोरीले ज्यान गुमाएका छन् । फेरि शास्त्रले पनि 'रजोवती भएपछि नारी अशुद्ध हुन्छे' भनेको छ। तर व्यहारमा परिवर्तन ल्याउन सकेको छैन । सायद यही भएर होला कविले पनि यो तिम्रो सौन्दर्य हो रजोदर्शन भनेर उल्लेख गरेको । यसले नारीको भरोसा र साहस दुबैलाई बलियो

पारेको छ ।

रजोवती हुनु सृष्टिको ढोका खुल्नु हो
सौन्दर्य हो तिम्रो रजोदर्शन ।

प्रवासले संगाल्छ छातीभरि देशको माया । यौवनमा छरिन्छन् छताछुल्ल भएर रसरागहरू । टिभी र अखबारमा उस्तै सुनिन्छन् अमानवीय कार्यहरू । हाम्रा लागि यी सबै समस्या हुन् । तर कृसुका लागि यी सबै कविता हुन् । कविता केवल वर्णन मात्र होइन, यो बिम्वको चमत्कार, शब्दको लालित्य र भाषाको उज्यालो पनि हो । कृसु यी विषयमा सचेत छन् ।

मलाई मेरै आफ्नो गतिमा बग्न देऊ
मलाई तिम्रो साल गाढेको माटो चुम्न देऊ
तिम्रा पुर्खाको अस्तु बगेको बाटो घुम्न देऊ ।

कालीगण्डकीको आह्वान शीर्षकमा रहेको यो कविताले आफ्नो सभ्यता र पुर्खाको अस्तित्व खोज गरिरहेको छ । सबै परिर्वतन मानवका लागि हुन्, तर परिवर्तनका नाममा सभ्यताको अस्तित्वमाथि कदापि प्रहार गर्नु हुँदैन । नदीको नियमित चक्रमा पानी मात्र होइन हाम्रा पुर्खाको अस्तुसँगै अस्तित्व पनि उसैगरी बग्छ, जसरी नागवेली भएर कालीगण्डकी बगेको छ । नदी किनारमा देखिएका ढुङ्गा केवल ढुङ्गामात्र होइनन् । ती त हाम्रो आस्था र पुर्खाको अस्तु बोकेर जिवन्त उभिएका प्रमाण हुन भन्ने तथ्यलाई तर्कपूर्ण तरिकाले बयान गरिएको छ ।

अन्त्यमा, म उनै कविका शब्द सापट लिन्छु र भन्छु- पीडा बोधलाई शक्ति दिन, सत्ताको उन्माद घटाउन, शक्ति र एकाधिकारको दम्भ तोड्न, हो म पनि असभ्य बन्छु । असंस्कृत बन्छु । अपठित बन्छु । कारण म देशको अवस्था र राज्यले नागरिकप्रति गर्ने हेपाहा प्रवृति हेरेरे उदासीन बनेको छु । र, पर्खिरहेको छु त्यो समय जहाँ सूर्यको उज्यालो र जूनको आथित्यता बराबर हुनेछ धर्तीका लागि । हैन त कृसु दाजु !


**नववर्ष २०८३ को सुखद् अवसरमा विद्यार्थी, शिक्षक, अभिभावक तथा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

**राजु अधिकारी**
प्रधानाध्यापक एवं
**जनता माध्यमिक विद्यालय, परिवार**
(कृषि प्राविधिक शिक्षालय)
जितपुर-सिमरा उपमहानगरपालिका-१४ रजघट्टा, बारा

# साइनो कविताको छलाङ्ले बनाएको विश्वव्यापी पहिचान



– भीम क्षेत्री

साइनो कविताको नयाँ प्रयोग हो । यसको संरचना छोटो छ । थोरै शब्दमा निश्चित भाव व्यक्त गर्नु यसको विशेषता हो । क्रमशः ७, ८ र ९अक्षरे ३ पङ्क्तिको कविता व्यङ्ग्य चेतनायुक्त गतिलो अभिव्यक्ति बनेर प्रस्तुत भएको पाइन्छ । प्रवर्तनको ६ वर्षमै नेपाली,संस्कृत, नेपाल, थारु, अवधी, हिन्दी, अङ्ग्रेजी, मलेसियन, फिलिपिन्स, जापानी भाषाहरुमा लेखन प्रकाशन भइरहेको छ भन्ने सूचनाले गम्भीर बनाएको छ । नेपाली समेत अङ्ग्रेजी र विविध भाषाका २ दर्जनबढी पुस्तक प्रकाशित हुनु र झन्डै आधा दर्जन पत्रिकाले साइनो कविता विशेषसहित दर्जनौं पत्रिकामा सैद्धान्तिक लेख रचनाहरु प्रकाशित हुनुले साइनो कविताको लोकप्रियताले विश्वकै सर्जकहरुको ध्यानाकृष्ट गरेको देखिन्छ ।

पङ्क्तिकारले जानेबुझे अनुसार साइनो कविताको आरम्भ स्रष्टा छायादत्त न्यौपानेले २०७६ साउन १६ गते सामाजिक सञ्जालमा एउटा रचना प्रसारण गरेकै दिनदेखि भएको हो । लाग्छ व्यक्तिभित्रको प्रतिभा,ज्ञानशक्ति,सामर्थ्ययुक्त जीवन भोगाइले दिने अनुभव-अनुभूतिको सुन्दर संयोजनमा अलिकति काल्पनिक रङ भरेर दिइने अभिव्यक्ति साहित्य हो । ज्ञानशक्ति, जीवन, काल्पनिक रङ यी तीन पक्षहरूको समुचित संयोजनबाट सिर्जना हुने साहित्यिक विधा कविता, कथा, नाटक, निबन्धहरु मानिस, मानिसभित्रको अर्को मानिस, समाज, समाजभित्रको अर्को समाज,परिवेश,प्रकृति र प्रकृतिको मानवीकरण, आदिलाई सामूहिकीकरण गर्ने भाषाका शक्तिशाली माध्यम हुन् ।

यसै सिलसिलामा पछिल्लो समय देखिएका लघुकवितामध्ये साइनो जेठो संरचना मानिन्छ । यस संरचनाका ३ पङ्क्ति,२४ अक्षरले नेपाली संस्कृति र जीवनपद्धति जनाउँछन् । साइनो कविताको यो पाटा विशेष देखिन्छ । कतिपय विधाहरु इतिहासमा बिलिन भए भने कति थपिने र विकसित हुने क्रममा पनि छन् । यी नवीन संरचना स्वरुप लिएर आउँदै गरेका यस्ता उपविधाहरुमध्ये सशक्त लाग्छ साइनो कविता । यसक्रममा बाछिटा, छेस्का, उदक, सुसेली, हाइकु आदिले कविताको पछिल्लो चरणलाई सम्बोधन गरिरहेको पाइन्छ । तिनै लहरमा वर्तमानको सामाजिक परिवेश र विश्वव्यापी प्रतिस्पर्धा गर्दै युगसुहाउँदो बनेर आएको कविता उपविधा "साइनो"

को प्रयोग विशेष प्रभावकारी देखिन्छ । यसका अक्षरले नेपाली मौलिक संस्कार संस्कृति जनाउँछन् भने ३ पङ्क्तिले तराई, पहाड, हिमाल नेपाली भूमिको संरचना बताउँछन् ।

अचेल चल्तीमा देखिएका अन्य उपविधाहरूमा साइनोको उपस्थिति प्रथम र सशक्त रहेको कुराको पुष्टि साइनो वाङ्मय चौतारी, नेपालले भरखर मनाएको साइनो कविताको छैटौं जन्मोत्सव र यस अवसरमा प्रकाशित शृङ्खला साहित्यिक मासिकले प्रकाशन गरेको साइनो कविता विशेषले गर्छ । यसले नेपाली साहित्य-जगतमा मौलिक शैलीको इँटा थप्ने काम गरेको छ । नेपाली साहित्याकाशमा परिचित स्रष्टा/द्रष्टा डा.छायादत्त न्यौपानेले कविता विधाको उपविधा "साइनो" को प्रार्दूभाव गरी देश तथा विदेशमा समेत यसको प्रभाव छोड्न सफल भएको देखिन्छ । कविताको उपविधा साइनोको संरचनात्मक ढाँचा अति नै छोटो भए पनि यसका तीन पङ्क्ति वा लहरले बृहत् अर्थबोध गराउने सामर्थ्य राखेको पाइन्छ । जस्तै :

टुसाएन विचार<br>
भत्के संवेदित मन<br>
निभे चेतनाका चिराग । यसले बोकेको अर्थ गहनता मननीय रहेको छ ।

यसर्थ साइनो कवितालाई वर्तमान समयको सामाजिक परिवेश लिएर विश्वव्यापी बन्दै गरेको सूक्ष्म साहित्यिक अभिव्यक्ति मान्न सकिन्छ । यो आजको प्रतिस्पर्धी युगसुहाउँदो कविताको छरितो स्वरुप हो । वर्तमान युगमा बाँचेका व्यस्त मानिसहरूसँग लामा काव्य पढ्ने पर्याप्त समय छैन । एउटा बाँचेको संसार हेरेर अर्कोले पछ्याउने जमाना छ, एउटाको सिको गर्दै अर्कोले उसको जीवनस्तर पछ्याउने होडबाजी छ । प्रतिस्पर्धामा बाँचेको जीवन जहाँ जित्नेहरू मात्रै बाँच्न सक्छन् । सोझा सिधाले हार्ने हो र वर्तमान समाज हार्नेहरूको होइन भन्ने अघोषित चिन्तन हाबी छ । जो हार्छ ऊ स्वतः बिलिन भएर जान्छ । यो वर्तमान पुँजीवादले सिर्जना गरिदिएको रोगी अवस्था हो

नेपाली साहित्यको स्रष्टा-द्रष्टा व्यक्तित्व डा.छायादत्त न्यौपानेले साइनो कविता उपविधाको प्रादुर्भाव गरी आजको पाठकीय आवश्यकतालाई पूरा गरेको देखिन्छ । उनलाई हामीले धन्यवाद नदिइरहन सक्दैनौं । "साइनो" को संरचनात्मक स्वरुप तीन लहरको छ भने पहिलो लहरमा सात, दोस्रो लहरमा आठ र तेस्रो लहरमा नौ अक्षरको संरचना रहेको छ । मैले साइनोको सैद्धान्तिक स्वरुप सम्बन्धमा धेरै अध्ययन, मनन गरेर खँदिलो विश्लेषण गर्न त भ्याएको छैन तथापि जति पढे, मनन गरेँ र मेरो अन्तर्यले जे देखेँ त्यो मैले यहाँ लेखेको हुँ । साइनो संरचना र अर्थबोधलाई नियाल्दा पहिलो र दोस्रो लहर करण र कार्यलाई जोड दिएको देखिन्छ भने तेस्रो लहरले परिणामको बोध गराएको पाइन्छ । जस्तै :

मोटाए केही मान्छे<br>
भाषण गर्छ ओहदा<br>
सडकमा पोखिन्छ भोक ।

यहाँ भाषणमा मिठा मिठा गफ

लाउने मानिसहरु ओहदामा पुगेपछि भ्रष्टाचार गर्ने, आफ्नै मात्र चिन्तन गरेर निजी स्वार्थमा रमाउने प्रवृत्तिप्रति कटाक्ष गरिएको छ । म खाऊँ मै लाऊँ गरी आफै मात्र मोटाउने प्रवृत्ति हाबी भएको सन्दर्भलाई जोड दिँदै आखिरमा भोट दिएर जिताउने जनता भोक भोकै सडकमा भौंतारिनुपर्ने स्थिति सिर्जना भएको यथार्थ देखाइएको छ । यसमा समयसापेक्ष सन्देश उजागार भएको छ । केही मान्छे मोटाए, केहीले भाषण गरे, कति ओहदा कार्य, करण र सडकमा पोखिन्छ भोक परिणामको रूपमा देखिन्छ । यस्तै अर्को उदाहरण छ :

अँध्यारै छन् झोपडी
देश लुट्दै भ्रष्टहरू
जनता सधैंका भऱ्याङ ।

भ्रष्ट नेता, खन्चुवा कर्मचारी, लोभी व्यापारी सबैले सबैतिर भ्रष्टाचार,शोषण र अन्याय, अत्याचार मच्चाउँदैमा मस्त र व्यस्त छन् । जनताको रगत पसिनामा होली खेलिरहेको वर्तमान नेपालको यथार्थलाई तीन लहरमै तमाम कुराहरु अभिव्यक्त गरिएको छ । साथै सत्तामा पुऱ्याउने जनता भने जस्तालाई त्यस्तै कहिल्यै जनताको सुखको दिन आएन, भन्ने सन्देशलाई उजागर गरिएको छ । यहाँ पनि पहिलो र दोस्रो कार्य करण र तेस्रो लहरमा जनता सधैं भऱ्याङ मात्रै बनिरहने अवस्थाको सिर्जना भएको परिणाम देखिन्छ। यसरी डा.न्यौपानेले युग र विश्वपरिवेशलाई नियालेर कविताको उपविधा साइनोको संरचनात्मक ढाँचा तयार पारेको देखिन्छ । यो नेपाली वाङमयप्रेमीका लागि सुखद प्राप्ति हो ।

साइनो कविता नेपाली भाषा साहित्यले पाएको अत्यन्तै युग सान्दर्भिक छ र देशविदेशमा पनि लोकप्रिय हुने सम्भावना देखिन्छ । यसले विश्वव्यापी भएर नेपाल र नेपालीको सिर्जनात्मक शिर उठाउने बलियो सम्भावना देखाउँछ । हुन त यो विधाले अन्य पच्चिस/तीस देशका भाषा भाषीहरूको रुचिको विषय बनेर सिर्जनात्मक रूपान्तरण भइरहेको पाइन्छ तथापि साइनोले अझै बृहत् रूपमा फैलिएर विश्व साहित्यमा चिनिनका लागि लेखन, प्रकाशन र प्रचार-प्रसारको क्षेत्रमा थप काम हुन जरुरी छ। अन्त्यमा सम्पूर्ण साहित्यिक कर्ममा लागिरहेका साहित्यकार, कविहरुले एकपटक यो कविताको उपविधा साइनो सिर्जनामा ध्यान दिनु उपयुक्त हुन्छ । यो उपविधाको प्रवर्धनमा कलम चलाएर नेपाली मन-माटोले सिर्जना गरेको मौलिक रचना जुन वर्तमान युग सुँहाउँदो छ । यसबाट रसस्वादन गर्नु सचेत नेपालीको कर्तव्य पनि हुन आउँछ ।

यहाँनेर कुनै प्रशंसा नगरिकनै भन्न सकिन्छ डा.छायादत्त न्यौपानेले गरेको नवीनतम साहित्य लेखन/ प्रकाशन कर्मको अक्षरखेतीले मलजल पाओस् । यो कर्ममा न्यौपाने निरन्तर लागिरहून् । उनी नेपाली भाषा-साहित्यमा उज्यालो प्रकाश बनेर देखा परेको देख्न पाइयोस् । हामी नेपाली वाङ्मयप्रेमीहरु उनको थप साधनाले उचाइ छुने पर्खाइ र आशावादी जीवनदृष्टिको घुम्टो खोलेर निहारिरहेका हुनेछौं ।

# ज्ञानेन्द्र विवशको निबन्धसङ्ग्रह 'इन्द्रेणी सौन्दर्यको भाषा शैली



– प्रा.डा. माधवप्रसाद पोखरेल

'इन्द्रेणी सौन्दर्य' निबन्ध कृति हेर्न थाल्दा ज्ञानेन्द्र विवशको निबन्ध शैली आफ्नै किसिमको र अघिल्ला कृतिहरूभन्दा अझ परिमार्जित लाग्यो । सन्ताउन्न ओटा निबन्धहरूको सङ्गालो 'इन्द्रेणी सौन्दर्य' को सेरोफेरो यस चिनारीको विषय हो ।

ज्ञानेन्द्र विवश- कवि (पीडाका अनुभूतिहरू, २०४७), निबन्ध र नियात्राकार (क्यानभासका तरङ्गहरू २०५५, राराकी अप्सरा २०५८, मृत्यु उत्सव २०६०, आकृतिको आवाज २०६१, प्रणय र पाइला २०६१, अन्नपूर्णाका विम्बहरू २०७०, सुन्दरीचोक २०७५, अर्धकदको अवसान २०८१ र इन्द्रेणी सौन्दर्य २०८२), कलाकारका जीवनीकार (प्रसिद्ध अग्रज नेपाली चित्रकार २०७०, प्रसिद्ध नेपाली पौभाः कलाकार २०७०, प्रसिद्ध अग्रज कलाकार चन्द्रमानसिंह मास्के २०७६, प्रतिनिधि नेपाली कलाकार २०७८, कलाकार सिद्धिमुनि शाक्य : जीवन र कला २०७८) कलासमीक्षक, कला इतिहासकार (साँखुका सम्पदा र वास्तुकला २०७५) र उनी आफैँ चित्रकार पनि हुन् ।

यसरी विवशका निबन्धमा कवि, चित्रकार र कलासमीक्षकका तिन ओटै व्यक्तित्वहरू साँधिएका हुन्छन् । विवशका निबन्धमा संस्मरण र नियात्रा पनि जोडिन्छन् । यात्रा गर्नु विवशको प्यारो सोख हो । प्राकृतिक दृश्यावलीमा यी निबन्धकार धेरै रमाउँछन् भन्ने कुराको छनक त यसै सङ्ग्रहमा भएका पाँच ओटा निबन्धका शीर्षक (हिँडेको बाटो, यात्राका दृश्यहरू, घुम्नुको भोक, अविराम पाइला, शब्दहरूको यात्रा) हरूले पनि दिन्छन् ।

नियात्रा प्रायः एउटा ठाउँको मान्छे अर्को ठाउँमा पुगेर नयाँ र नौला कुराहरूबाट अलल्लिँदै आफूले त्यसभन्दा अगाडि देखे-भोगेका र अनुभव गरेका कुरासँग मिल्ने दृश्य र अनुभवलाई तुलनात्मक रूपले साँध्दै लेखिन्छ । नेपाली सर्जक र समालोचकले प्रायः संस्मरण शब्द व्यक्ति सम्झिँदा प्रयोग गर्ने चलन बनाएका भए पनि हरेक नियात्रामा पनि संस्मरण साँधिएकै हुन्छ ।

ज्ञानेन्द्र विवशमा नियात्रा, संस्मरण र निबन्धहरूमा 'शब्दहरूको यात्रा' जस्ता ' यात्रा' पनि पाइन्छन्, जसलाई सर्जकको मनले एक किसिमको आलङ्कारिक र काल्पनिक नियात्रा नै माने पनि पाठकले चाहिँ नियात्रा मान्न नसकेर निबन्ध मात्र मान्छ । भनाइको अर्थ के हो भने, सर्वसाधारण पाठकले जस्तो विधालाई निबन्ध ठानेका हुन्छन्, विवशका निबन्धमा विधाभञ्जन हुन खोजे जस्तो देखिन्छ ।

'यस्तो होस् निबन्ध' भन्ने शीर्षकको

निबन्ध त यो र यसभन्दा अघि प्रकाशित भएका निबन्ध सङ्ग्रहहरू सबैको साझे भूमिका जस्तो लाग्छ । यस सङ्ग्रहमा सङ्कलित निबन्धहरूलाई मोटामोटी रूपमा

- यात्रा केन्द्रित (हिँडेको बाटो, यात्राका दृश्यहरू, घुम्नुको भोक, अविराम पाइला र शब्दहरूको यात्रा),
- दृश्य/दृष्टि केन्द्रित (हेर्नुको अभिप्राय, ढोगभेटको चौतारी, देखेपछिको उर्वर मन, ननिदाए हुन्थ्यो रातहरू),
- अनुभूति केन्द्रित (अनुभूतिको अवतरण, पाइला र अनुभूति),
- स्मृति केन्द्रित (याद आइरहने सम्झनाहरू, सम्झनाको बिहान, स्मृतिका डोबहरू, सम्झनाको उत्सव),
- फुर्सद केन्द्रित (फुर्सदको दिन, हतार विनाका फुर्सदहरू),
- सौन्दर्य केन्द्रित (चाँदनी सौन्दर्य, मौनताको सौन्दर्य, प्रेमको सौन्दर्य, पराजयको सौन्दर्य, सौन्दर्यको अभिव्यञ्जना, इन्द्रेणी सौन्दर्य, सौन्दर्यको उपासना)
- अन्य/विविध (मनका चाहनाहरू, अक्षरको उत्सव, मर्नुपर्छ फेरि बाँचेर)

गरी सात वर्गमा बाँड्न सकिन्छ, तर सबै निबन्धहरूको मूलभूत विषय कुनै न कुनै पक्षको सौन्दर्य नै भएकाले सङ्ग्रहको शीर्षक पनि 'इन्द्रेणी सौन्दर्य' जुराएको हो जस्तो लाग्छ ।

भाषिक सौन्दर्य र कलात्मक/कल्पनात्मक कवित्व र कलाकारिता ज्ञानेन्द्र विवशका निबन्धको प्राविधिक धर्म हो । उनी शब्दलाई जोखेर राख्छन् । शब्द साहचर्यमा समासोक्ति अलङ्कार र व्याकरणात्मक विचलन सर्वत्र देखिन्छ । सबै निबन्धमा अन्तर्मुखी अभिव्यञ्जना, अर्थको आविष्कार, अनुभूतिमा निजत्व, चिन्तन, कल्पनाशीलता, सौन्दर्यको अभिव्यञ्जना र अभिव्यञ्जनाको सौन्दर्य पाइन्छ ।

यस्ता अनेक शैलिकीय विचलनले ज्ञानेन्द्र विवशका निबन्धहरूले आफ्नै विशिष्ट चिनारी बनाएका छन्


**नववर्ष २०८३ को सुखद् अवसरमा**
**समस्त किसान, सेयर सदस्य, कर्मचारी वर्ग तथा**
**सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा**
**सुख, शान्ति र समृद्धिको हार्दिक**
**मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।**

**प्रदीप सिंह बराल**
अध्यक्ष एवं
**साना किसान कृषि सहकारी संस्था लि. परिवार**
डुमरवाना, जीतपुर सिमरा उपमहानगरपालिका १५, बारा

# 'विश्वकर्मा भोजनालय' औपन्यासिक कृतिमा भेटिएका गङ्गाप्रसाद भेटवाल



– माधव शर्मा

उपन्यासकार गङ्गाप्रसाद भेटवालद्वारा लिखित 'विश्वकर्मा भोजनालय' सामाजिक यथार्थवादी हो । अनुसन्धान विमर्श नेपालले २०८३ साल वैशाखमा प्रकाशन गरेको यस उपन्यासले कथित दलित भनिएका समुदायको आमूल परिवर्तनका निम्ति विश्वकर्मालाई नायक बनाएको देखिन्छ। विश्वकर्मा भोजनालय शीर्षक उपन्यासको भूमिकामा दलित अभियन्ता मेघेन्द्र विश्वकर्माले लेख्छन्ः यो उपन्यास जातीय विभेद विरुद्ध सशक्त बौद्धिक हस्तक्षेप हो । प्रस्तुत उपन्यासले जातीय विभेद विरुद्ध बौद्धिक हस्तक्षेप गर्दै समान समाज कायम गर्नुपर्छ भन्ने विचार राख्दछ । उनले त्यो अभियानमा यो उपन्यास कोसेढुङ्गो सावित हुने कुरा बताएका छन् ।

प्रकाशकीय मन्तव्यकै क्रममा लेखिएको छ समाजमा व्याप्त दलित र तिनको अवस्था र संरक्षणका विषयको पक्षमा बौद्धिक तह र तप्काबाट लेखिएको विश्वकर्मा भोजनालय नै पहिलो सशक्त उपन्यास हो । प्राज्ञिक र बौद्धिक जगत्ले सङ्गठित रूपमा जातीय विभेद र क्षमतामूलक समाज स्थापनाका निम्ति अग्रसरता नदेखाइरहेको बेला गैरदलित समुदायको एक बुद्धिजीवीले सामाजिक रूपान्तरणको मार्गदर्शनसहित लेखिएको सामाजिक उपन्यास ' विश्वकर्मा भोजनालय' भएको बताइएको छ । उपन्यासले सामाजिक धार्मिक, सांस्कृतिक, आर्थिक र राजनीतिक विभेदको परम्परावादी संरचनालाई ध्वंस गर्दै नवीन मूल्य र मानवीय सम्मान एवम् समतामूलक समाज निर्माणमा भूमिका खेल्ने कुरा व्यक्त गरिएको छ ।

लेखकीय मन्तव्यमा प्रस्तुत ' विश्वकर्मा भोजनालय' उपन्यासको माध्यमबाट नेपाली समाजलाई समान रूपमा स्थापित भएको देख्न चाहेको, त्यसका लागि कानुनी र व्यावहारिक रूपमा कुनै पनि जाति, समूह, वर्गमाथि सानो ठूलोको भावना खडा हुने स्थितिको अन्त्य भई समाजमा समानताको भावना जागृत हुन सके समाजको संरचना सुन्दर हुने कुरा उल्लेख छ । नेपालको संविधानमा दलित शब्द प्रयोग भएको छ । यो शब्द सम्मानयुक्त शब्द नभएको र यो शब्दको प्रयोगबाट समान समाज निर्माण हुन नसक्ने विचारलाई अगाडि सारिएको उल्लेख छ । उपन्यासको भूमिकामा सबै समाज समान हुनुपर्ने र

कानुनको पनि सम्मानजनक व्यवस्था हुनुपर्ने कुरा उल्लेख छ ।

उपन्यासको कथानकमा विश्वकर्मा परिवार केन्द्रीय रूपमा छाएको छ । यो परिवार अस्ट्रेलियाबाट नेपाल आई सुर्खेत क्षेत्रमा बसोबास गरेको र त्यहीबाट व्यावसायिक क्षेत्रमा प्रवेश गरेको देखिन्छ। कथामा मुख्य पात्रहरूमा विश्वकर्मा परिवारका सदस्यहरू सुरज विश्वकर्मा, एलिसा विश्वकर्मा, राजु विश्वकर्मा र प्रतिभा विश्वकर्मा रहेका छन् । यी चारजना पात्रहरू नै यस उपन्यासका मुख्य पात्रहरू हुन् । पृष्ठभूमिका रूपमा यो परिवार हजुरबाका पालामा कालिकोटबाट सुर्खेत आइपुगेको अनि सुरज विश्वकर्मा र एलिसा विश्वकर्मा दम्पति पढ्नका लागि अस्ट्रेलिया पुगी शिक्षा र धन आर्जन गरेर २५ वर्षे अस्ट्रेलिया बसाइ बिट मार्दै नेपालको सुर्खेतमा फर्केर आइपुगेका देखिन्छन् । जसका कारण सुरज यो समाजमा बदलाव ल्याउन मैले केही गर्नुपर्छ भन्ने दृढप्रतिज्ञा गर्न पुग्छ र कथानक अगाडि बढ्छ ।

पारिवारिक सल्लाहमा विश्वकर्मा परिवारले विश्वकर्मा थरलाई स्थापित गर्न, सम्मानजनक थर हो भनेर प्रमाणित गर्न र विश्वकर्माले पकाएको सबैले खान मिल्छ र त्यो मिल्नुपर्छ भनेर सुर्खेतमा आफ्नै घरमा विश्वकर्मा भोजनालयको व्यवसाय प्रारम्भ गर्छन् । सुर्खेतमा खोलिएको विश्वकर्मा भोजनालय छोटो समयमा लोकप्रिय बन्छ। यो व्यवसायमा उनीहरू सफल बन्छन् र पैसा पनि कमाउँछन् । त्यसपछि एलिसा विश्वकर्मा जो राजु र प्रतिभाकी आमा र सुरजकी श्रीमती हुन् उनको जन्मदिनमा जन्मोत्सवको उपहारस्वरूप नेपालगञ्जमा भएको अर्को आफ्नै घरजग्गामा विश्वकर्मा भोजनालयकै नामको व्यवसाय व्यवस्थित तरिकाले गर्ने निर्णय गर्छन् । पछि यस्तै प्रकारको निर्णय काठमाडौँको भोजनालय खोल्न र अन्य व्यवसायी विस्तार गर्न जन्मोत्सवको अवसरलाई प्रयोग गरेका छन् । सुर्खेतबाट प्रारम्भ गरेको विश्वकर्मा भोजनालयले नेपालगञ्ज, काठमाडौँ हुँदै फाइभ स्टार होटल बराबरको व्यवसायमा विस्तारित भई देशभरि हजारौं होटल व्यवसायहरूलाई विश्वकर्मा भोजनालयसँग जोडेको घटना उपन्यासमा श्रृङ्खलाबद्ध अगाडि बढेको देखिन्छ ।

सुरज र एलिसाकी छोरी प्रतिभाले नेपालगञ्जलाई केन्द्रबिन्दुमा राखेर विश्वकर्मा भोजनालयको सर्किटलाई देशव्यापी बनाएकी छे । उसले अन्तरजातीय विवाह गरेर परम्परागत जातीय पर्खाललाई भत्काएर समान समाज बनाउन भूमिका खेलेकी छे । विश्वकर्मा परिवारको छोरा राजु केही समय सुर्खेत अनि नेपालगञ्ज बसे पनि उसको अधिकांश समय काठमाडौँमा रहेर विश्वकर्मा भोजनालयलाई स्थापित गर्दै व्यावसायिक क्षेत्रमा अगाडि बढ्छ । ऊ साना होटल व्यवसायी महासंघको केन्द्रीय अध्यक्षमा निर्वाचित भएर देशभरका साना होटल व्यवसायीहरूलाई व्यवस्थित बनाउने काममा सफल हुन्छ । उनीहरूले

विश्वकर्मा भोजनालयलाई खानपानको क्षेत्रमा सबै समाजले स्वीकार गर्ने स्तरमा पुऱ्याउँछन् । उपन्यासमा विश्वकर्मा भोजनालय देशका अन्य सामान्य होटल सरह सबै प्रकारका सेवाग्राहीले खान सक्ने अवस्थामा उनीहरूले पुऱ्याएर खानपानको क्षेत्रमा विभेद अब हुँदैन भन्ने कुरा स्थापित गरेका छन् ।

उपन्यासको कथावस्तुको पछिल्लो खण्डमा मुलुकमा लामो समयदेखि सुशासन हुन नसकेको र भ्रष्टाचार व्याप्त भएको अनि त्यसैको कारणले तत्कालीन सरकार भङ्ग भएर निर्वाचनमा मुलुक जाँदा राजु र प्रतिभासमेत तत्कालीन गठन गरिएको नयाँ दलको उम्मेद्वार बनेर चुनावमा गई विजय प्राप्त गरेर नेपालकै संसदमा प्रतिनिधित्व गर्न पुगेका छन् । राजु र प्रतिभाको दलले निर्वाचनमा दुई तिहाईभन्दा बढी मत प्राप्त गरेर विजय गरेको हुँदा नेपालका असमान कानुनहरूलाई संशोधन गर्न सक्ने अधिकार ती निर्वाचित संसदलाई रहने भएको हुँदा दलित शब्द खारेजी गर्न उपन्यासले प्रेरणा र जिम्मेवारी दिएको छ । उपन्यासको अन्तिम खण्डमा नेपालको संविधानमा व्यवस्था भएको दलित शब्दलाई सम्मानयुक्त शब्द राखेर संविधान संशोधन गर्नुपर्ने कुरा संसदमा विधेयकको रूपमा प्रस्तुत भएको कुरा उल्लेख छ । राजु र प्रतिभाले त्यो कुरा बाबा सुरजलाई सुनाउँदा अनुभवी सुरजले यस्ता विधेयकहरू सजिलै पास नहुन सक्छन्, तिनीहरूले त्यसको खबरदारी गर । यदि तिमीहरूको दलले पनि त्यसलाई सच्याउन सकेन भने आगामी समयमा हुने निर्वाचनमा जनताले निर्णय गर्नेछन् भनेर चेतावनी दिँदै उपन्यासलाई समापन गरिएको छ । नेपालबाट काम गर्न र पढ्न विदेश जाने परम्परा बन्द गर्दै नेपालमै पढ्ने र नेपालमै व्यापार, व्यवसाय, उद्योग गर्ने नेपालमा जे काम पनि गर्न सकिन्छ गर्न सकिन्छ भन्ने कुरा उपन्यासले मूल भावको रूपमा प्रस्तुत गरेको छ ।

नेपाली उपन्यास लेखनको परम्परामा कथित दलितहरूलाई स्थान दिने उपन्यासकारहरूमा मुक्तिनाथ तिमल्सिना (को अछुत ?, २०११), लीलाध्वज थापा (मन, २०१५), गीताकेशरी (कसिङ्गर, २०३४), गोविन्दराज भट्टराई (मणिपुरको चिठी, २०३४) र गर्भिप्रसाद भेटवाल (विश्वकर्मा भोजनालय, २०८३) उपन्यासलगायतका रहेका देखिन्छन् । नेपाली उपन्यास लेखन परम्परामा कथित दलित भनिएकाहरूलाई उच्च स्थान दिनमा उपन्यासकार गङ्गाप्रसाद भेटवाल उपन्यासकारभन्दा अगाडि देखिन्छन् । उनको उपन्यासमा विश्वकर्मा परिवारका चारजना सदस्यहरूलाई केन्द्रीय पात्रको रूपमा स्थापित गरेर उपन्यासको कथानकलाई सुरुदेखि अन्तिमसम्म प्रस्तुत गरिएको छ । यसरी नेपाली उपन्यासका सम्पूर्ण उपन्यासहरूको सर्वेक्षण गरेर अध्ययन गर्ने क्रममा दलित भनिएकाहरूलाई उच्च स्थानमा भूमिका दिने उपन्यासकार गर्भिप्रसाद भेटवाल नै हुन् र उनको उपन्यास विश्वकर्मा भोजनालयले जातीय व्यवस्थालाई भङ्ग बनाएको छ र सबै नेपालीहरू समान हुन् भन्ने भावनात्मक तथ्यलाई स्थापित गरेको छ ।

# नियात्राकार छविरमण सिलवालको 'अमेरिकाको घाम' कृतिको राप र ताप



**– राजाराम बर्तौला**

एउटा पृथ्वीमाथि लाग्ने घाम एउटै हो जहाँको लागि पनि । अमेरिकाको घाममा के त्यस्तो विशेषता छ कि लेखकले पुस्तककै नाम राख्न पर्‍यो । त्यसो त नाम देखेर नै उत्सुकताबस पढेको किताब 'अमेरिकाको घाम' हो । के खासै होला त उताको घाम । त्यहाँको घामले डामेपछि भनुँ या हिउँको चिसोले छामेपछि यता फर्कन चाहदैनन् नेपाली युवायुवतीहरू । केही दिनको भ्रमणमा गएका नियात्राकार छविरमण समेत मख्ख परेका छन् त्यहाँको भौतिक विकास देखेर । मानिसलाई आकर्षण गर्ने भौतिक र मानवीय विकास दुवै आवश्यकीय तत्त्ववहरू रहेछन् । उत्कृष्ट विश्वविद्यालयहरू पनि त्यही विकसित भनिएका मुलुकहरूमा छन् । सापेक्षित यस अर्थमा कि मानसहरू स्वभावैले घुमन्ते हो । घुमन्ते हुनु उसको प्राकृतिक गुण हो । मानिसहरूको डिएनएमा घुमन्तेको अणु छ । त्यसैले ऊ देशदेशावर चाहर्न पाउँदा खुसी हुन्छ ।

अमेरिकाको घाम नामक यो कृति पढ्दा शुरु शुरुमा झिनामसिना डिटेल धेरै भएजस्तो लाग्दछ र पढ्दै जाँदा ती ओझेलमा पर्दछन् र पाठकलाई सम्मोहन गर्दछ । कृतिको नाम नाम 'अमेरिकाको घाम' भनिए पनि अमेरिकाको घाम, लसभेगासको रङ्गिन रात, हुवर ड्यामा तीस मिनेट, रुबी फल्समा रमेको मन, युनिभर्सल स्टुडियोको भव्यता, लसभेगासदेखि लसएन्जलेससम्म गरेर छवटा शीर्षकमा अमेरिका भ्रमणको चर्चा छ भने स्लोभेनीयामा दश दिन, युरोपको नाट्यशालामा वृद्ध निर्देशक, रमणीय रोग्ला, स्लोभेनियन कलाकार योजेसंग नजरावे, हिंउ पर्दैछ, स्विमिङ्ग चल्दैछ पाँचवटा शीर्षकहरूमा स्लोभेनीया भ्रमणको र ब्रह्मपुत्रको किनारमा, खानाको सहरमा भोकभोकै गरी दुईवटा शीर्षकहहरूमा चीन भ्रमणका विषयमा लेखिएका नियात्रा छन् ।

शिक्षा आर्जनको लागि अमेरिका गएका छोराको विद्यावारिधिको दिक्षान्त समारोहमा भाग लिने उद्देश्यले अमेरिका यात्रामा निस्किएका छविजी जर्जिया राज्यको एटलान्टामा पदार्पण गर्दछन् । उनको अमेरिका यात्रा यहींबाट शुरु हुन्छ । विमानस्थलमा बाउलाई लिन आएको छोरो आफैले चलाएको सवारीमा बसेर हिँड्दा नै गौरवान्भित देखिन्छन् उनी । छोराको प्रगतिमा पिताको खुसी छचल्किएर पोखिएको छ कितावै भरि ।

कुलले नै प्रथम विद्यावारिधि पाउँदा देखिने गर्व यो स्वाभाविकै पनि हो ।

अमेरिकी जनजीवनबाट प्रभावित भएका केही विवरणहरू रमाईला देखिन्छन् । छोरो अमेरिका गएपछि बसाईको ब्यवस्था मिलाउँदै गर्दा पिताजीसँग सम्वाद गरेको रहेछ, 'मैले सोफा ल्याएँ ।' पिताजीले सोधेछन्, ' कतिमा ल्याएको हो । ' उत्तरमा छोरोले भनेछ, बाटोमा राखेको हुन्छ । कहाँ पैसा तिर्नु ! सित्तैमा ।'

विद्यावारिधि सुशोभन समारोहमा उपस्थित भएर सभाको अवलोकन गर्दा कोही पनि राजनीतिक व्यक्तित्व आमन्त्रित गरेको नदेखेर निकै प्रभावित भएछन् । उनी लेख्छन् कसैले पनि दुई-तीन मिनेटभन्दा बढी भाषण गरेनन् । अतिथिहरू समयभन्दा पहिल्यै पुग्दा रहेछन्, आफ्नो कारणले अरुको समय बरबाद नहोस् भन्ने उनीहरूको चाहना देखियो । अर्वन विश्वविद्यालयको स्थापनाबाट सहर नै गौरवान्ति भएको उदाहरणहरू देखाउँदै विश्वविद्यालयको भव्यताले प्रभावित भएको देखिन्छन् । स्थानीयहरूले आआफ्नो घरमा एउटा राष्ट्रिय झण्डा र अर्को विश्वविद्यालयको झण्डा राख्ने रहेछन् । जहाँ ज्ञानको सम्मान हुन्छ त्यहाँ मानवीयता प्रखर हुन्छ भन्ने तथ्य प्रमाणित हुन्छ ।

अलावामाबाट फ्लोरिडाको हडसन बिच घुम्न जाँदा समुन्द्रको विशालताबाट सम्मोहित भएको देखिन्छन् । कतै कतै समुन्द्रको गहिराई र यसको फैलाईबाट किंवा भयभित पनि बन्छन् । पहाडको उच्चताबाट, सगरको शीरबाट सागरको गहिराईमा पुग्दा देखिने भावनात्मक संवेगको फैलावट नियात्राकारको वर्णनमा पनि झल्कन्छ । पाठकलाई पनि समुन्द्रको पूर्बी कुनाबाट फुत्त निस्किएको सूर्य र पश्चिम किरनामा डुब्दै गरेको आभा हेर्ने लोभ जगाउँछ । टेनिसी राज्यको रुबी फल्स पढेर भौगोलिक मात्र नभएर यसको नामकरण र पर्यटकीय स्थलको विकासको अवधारणा समेतको ज्ञान आर्जन गरिन्छ । झरना नेपालीहरूको लागि नौलो होईन । तर रुबी फल्स विशेष रहेछ । कुनै समय त्यता पाईला परेछ भने हेर्न छुटाउन नहुने मध्येका पर्ने रहेछ रुबी फल्स ।

गुफाबाट हिँडेर जाँदा भेटिने जलप्रवाह र त्यसले सिर्जना गरेको अविश्वसनीय प्राकृतिक सौन्दर्यले पर्यटकलाई आकर्षण गर्ने रहेछ । यसरी हिँड्दै जाँदा कयौं स्थानमा महादेवका आकृति, गणेश र शेषनागका आकृति स्पष्ट देखिन्छन् । छोरो र अरू भाइ भतिजाहरूले लसभेगास घुमाई दिएछन् । हवाईजहाजमा लसभेगासतर्फको यात्रा गर्दै गर्दा विमानमा भेटिएकी सत्तरी वर्षीया परिचारिका देखेर स्तब्ध बन्दछन् नियात्राकार । जीवन रहुन्जेल हातखुट्टा चलाउनु पर्दछ । सकिउन्जेल आफ्नै कमाई खानु पर्दछ । यस्तो सोचले समाजलाई माथि उठाउँछ । भेगासले बोकेको शाव्दिक अर्थ घाँसे मैदान हेर्न चियाउँछन् नियात्राकार, तर देख्छन् मरुभूमीतुल्य शुष्क शहर । शहरको नाम र यथार्थबीचमा देखिएको भिन्नतालाई तिनवटा उखानहरूले वर्णन गरिएको छ; जसको सिंङ छैन उसको नाम तिखे, जोसँग धन छैन ऊ धनीराम, र

जो कमजोर छ उसको नाम शेरबहादुर । एउटै चिजलाई यति धेरै उखानहरूले प्रस्ट्याउँदा पनि लाग्ने अर्थ एउटै हो । यहाँ लेखकले चिनी धेरै खाएको देखियो ।

कुलेखानीको ईन्द्रसरोवरमा रमाईरहेका हामीहरूलाई अमेरिकी राष्ट्रपति हुवरको नाममा नामाकरण गरिएको हुवर ड्यामको जलाशयले लोभ्याउँछ । २००० मेघावाट विद्युत उत्पादन गर्ने हुवर ड्याम अेमेरिकी इन्जिनियरिङको नमुना हो र विकासको लागि प्रेरणा स्रोत पनि । हुवर ड्याम अवलोकन गर्न जाँदा बाटोमा जसरी लेखकले सोलार खेती गरेको देखे, त्यसबाट उनी त प्रभावित भए नै त्यसको सिको नेपालीहरूले पनि गर्नसके भन्ने लाग्दछ ।

अमेरिका त्यसै अमेरिका भएको होईन रहेछ भन्ने वाक्यांश धेरै ठाउँमा दोहरिएको छ । यसले लेखक अमेरिकी सपना र भौतिक प्रगतिबाट लोभिएको प्रतित हुन्छ । धेरै आशावादी हुँदा ससाना दृश्यले पनि मानिसलाई भ्रमित तुल्याउँछ । यस्तै होमलेस अर्थात घरवार विहीनहरूको सडकको बास देखेर चकित परेको अवस्था पनि किताव उल्लेख गरेका छन् लेखकले । उनी लेख्दछन्, यहाँ घरबार विहीनहरू धेरै देखिए । उनीहरूको हाउभाउ, रहनसहन, तथा स्थिति दर्दनाक देखियो । नियात्राकार आत्मियमित्र वीरमानको निमन्त्रणामा स्लोभेनीया गएका रहेछन् । यात्रा वृत्तान्त पढेर रमाईलो लाग्यो । कतै कतै सोचमग्न पनि बनायो । २०१५ इस्वीको डिसेम्बर महिनामा उनी त्यतातिर गएका रहेछन् टर्किस एअरको विमान चढेर ।

हिउँमा पौडिखेलेको र छेस्किन काण्ड रुमानी छ । वाईन कल्चरसँगको साक्षात्कार जोडदार छ । ठाउँ अनुसारको संस्कार, रीत र परम्परा यात्रालाई स्मरणीय बनाउने तत्व हुन् । खास भन्ने हो भने नियात्राको विशेष रसयुक्त भाग हो । कलाकारहरू यसै पनि भावुक हुन्छन् र रसिक पनि त्यसमाथि आर्टि योजे । पानी माग्दा जङ्गिएका र पानी खाने भए पल्लो घर जाउँ रक्सी खाने भए यता बस वाक्यांश बेजोड रसिक छ । मेरो घरमा तरुनी छोरी छे, सक्छौ भने लैजाउ जस्ता वाक्यांशहरूले लेखनीलाई रुमानी बनाएको छ ।

अन्तमा उनको तिब्बत र कुनमिनको यात्रा स्मरणयोग्य छन् । कुनमिनमा दक्षिण एसियाको लागि आयोजना गरेको पहिलो व्यापार मेलामा सरकारी अतिथिको हैसियतले सहभागी हुने अवसर यो लेखकलाई पनि मिलेको थियो । नुन र सुनको किस्सा जस्तै छ नेपाल र चीनको सम्बन्धको जालो । भाषिक कठिनाई भएपनि व्यापारिक लाभ हुने भएपछि सम्बन्धहरूलाई नजिक बनाउन केहीले पनि रोक्न सक्ने रहेनछन् । यस्तै देखिन्छ । यति राम्रो र जानकारी मुलक कृतिका लागि लेखक सिलवाललाई हार्दिक बधाई ।

**नवप्रज्ञापनको पूर्णाङ्क १११ को पृष्ठ ४९ मा प्रकाशित कविता पृष्ठ ५१ मा दोहोरिन गएकाले सच्याइएको छ ।**

# ‘उड्दै, गुड्दै, घस्रिँदै’ नियात्रा कृतिभित्रका रामप्रसाद अधिकारी



– राममणि ढुङ्गेल

‘ढिलो भयो । पत्तै नपाई अघिल्ला कृतिहरू आएका बिसौं बर्ष बितेछन् । यात्रा नभएका होइनन् । नलेखिएका पनि होइनन् । समयको अभाव पनि होइन । तथापि ढिलो भयो । कार्य व्यस्तता भन्दा पनि समयको व्यवस्थापन गर्न नसक्दा मैले यसलाई अस्तव्यस्तता भनेको छु । जे होस् ‘घिउको लड्डु टेढै भला’ भन्दछन् । ढिलो भएपनि पुस्तकले निस्कने जमर्को गऱ्यो, यहाँहरूको हातहातमा पुऱ्याउने प्रयास गरेको छु ।’ यो भनाई मेरो नभएर नियात्रा कृति उड्दै, गुड्दै, घस्रिँदैका सर्जक रामप्रसाद अधिकारीको हो । यसबाट अड्कल लगाउन सकिन्छ, चर्चा गर्न खोजिएको कृति उड्दै, गुड्दै, घस्रिँदैका लेखक ढिलो होस्, राम्रो होस् को सिद्धान्तमा विश्वास राख्छन् । उनको स्वीकारोक्ति छ - ‘मेची काली’ र ‘सिमरा एक परिचय’ नामका दुई कृति प्रकाशनमा आएको बिस वर्षपछि तातिएका हुन् ‘उड्दै, गुड्दै, घस्रिँदै’ साथ पाठकसामू उपस्थिति जनाउन । तेस्रो कृतिको सार्वजनिकरण गरेका छन् । जे होस् लड्डु टेढो किन नहोस् तर घिउसितको होस् । ‘

सुदृष्टि अधिकारीको कथन छ -‘ यात्रा धेरैले गर्छन्, थोरैले मात्र यात्रालाई परिपाठपूर्ण किसिमले अभिव्यक्त गर्छन् । अझ थोरैले मात्रै लिपिवद्ध गर्छन् र कृतिको रूप दिएर अझ धेरै कमले प्रकाशन गर्ने जमर्को गर्छन् ।’ हो ती धेरै कममध्ये पर्ने गणनायोग्य एक स्रष्टा हुनुहुन्छ रामप्रसाद अधिकारी । जो घुम्न रमाउनुहुन्छ, घुम्नुहुन्छ, आनन्द प्राप्ती गर्नुहुन्छ, अवलोकनमा यथेष्ट आनन्दानुभूति गरेपछि त्यो आनन्दानुभूति आफूमा सीमित रहन दिनुहुन्न र बाँड्नुहुन्छ आम पाठक माझ । त्यसैको एक वुँद उछिट्टिन्छ र आईपुग्छ मेरासामू पनि ‘ उड्दै गुड्दै , घस्रिँदै’ । ‘उड्दै गुड्दै, घस्रिँदै’ नामबाट नै थाहा हुन्छ- यो यात्राको फेहरिस्त हो, अवलोकनको दृश्यानुभूति हो, दृश्यानुभूतिपछिको स्वादिष्टता हो, प्राप्तीको बाँडचुड हो, मिठासपूर्ण त्यो लड्डु हो, मगमगी बासनादार सक्कली घिउको हो । हो, यो उहाँको अठोट हो, मौनम् अभिव्यक्ति लक्षणम्, बरू काम कम गर्ने, सकेजति गर्ने, तर जे गरिन्छ त्यो राम्रो गर्ने । भूमिका खण्ड बाहेक दुई सय दस पेजमा फैलिएको यो कृति ‘बैरागी’को सुन्दर र आकर्षक कलेवर साथ डिमाई साइजमा छ । मुखपृष्ठ र पहिलो पत्रमा यात्रा संस्मरण लेखिएको यो कृतिमा दोस्रो पत्रमा बिधा : नियात्रासङ्ग्रह उल्लेख पाइन्छ । यसबाट लेखकले यात्रा संस्मरण र नियात्रालाई एउटै हो भन्ने पुष्टि गर्न खोजे जस्तो देखिन्छ । जे होस् त्यो विज्ञजनबाट निरुपण हुने नै छ । तर यति

चाहि भन्न सकिन्छ 'उड्दै, गुड्दै, घस्रिँद' यात्रा साहित्य चाहिँ पक्कै हो ।

यस कृतिमा विभिन्न शीर्षकका तेइस वटा यात्रा साहित्य समावेश छन् । तीमध्ये केही धार्मिक यात्रा त केही शैक्षिक र अवलोकन भ्रमणका छन् । यात्राहरू प्राय नेपालका र केही भारतका छन् । कृतिभित्र प्रवेश गदै जाँदा लेखकका भावना कतै जहाज चढेर उड्छन् र फेवातालको पोखरा अवलोकन गर्छन् । कतै नौका विहारसम्मको अवस्थामा पुग्छन् र  हावामा कावा खाइरहेको चङ्गा जस्तै  कल्पनाका तरङ्गमा उड्छन् । कतै सडकमाथि चार पाङ्ग्रेको सहाराले चिप्लिँदै गर्ने गुडुवा साधनमा शरीर अड्याउँदै गुड्छन त कतै मोटरसाइकलमा चिप्लिन्छन् । हिँड्दै गर्दा फुर्दै गर्दा वखानहरू थपिन पुग्छन् पाउ लट्ठीका र लर्बरिन्छन् पनि । आफू चढ्ने मात्र पनि होइन आफ्नो पिठ्यूँमा पिताजीको भगवत् स्वरूपलाई चढाएर चिप्लिकिरा जस्तै आफू घस्रिन्छन् पनि । यस्तै यस्तै परिदृश्य कृतिभित्र पोखिएको पाइन्छ र सिङ्गो पुस्तकको नाम जुरेको देखिन्छ 'उड्दै गुड्दै, घस्रिँदै' जो सार्थक लाग्दछ ।

शीर्षकीकरणतर्फ दृष्टि दौडाउँदा- ' फाप्लु यस्तो ! नाम्चे कस्तो ?', 'गुल्मीको विचित्र गुफा', 'फेरि कुण्ड', 'सलहेसको फूलबारी' जस्ता केही शीर्षक बाहेक अन्यमा लाग्छ शीर्षक सामान्य छ तर अमूर्त छ किनकि शीर्षकले सङ्केतको भाषा बोल्दैन, शीर्षक पढेर यसभित्र यो होलाको अडकलबाजी चल्दैन । शीर्षक जब पढिन्छ तब पाठक अवश्य घोत्लिन बाध्य बन्छ । खासमा के छ यसभित्र ? उत्सुकता त्यहीँबाट शुरू हुन्छ जो अन्त्यसम्म रहिरहन्छ । यसलाई लेखकको विशेषता मान्नु पर्दछ । लेखकको अर्को विशेषता यात्राभित्र यात्रा मात्र बोल्दैन, समय बोल्छ,  देश बोल्छ, इतिहास बोल्छ, समाज बोल्छ, प्रवृत्ति बोल्छ , अवधारणा बोल्छ । केही नमुनाहरू यहाँ उल्लेख गर्दा प्रासाङ्गिक नै ठहर्छ भन्ने लाग्दछ -

'नेपाल मै पहिलो पटक बि. सं. १९९९ भाद्र ९ गते मङ्गलबार 'पुसमथ' नामको हवाइजहाज सिमरामा अवतरण भएको रहेछ ।' (गोठालो नै मालिक भएपछि, पेज ३) ।

'नेपालीले छाती ठोकेर भन्न सकून् 'मेरो देशको यो क्षेत्र भ्रष्टाचारमुक्त छ, वेथितिमुक्त छ, अछुतो छ, अनि चोखो छ, यो भ्रष्टाचारविहीन छ ।' जहाँ न्यायाधीस भ्रष्टाचारको मुद्दामा वर्खास्त गरिन्छन्, त्यो देशमा भ्रष्टाचार नभएको ठाउँ कहाँ पाइन्छ होला ?' (गोठालो नै मालिक भएपछि, पेज ४,५) ।

जोमसोममा पिताजी बिरामी पर्नु आफ्नै ठुलो बा र दाजुले छोडेर हिँडिदिनु र नितान्त एक्लो व्यक्तिले बिरामी पिताजीको हेरचाह र घर फर्काउन पोखराको प्लेन कुरेर बस्दा व्यहोरेको झन्झट टिकटको खोजी गर्दा आइपरेको दुखदायी अवस्थाको बयान -'मार्फा डिस्टिलरी' का प्रमुख, सेनाको कोटामा जहाज चढेको देखेपछि मन त्यसै निचोरिएर आयो जहाँ सि.डि.ओ.का समकक्षी दोस्रो दर्जाका हाकिमले सरकारी कोटा पाएनन् म जस्ता अदनालाई कसले पुछ्ने ?' (विदाईको साझ, पेज ३३,३४)

मानवता भन्दा स्वार्थ र मुलाहिजाले वढावा पाएको प्रसङ्ग -'आयु हुन्जेल बाँच्न पाउनुपर्छ भन्ने तर्क

बोकेर म विमानस्थलदेखि सि.डि.ओ. अफिससम्म पुगेँ । टिकटको कुरा परै जाओस् कसैको सहानुभूति पनि प्राप्त भएन । विमानस्थल पन्ध्र दिनपछि पालो आउँछ भन्ने राग अलाप्छ । सि.डि.ओ. मर्ने बाँच्ने ईश्वरको हातमा छ भन्छ ।' (विदाईको साझ, पेज ३४ )

सरकारी अस्पतालको अवस्था दर्शाउने अर्को कथन यस्तो छ - 'औषधि कि आफैले खसुक्क लगेर बेच्छन् कि म्याद गुजारेर मिल्काउछन् । बिना पैसा काटेको घाउमा पिसाब त फेर्दैनन् ।' (मात, पेज ३७ )

लेखकको निरासाको उत्कर्ष यसरी पनि पोखिन्छ -'यो कपटी र स्वार्थी जमात मानिसलाई किन प्रकृतिले सिर्जना गरेको होला ?' (मात, पेज ३९,४० )

यात्राको कुरा गर्दा मुक्ति क्षेत्र गोसाई थान लगायत धार्मिक यात्राहरूको प्रसङ्ग एकातिर छ भने विद्यार्थी लिएर शैक्षिक भ्रमण गएका प्रसङ्ग अर्कातिर छ कतै तीनसय पैसठ्ठी या तीनसय छैसठ्ठी दिनको वर्ष किन नहोस् ट्याक्कयाक्क ज्योतिषीले जस्तै बैशाख १ गते फुल्ने ऐतिहासिक सहलेस फूलवारीको प्रसङ्ग छ, कतै जन्त जान हिडेको मान्छे छलिएर रुमलिँदा झण्डै वेखर्ची हुन पुगेको रमाइलो प्रसङ्ग पनि पढ्न पाइन्छ ।

कृतिमा नियात्राका महारथी निर्मोही व्यासको सटिक भूमिका समाविष्ट भएको छ जसले पुस्तकको महकतामा सुगन्ध थप्ने काम गरेको आभास हुन्छ ।

अन्त्यमा निर्मोही व्यासका केही शब्दहरू सापटीमा उल्लेख गर्दै अन्त्य गर्न चाहन्छु : 'सरल, शुद्ध, चोखो, रसिलो, र सललल बगेको भाषाशैलीमा सिर्जिएको हुनाले यात्राको वस्तुवर्णनमा मात्र सीमित नभई निजात्मकता, रागात्मकता, स्वच्छन्दता, रसात्मकता, चित्रात्मकता, कल्पनाप्रवणता र रोचकता जस्ता गुणले आप्लावित हुनाले' यो कृति अवश्य पठनीय मननीय सग्रहणीय रहेको छ भन्न सकिन्छ ।


## काठमाडौँ महानगरपालिका
## वडा नं. २२ को कार्यालय, टेबहाल, काठमाडौँको

### अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू भएको ३५ दिनभित्र सम्बन्धित वडामा गई व्यक्तिगत घटना दर्ता गराऔं ।
- सार्वजनिक सम्पत्तिका संरक्षण गरौं र संरक्षण गर्न वडालाई सहयोग गरौं ।
- आफ्ना घर आँगनबाट उत्पन्न हुने फोहोर मैलालाई उचित व्यवस्थापन गरी सहरलाई स्वच्छ, सफा, सुन्दर हराभरा बनाउन सहयोग गरौं ।
- वडालाई बुझाउनुपर्ने घर-जग्गा कर, मालपोत दस्तुर, व्यवसाय कर, सम्पत्ति कर लगायतका कर तथा राजस्व समयमै बुझाई जरिवानाबाट बचौं ।
- तपाईंले तिरेको कर वडाको विकास निर्माणका लागि खर्च हुन्छ ।
- आवश्यक जानकारीका लागि कार्यालयमा सम्पर्क गरौं ।
- डेंगी रोगबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

# मानवीय संवेदना र सामाजिक यथार्थको ऐनाः 'रोकिँदै हिँड्दै'



– रुबि सत्याल

बहुमुखी प्रतिभाकी धनी प्रतीक्षा रिजाल बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिका-१६, स्वाभिमान बस्तीकी स्थायी बासिन्दा हुन् । स्वास्थ्य प्राविधिक (नर्सिङ) विषयको विद्यार्थी भएर पनि साहित्यमा उत्तिकै सक्रिय उनी स्नातक तहको अन्तिम वर्षमा अध्ययनरत छिन् । उनको पहिलो कृतिका रूपमा 'रोकिँदै हिँड्दै' (फुटकल रचना) नामक पुस्तक वि.सं. २०७८ चैत्र मा भुँडीपुराण प्रकाशन, काठमाडौँमार्फत बजारमा आएको हो । यस कृतिमा उनका एक दशकको अवधिमा विभिन्न पत्रपत्रिकामा प्रकाशित तथा अप्रकाशित सिर्जनाहरू सङ्ग्रहित छन् । लेखिक प्रतीक्षाको यस कृतिले नेपाली साहित्यका विभिन्न विधाहरूलाई एउटै ठाउँमा उनेको छ, जसमा १५ वटा कथा, ६ वटा नियात्रा, १० वटा समीक्षा, ३ वटा निबन्ध र १४ वटा कविता गरी जम्मा ४७ वटा रचनाहरू समावेश छन् ।

उनको लेखनमा सामाजिक यथार्थ, बालमनोविज्ञान, स्वास्थ्य क्षेत्रका चुनौती र राष्ट्रप्रेमको बलियो उपस्थित देखिन्छ । विशेषगरी कथाहरूमा अभिभावक र बालबालिकाबीचको सम्बन्ध तथा किशोर अवस्थाका उतारचढावलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । नियात्रा खण्डमा लुम्बिनी, पोखरा र मनकामना जस्ता पर्यटकीय क्षेत्रको सरल र प्रभावकारी वर्णन छ । समीक्षा खण्डले उनको बौद्धिक क्षमता र अन्य स्रष्टाहरूको कृतिलाई हेर्ने गहिरो दृष्टिकोणलाई प्रस्ट्याउँछ । 'रोकिँदै हिँड्दै' शीर्षकले नै जीवनको यात्रामा जस्तोसुकै अवरोध आए पनि अगाडि बढिरहनुपर्छ भन्ने सकारात्मक सन्देश प्रवाह गरेको छ । नर्सिङ जस्तो व्यस्त पेसामा आबद्ध हुने तयारीमा रहेकी युवतीले साहित्यका माध्यमबाट समाजका विविध पाटालाई उजागर गर्नु आफैँमा प्रशंसनीय छ र यो कृतिले उनलाई एक सम्भावनायुक्त नवोदित स्रष्टाका रूपमा स्थापित गरेको छ ।

प्रतीक्षाको 'रोकिँदै हिँड्दै' नेपाली कथा साहित्यको आकाशमा एउटा आशावादी र यथार्थपरक नक्षत्रका रूपमा उदय भएको छ । सङ्ग्रहमा समाविष्ट १५ वटा कथाहरूले समाजको पिँधमा रहेका मानिसका आर्तनाददेखि मानवीय

संवेदनाका सूक्ष्म पत्रहरूलाई अत्यन्तै सरल, तर मार्मिक ढङ्गले उधिनेका छन् । यी कथा केवल कल्पनाका उडान नभई नेपाली समाजका भोगाइ, विसङ्गति र नियतिका जीवन्त दस्तावेज हुन् । 'पछुतो' बाट सुरु भएको यो साहित्यिक यात्राले क्षणिक आवेग र कुसङ्गतले निम्त्याउने अन्धकारमय भविष्यप्रति सचेत गराउँदै 'खलासी भाइ' र 'यमुनाको भविष्य' जस्ता कथाहरूमार्फत बालश्रमको कुरूप अनुहारलाई नङ्ग्याएको छ । कलिला हातहरूमा कलम हुनुपर्नेमा श्रमको भारी बोक्नुपपर्ने विवशताले राज्य र नागरिक समाजको संवेदनहीनतामाथि कठोर प्रश्न प्रहार गरेको छ । लेखकले नर्सिङ पेसाका अनुभवलाई 'सहयोगी फूलमाया' र 'अभिलाषा' जस्ता कथामार्फत प्रस्तुत गर्दै सेवा र करुणालाई जीवनको सर्वोच्च आदर्शका रूपमा स्थापित गरेकी छन् । वैदेशिक आकर्षणको मृगतृष्णा र पहिचानको सङ्कटलाई 'सपना' र ' निकाब' ले समेटेका छन् भने 'परीक्षा फारम' ले नेपालको जर्जर शिक्षा प्रणाली र बेरोजगारीको तीतो यथार्थलाई उदाङ्गो पारेको छ । 'रोकिँदै हिँड्दै' शीर्षकले नै जीवनको गतिशीलता र सङ्घर्षलाई दार्शनिक ढङ्गले आत्मसात् गरेको छ ।

नियात्रा विधाका माध्यमबाट प्रस्तुत गरिएको 'देश दर्शन' केवल भौतिक यात्रा मात्र नभई यो त जीवनको एउटा जीवन्त पाठशाला हो । लेखकले लुम्बिनीलाई भूगोलको एक सीमित खण्डका रूपमा मात्र नहेरी विश्व शान्तिको शाश्वत मुहान र नेपाली अस्मिताको गौरवमय मानकका रूपमा प्रस्तुत गरेकी छन् । मनकामना र जामाचो गुम्बा जस्ता आध्यात्मिक एवं प्राकृतिक स्थलहरूको वर्णन गर्दा धर्मलाई जड कर्मकाण्डभन्दा माथि उठाई प्रकृतिसँगको तादात्म्य र आत्मानुभूतिको कसीमा घोटिएको छ । नारायणहिटी दरबार सङ्ग्रहालयको चित्रणले यसलाई ईँटा र ढुङ्गाको निर्जीव संरचनाबाट मुक्त गरी नेपाली इतिहासको उतारचढाव, कला-संस्कृति र राजनीतिक रूपान्तरणको साक्षी 'जीवन्त ऐना' का रूपमा स्थापित गरेको छ। उच्च साहित्यिक लालित्ययुक्त यो नियात्राले पदयात्रा र प्रत्यक्ष अवलोकनका माध्यमबाट मानवीय चेतनाको क्षितिजलाई विस्तृत तुल्याउँदै आफ्नै माटो र मौलिक पहिचानप्रति अगाध प्रेम र राष्ट्रिय जिम्मेवारी बोध गराउने ओजपूर्ण वैचारिक सन्देश सम्प्रेषण गरेको छ ।

नेपाली साहित्यको समकालीन फाँटमा भक्त कार्कीको बालसाहित्यिक यात्रा स्तुत्य र अनुकरणीय छ । तेजप्रकाश श्रेष्ठको 'हाम्रो स्कुल' उपन्यासले वर्तमान शिक्षा प्रणालीका त्रुटीहरू औंल्याउँदै सुधारको मार्ग प्रशस्त गरेको छ भने बालबालिकामा सिर्जनात्मक ऊर्जा भर्ने काम गरेको छ । 'हामी ज्ञानी' र 'सहयोगी हात' जस्ता कृतिहरूले बालमनोविज्ञानका जटिल ग्रन्थीहरूलाई सम्बोधन गर्दै उनीहरूलाई नैतिक र जिम्मेवार नागरिक बन्न अभिप्रेरित गरेका छन् । सामाजिक

यथार्थको प्रखर ऐना बनेको ‘दमिनी कान्छी’ कृतिले जातीय विभेद र सामाजिक विसंगतिविरुद्ध सुधारवादी दृष्टिकोण अघि सारेको छ । त्यस्तै, ‘ गोल्डेन गेट’ ले विदेशी चमकधमक र पलायनवादी सोचभन्दा स्वदेशी माटोको सुगन्ध र आत्मसम्मानको मूल्य कति उच्च हुन्छ भन्ने सन्देश प्रवाह गरेको छ । विश्वका महान् व्यक्तित्वहरूको जीवन-सङ्घर्षलाई प्रस्तुत गरेर पाठकमा अदम्य साहस र प्रेरणा भर्ने कार्यले यी कृतिहरूलाई थप ओजिलो बनाएको छ । जय छाङ्छाको अनुसन्धानात्मक कृतिले नियात्रा विधालाई प्राज्ञिक उचाइ प्रदान गर्दै समाजलाई सचेत र सुसंस्कृत तुल्याउन विशिष्ट योगदान पुर्‍याएको छ ।

प्रस्तुत कृति ’रोकिँदै हिँड्दै’ को लेखकीय धरातल नेपाली समाजको कुरुप यथार्थ, राज्यको चरम संवेदनहीनता र सीमान्तकृत नागरिकका आर्तनादहरूलाई उधिन्ने एउटा प्रखर ‘शब्द-दस्तावेज’ हो । लेखकले यसमा विशेष गरी बालस्वास्थ्य क्षेत्रको लाचारी र स्वास्थ्यकर्मीहरूको शोषित श्रमलाई अत्यन्तै ओझपूर्ण साहित्यिक शिल्पका साथ उजागर गरेकी छन् । ‘बाल दिवस’ जस्ता आदर्शवादी नाराहरूको खोक्रोपन र कान्ति बाल अस्पताल जस्ता केन्द्रीय संस्थाहरूमा विपन्नका सन्तानले अकालमै ज्यान गुमाउनुपर्ने क्रुर नियतिलाई मुख्य विषय बनाएकी छिन् । नर्सिङ पेसालाई ‘मूल्यहीन’ बनाउने बजारु मानसिकता र व्यवस्थाको असफलतामाथि गम्भीर प्रश्न प्रहार गरेकी छिन् ।

काव्यिक सौन्दर्यले यस काव्यपुञ्जमा समाविष्ट कविताहरू केवल शब्दका थुप्रो मात्र नभई सचेत समाज निर्माणका संवाहक र मानवीय मूल्यका संरक्षक हुन् । यी रचनाले बाल-मस्तिष्कदेखि प्रौढसम्मलाई सजिलै प्रभावित पार्न सक्ने क्षमता राख्दछन् । ‘बिचरा त्यो चरोलाई’ जस्ता सिर्जनामा निहित प्राणीप्रतिको असीम अनुकम्पा र स्वतन्त्रताको उद्घोषले सहेको नैतिक धरातललाई उच्च बनाएको छ । ‘प्यारो हिमाल’ र ‘ऊ रहिछे जूनकिरी’ मार्फत प्रकृतिलाई जीवनदर्शनको अभिन्न अङ्गका रूपमा अनुभूत गराउँदै त्यसको संरक्षणलाई राष्ट्रिय अस्मितासँग जोडिएको छ । यद्यपि, ‘देश अघि बढेकै छैन’ मा व्यक्त राजनीतिक वितृष्णा र नेतृत्वको अकर्मण्यताले कविमनमा रहेको गम्भीर राष्ट्रिय चिन्तालाई उजागर गर्दछ । ‘उज्यालो राख्नलाई’ मा गरिएको सदाचारको खोजीले वर्तमान समाजको नैतिक स्खलनमाथि प्रश्न उठाएको छ ।

समग्रमा, प्रतीक्षा रिजालको ’रोकिँदै हिँड्दै’ देखि लिएर यहाँ चर्चा गरिएका विविध कृति र विधागत चिन्तनहरू नेपाली वाङ्मयका अमूल्य निधि हुन् । यी रचनाहरूले एकातिर सामाजिक यथार्थबोध गराएका छन् भने अर्कोतिर मानवीय मूल्य-मान्यताको पुनर्स्थापनाका लागि पैरवी गरेका छन् । कृतिको भाषाशैली सरल, सुबोध र ओझिलो हुनुका साथै छोटा वाक्य संरचना र गहन भावका कारण यी अत्यन्तै पठनीय छन् ।

# नवराज रिजालको 'नेपाली साहित्यका पच्चीस सर्जक': एउटा नवीन आयाम



**– शरद प्रधान**

नेपाली साहित्यमा जीवनी लेखनको इतिहास त्यति लामो छैन । कविवर तथा गजलकार मोतीराम भट्टले वि.सं. १९४८ (सन् १८९१) मा 'कवि भानुभक्तको जीवन चरित्र' लेखेर भानुभक्तलाई चिनाउने मात्र कार्य गरेनन्, जीवनी लेखन इतिहासको पनि श्रीगणेश गरे ।

भारतको दार्जिलिङबाट करिब १०० वर्ष पहिले सूर्यविक्रम ज्ञवालीले जीवनी लेखनको अध्याय शुरू गरे । उनीद्वारा लिखित 'भानुभक्तको जीवनचरित्र' (सन् १९२७) नेपाली साहित्य सम्मेलनद्वारा प्रकाशित पहिलो गैर-आख्यान पुस्तक थियो । भानुभक्तलाई नेपाली समाजमा पुनः चिनाउने काम सूर्यविक्रम ज्ञवालीले नै गरेका हुन । साहित्यको विकास नभए समाज पछाडि पर्छ भन्ने धारणा राख्ने ज्ञवालीले आफ्ना मित्रहरूसँग मिलेर साहित्य र समाजलाई योगदान दिइरहे । उनैले लेखेको 'पृथ्वीनारायण शाहको जीवनी' शाह वंशमाथि लेखिएको प्रथम अनुसन्धानात्मक लेख हो । उनले सर्वप्रथम 'द्रव्य शाह' (सन् १९३३) बारे खोजपूर्ण ग्रन्थ लेखे, पछि 'राम शाह' (सन् १९३३), 'वीर बलभद्र' (सन् १९४०), 'अमरसिंह थापा' (सन् १९४३) जस्ता पुस्तकमा गोर्खालीहरूको वीरगाथा लेखिएको छ । ज्ञवालीले 'नेपाली वीरहरू' (सन् १९४९) र 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास' लेखेर इतिहास लेखनलाई नयाँ आयाम दिए ।

वि.सं. २०२२ मा बाबुराम आचार्यको 'नेपालको संक्षिप्त वृत्तान्त' पछि उनको प्रमुख कृति 'पृथ्वीनारायण शाहको जीवनी' चार भागमा प्रकाशित भयो । नेपाली साहित्यमा शासकहरूको जीवनीबाहेक धेरै सन्त र साहित्यकारहरूले पनि जीवनीकार हरूको ध्यान आकर्षित गरेका छन् । कविहरूमध्ये भानुभक्त र देवकोटा प्रिय विषय हुन् । माथि उल्लेखित कृतिहरूका अतिरिक्त, भानुभक्तकै एक पनाति नरनाथ आचार्यको 'आदिकवि भानुभक्तको सच्चा जीवन चरित्र' (सन् १९६०) ले कविको जीवनमा केही नयाँ प्रकाश पारेको छ । मोतीराम भट्टको जीवनी (सन् १९३८) नरदेव शर्माले लेखेका थिए । आधुनिक कालको महान् त्रयीमध्ये एकका बारेमा दुई प्रमुख कृतिहरू नित्यराज पाण्डेको 'महाकवि देवकोटा' (२०१६) र चूडामणि बन्धुको 'देवकोटा' हुन् । केशवप्रसाद उपाध्यायको 'रिमालः व्यक्ति र कृति' (२०३२), वासुदेव त्रिपाठीको

लेखनाथमाथिको कृति, र ताना शर्माको बालकृष्ण माथिको कृति यस प्रकारका अन्य केही कृति हुन् ।

जनकलाल शर्माको महत्त्वपूर्ण कृति 'जोसमनी सन्त परम्परा र साहित्य' (वि.सं. २०२०) जोसमनी नामक स्वदेशी पन्थका सन्तहरूमाथि केन्द्रित छ । इन्द्र सुन्दासले उन्नाइसौँ शताब्दीका महान् भारतीय सन्त र उनका दुई प्रतिष्ठित शिष्य स्वामी विवेकानन्द र स्वामी अभेदानन्दको जीवनमाथि 'रामकृष्ण र तिनका दुई चेला' (सन् १९४१) लेखे । त्यस्तै राजनारायण प्रधानको 'पन्ध्र प्रसिद्ध पुरुष' (सन् १९६०, परिमार्जित संस्करण 'पैँतिस प्रसिद्ध पुरुष', सन् १९८२) र 'नौ नामी नेता' रोचक शैलीमा लेखिएका लोकप्रिय पुस्तक हुन् । तिनीहरूमा विश्वप्रसिद्ध व्यक्तिहरूको पाँच मिनेटे जीवनीहरू छन् । रामचन्द्र अधिकारीको 'प्रसिद्ध आठ महापुरुष' (सन् १९४०), पारसमणि प्रधानको ' पाँच पौरखी पुरुष' (सन् १९६९), 'अमर जीवनी' (दुई भाग), आनन्ददेव भट्टको ' हाम्रा प्रतिभाहरू' (सन् १९६२) नेपालका प्रसिद्ध लेखक, कवि र विद्वान्हरूमाथि, लोकेशचन्द्र प्रधानको 'अमर जीवनी' (सन् १९६१), लैनसिंह वाङ्देलको 'विश्वका चार महान् कलाकार' (वि.सं. २०३२), ताना शर्माको 'पश्चिमका केही महान् साहित्यकार' (सन् १९६९), शारदाप्रसाद घिमिरेको 'विश्वका कविको जीवनी' मा प्रसिद्ध नेता र साहित्यकारहरूको छोटो जीवनी रेखाचित्र प्रस्तुत गरिएको छ । पछिल्लो समय गोपाल पराजुली, योगेन्द्र तिमिल्सिना र भारतबाट पुण्यप्रसाद शर्माद्वारा लिखित जीवनीसम्बन्धी पुस्तक प्रकाशित छन् ।

जीवनी लेखनको १३५ वर्षे लामो शृङ्खलामा नवराज रिजालको नवीनतम् पुस्तक 'नेपाली साहित्यका पच्चीस सर्जक' ले यस विधालाई नयाँ रूप प्रस्तुत गरेको छ । रिजाल मूलतः आख्यानकार हुन्, तर उनको कलमले बालसाहित्यदेखि पत्रिका सम्पादनसम्म सबै छोएको छ । २६ वटा कृतिका लेखक तथा 'नवप्रज्ञापन' साहित्यिक पत्रिकाका सम्पादक रिजालको यो पुस्तकले उनले पढेको, भोगेको, देखेको र परिचित २५ जना विविध साहित्यिक व्यक्तित्वहरूको जीवनीभन्दा पनि उनीहरूको विभिन्न पक्षलाई समेट्दै आफ्नो आत्मानुभूति राखेका छन् । जीवनी लेखन सरल र सहज भए पनि रिजालले अख्तियार गरेको शैली अलिक कठिन छ, किनकि यसमा लेखकको अनुभूति, भावना र विचार प्रविष्ट भएका छन् । यस पुस्तकका लेखहरूमा भावुकता छ, आत्मीयता छ, हार्दिकता छ, तर सत्य-तथ्यलाई किनाराकृत गरिएको छैन ।

यस पुस्तकको भूमिकामा वासुदेव अधिकारी लेख्छन्- लेखकले नेपाली भाषाको स्वीकार्यताको सन्दर्भमा 'नेपाली गजलका पिता मोतीराम'मा लेखेका छन्- 'जतिबेला नेपालमा नेपाली भाषा बोलीचालीको माध्यम मात्र थियो, त्यतिबेलै भारतका विभिन्न ठाउँमा बसोबास गरिरहेका सूधपालगायत अन्य नेपाली भाषाप्रेमीहरूको लगनशीलता, समर्पण भाव, त्याग र योगदानका कारण पहिलो पटक कलकत्ता विश्वविद्यालयबाट नेपाली

भाषाले मान्यता पायो ।' सोही निबन्धमा अगाडि लेखेका छन् : 'गोरखा भारत जीवन' नेपाली भाषाको पहिलो साहित्यिक पत्रिका हो । नेपाली पत्रकारिताको माउ साहित्यिक पत्रकारिता मानिन्छ । मोतीराम भट्ट पहिलो पत्रकार र पहिलो साहित्यिक पत्रकार पनि हुनुहुन्छ ।' आफूले भोगेको वर्तमान लेख्न र ग्रहण गरेको प्रेरणा अभिलिखित गर्न नै प्रस्तुत कृति जन्मिएको सन्दर्भमा लेखक प्रत्यक्षदर्शी रहेको अनेक साहित्यिक घटनाको परिदृश्य आउनु स्वाभाविक छ । ०३६ को जनमतसङ्ग्रह, ०६३ मा जनक हुँमागाईंको अभिनन्दन, ०७३ वैशाखमा १०९ वटा संस्था मिलेर गरेका श्यामप्रसादको अभिनन्दन, ०८१ मा आनन्ददेव भट्टको नै अभिनन्दन, ०७६ माघमा नगेन्द्रराज शर्माको अभिनन्दन, २०८१ मा रोचक घिमिरेको अभिनन्दन, ०५० मा आफैं संस्थापित 'नवप्रज्ञापन'को प्रकाशन, २०१८ देखि 'रचना'को प्रकाशन आदि इतिहास टिपोटका विषय हुन् । त्यस्तै गोविन्द भट्ट र राजेन्द्र सुवेदीको निधनको तिथिमिति, महाकवि देवकोटाको वि. सं. २०४८ मा स्पापित कलैयाको शालिक ०६३/६४ मा तोडफोडमा परेको तीतो इतिहास र वि.सं. २०८१ मा जीतपुर सिमरा उपमहानगरपालिका वडा १६, स्वाभिमान बस्तीमा स्थापना भएको महाकवि देवकोटाको शालिकको प्रसङ्ग पनि आएका छन् । वि.सं.२०८१ चैतमा काठमाडौंमा भएको हिमवत्खण्ड खण्ड साहित्यकला संस्कृति सम्मिलनको प्रसङ्ग समेत जोडिएको प्रस्तुत कृतिले समकालीन सांस्कृतिक गतितिविधिमा लेखकको संलग्नताको पदचाप पनि समेटेको छ ।

विभिन्न कालखण्डमा लेखिएका भानुभक्तदेखि सुरू भएको लेख सम्झनाको तरेलीमा बग्दै पारिजात, गोविन्द भट्ट अनि जीवित कवि ज्ञान उदास, सम्पादक रोचक घिमिरे, मोहन दुवालसम्म आइपुगेको छ । लेखक आफ्नै भनाइमा यी लेखहरू लेखकको परिचय नभई आत्मानुभूति भएको बताउँछन् । उनी लेख्छन् : 'साहित्यका विभिन्न क्षेत्रमा आ-आफ्नो विशिष्ट स्थान बनाउनुभएका पच्चीस सर्जकलाई शिरमा राखेर पुस्तक तयार पारेको हुँ । सर्जकका बारेमा लेखिए पनि यी जीवनी होइनन् । रचनाहरूको व्याख्या, विश्लेषण वा समालोचना पनि होइन । यी माथि चर्चा गरिएका स्रष्टाहरूलाई मन, मुटु वा शिरमा राख्दै उहाँहरूले गर्नुभएका कर्म, विचार, सोच, आस्था, विश्वास र चिन्तन-मननमाथि मेरा आत्मानुभूति हुन् । कतिपय व्यक्तिबाट निबन्ध भन्न वा त्यसैको नाममा कृति प्रकाशित गर्न सुझाव, सल्लाह र परामर्श नपाएको होइन, तथापि मैले आँट गर्न सकिनँ । आत्मानुभूति कै नाममा पुस्तक तयार बनाएँ । तपाईं मेरो विचार वा धारणासँग सहमत वा असहमत हुनुहुन्छ ? जिम्मा तपाईंहरूको काँधमा छोड्न चाहन्छु ।' लेखकले नै पाठकमाझ पुस्तकको मूल्याङ्कन गर्ने जिम्मेवारी दिएका छन् । यस पुस्तकलाई कुन विधामा राख्ने भनेर तर यसलाई कुनै विधामा राख्नु भन्दा पनि यस्ले दिन खोजेको सन्देश महत्त्ववपूर्ण छ । लेखकले आत्मानुभूति नै भने पनि यसले नेपाली स्रष्टालाई परिचय गराउन मद्दत गरेको छ ।

# कवि राजेन्द्र तारकिणीको 'बिगन रामको मादल' कृतिमा प्रतिरोध चेतना



– डा.हरिप्रसाद सिलवाल

**विषय परिचय** : राजेन्द्र तारकिणी मूलतः कवि, कला-प्रविधि संयोजक तथा सम्पादक प्रतिभा हुन् । कविता लेखनको यात्रामा राजेन्द्र पन्तबाट 'तारकिणी' नाममा स्थापित छन् । फरक क्षमताका शारीरिक संरचनाले तारकिणीलाई कुनै असर गरेको छैन । बरु उनले साधारण शरीर संरचनाका मानिसले भन्दा अधिक प्रतिभा, लगन र सृजनशील शृङ्खलालाई अघि बढाइरहेका छन् । उनको काव्य यात्रा र सम्पादन तथा कम्प्युटर कला संयोजनले मात्रात्मकबाट गुणात्मक फड्को मारिरहेको छ । उनी स्रष्टा व्यक्तित्वका रूपमा मूलतः मुक्त लय योजनाका कविताहरू रचना गरी जीवन र जगत्प्रतिको आफ्नो आलोचनात्मक दृष्टिकोण तिखो शैलीमा व्यक्त गर्दछन् । यस लेखमा उनको बिगन रामको मादल (२०७९) कविता सङ्ग्रहको सामान्य समीक्षा गरिएको छ ।

कविको रचनागर्भ : राजेन्द्र तारकिणीले बिगन रामको मादल कविता कृतिमा आफ्नो कविता रचना गर्भको रहस्यलाई पर्दाफासका क्रममा अत्यन्तै मार्मिक भाव प्रस्तुत गरेका छन् । उनी कविताको दुनियाँमा आउनुको खास पृष्ठभूमि र कविताको शक्तिलाई यसरी व्यक्त गर्छन् : "मलाई पनि सम्भव हुन्थ्यो भने श्रवण किनेर सुन्न मन नभएको हैन । नढाँटी भन्नुपर्दा मैले आफ्नो श्रवण क्षमता आकस्मिक रूपमा गुमाउनु नपेको भए सायद म कविताको बाटो हिँड्ने थिइनँ । या भनौँ यो बाटो नै मैले चिन्ने थिइनँ । जीवनको त्यो दर्दनाक मोडले मलाई यो अनपेक्षित मार्गमा मोडेको हो भन्न पाउँदा गर्व पनि लाग्छ, ग्लानि पनि । विस्मय पनि लाग्छ, उदेक पनि । .... कोही भन्छन् कविहरू शान्त हुन्छन् । तर, उनीहरूलाई के थाहा, कविहरू बाहिर शान्त देखिए पनि भित्र कति अशान्त हुन्छन् ! कविमनलाई कति उथलपुथल बनाइरहन्छ एउटै घटना/दुर्घटनाले । आँखैअघि अत्याचार देखिरहँदा बुद्ध जस्तो लाग्ने कवि पनि कविताको हतियार उद्याउनतर्फ लाग्छ ।"

प्रतिरोधी चेतनाको बलियो अभिव्यञ्जना : राजेन्द्र तारकिणीको विवेच्य बिगन रामको मादल कृतिमा ५५ ओटा फुटकर कविता छन् । यी कवितालाई छ ओटा समूहमा आबद्ध गरिएका छन् । प्रत्येक समूहको आरम्भमा कलात्मक र अर्थपूर्ण चित्र राखिएको छ र त्यसैले कविताको समूहगत प्रतिनिधित्वको प्रतीकात्मक अर्थ बोकेको छ । उनका कविता

के कस्ता छन् भन्ने बारे केही समीक्षकहरूको विचारवाक्यलाई कृतिको पछिल्लो पृष्ठमा राखिएको छ । शिखा बुक्सले प्रकाशन गरेको यस कृतिमा १६० पृष्ठ छ र ३०० रुपियाँ मूल्य निर्धारण गरिएको छ । कवि स्वयंको भूमिकामा कविताहरूको रचनागर्भ र कविता लेखनको दृष्टिकोणलाई वस्तुगत आधारमा अभिव्यक्त गरिएको छ । कविताको रचनाकारितालाई इतिहासको सुन्दर अभिलेखन मान्दै आफ्नो हतियारका रूपमा प्रयोग गरिएको धारणा प्रकट गरेका छन् । कृतिको विषय चयनलाई केन्द्रित गरी बिगन राम जस्तो बेघरबार र बेसहाय व्यक्तिको लागि राज्य कहाँ छ ? मानवता कहाँ छ ? रोजगारी कहाँ छ ? न्याय कहाँ छ ? भन्ने कटु तर यथार्थ प्रश्नका व्यङ्ग्य प्रहार गरेका छन् । यही कोणबाट यस कृतिमा उनले अधिक कविताहरूलाई प्रतिरोधी चेतनाको ध्वन्यात्मक अभिव्यक्तिका रूपमा प्रस्तुत गरेका छन् ।

विवेच्य कृतिको शीर्षक ‘ बिगनरामको मादल’ अर्थपूर्ण, व्यङ्ग्यपूर्ण, तितो यथार्थ, सबाल्टर्नपरक, सीमान्तकृत र प्रतिरोधी चेतनामा केन्द्रित रहेको छ । यस कृतिको आवरणमा घण्टाघर नजिकै खुला सडकमा एकजना व्यक्ति मादल बजाएर बसेको छ । मादल बजाउनु रमाइलो हो । तर यहाँ कुनै मनोरञ्जन गर्न त्यस व्यक्तिले मादल बजाइरहेको छैन । बरु उसले मादल बजाएको रमाइलो बेचेर सडक यात्रुसित दुई चार पैसा हात थापेर दयाको जीवन बाँच्न विवश भएको कारुणिकता छ । बिगन राम एक प्रतिनिधि र प्रतीक व्यक्ति पात्र हो जसले आँखा नदेख्ने अपाङ्गता जिएर जीवन निर्वाहका निम्ति सडकमा मागिरहेको छ । यो करुणा राज्यको आँखामा परेको छैन । मानव अधिकार र अन्य कुनै पनि सचेतनाकर्मीहरूको आँखामा बिझाउने गरी परेको छैन । तर राजेन्द्र तारकिणीको कविमनलाई यसले आन्दोलित बनाएको छ । यसैबाट र यस्तै अन्याय र अत्याचारले सीमा नाघेको देखेपछि कवि प्रतिरोधी चेतनाको अभिव्यक्तिमा केन्द्रित भई कविताहरूमा तीक्ष्ण वक्रोक्तिमय प्रहार गर्छन् र कृतिकै नामकरण ‘बिगन रामको मादल’ रहन्छ ।

बिगन राम सक्षम व्यक्ति हो । परिश्रमी र लगनशील नेपाली वीर र साहस भरिएको मानिस हो । तर यी गुणहरूको पारख कसैले गर्दैन । उसको अनुकूल बुझाइमा अनदेखा भइरहन्छ । यसकारण बिगन राम धुलाम्मे हिलाम्मे सडक पेटीमा बसेर खरी झरेको मादल बजाएर निरीहताको जीवन बाँचिरहन्छ । अल्पसङ्ख्यक, गरिबी, सीमान्तकृत, पछाडि परेको सर्वहारा, भुइँमान्छे र निम्नवर्गबाट पनि कमजोर बनाइएको अपाङ्गताको पहिचान भिरेर दयाको विवश पात्र बनेर सडकमा दिनभर कुर्ने बनाइएको छ । यसलाई कवि देख्न, खप्न र शान्त रहन नसकी बिगन रामको व्यथालाई प्रतीक बनाएर कविता रच्छन् । उनी कवितामा लेख्छन् :

उसलाई सुनेर नसुनेझैँ/ देखेर नदेखेझैँ
हिँडिरहेका आओ मनुष्यगण !
नठान्नू –
देश चन्द्रशमशेरको सिंहदरबारमा
मस्ताराम छ
ठान्नू–
देश त कर्णालीको नुनमा घुलिरहेछ

देश त बिगन रामको मादलमा दुखिरहेछ
सुस्तादेखि कालापानी खूनमा
दुखिरहेछ...

तारकिणीको यस कृतिमा रहेका रचनाहरूमा बिगन रामको मादल शीर्ष कविता हो । यसको मूल कथ्यलाई नै उनले प्रतिरोध चेतनाको विचार वाक्य बनाएका छन् । कृतिभित्रका कविताहरू वर्तमानको अन्याय विरुद्ध प्रतिरोधमा केन्द्रित छ । व्यक्तिदेखि निकायसम्मका अन्याय र अत्याचारलाई कविले टुलुटुलु हेरेर बस्न सक्दैन भन्ने मतलाई चरितार्थ गर्न कृति सबल छ । यस सङ्ग्रहका कविताहरूको मूल भाव नै कवि तारकिणीको आन्दोलित मनोरचनाको भेल जस्तै रहेको छ । यस भेलले अन्यायको थुप्रोलाई बौद्धिक, काव्यिक, प्राज्ञिक रूपमा समाप्त पारिदिने लक्ष्य लिइएको छ । पाठकलाई अन्याय सहनु झन् ठुलो अन्याय हो, यसको विरुद्ध प्रतिरोधको चेतनामा समाज परिवर्तनको जुलुस मन, बुद्धि र अभियान लिएर बाँच्नुपर्छ भन्ने जागृत चेतना प्रदान गरेको छ । जीवन चेतनाको आशावादी स्वरलाई बोक्दै तर निराशाका दुर्गन्धहरू फाल्न तितो र कटु तहमा पुगेर अनुभूतिको प्रकटीकरण पनि गर्नुपर्छ भन्ने मतलाई कविले पस्केका छन् । समाज जर्जर छ । यस्तै जर्जर समाजको आँखाले बिगन रामलाई कथित अभागी र अघिल्लो जुनीको पापको भोग गरेको मिथक मात्रै वा उपदेश र आत्मरति मात्रै सुनाउँछ भन्ने आलोचनात्मक चेतना यस कविता कृतिमा व्यक्त भएको छ । यस कृतिका कविताहरूले मानिसलाई शान्त जीवन बाँच्न विद्यमान अशान्त, विभेद र निरीहताको दयनीय, कारुणिक अवस्थाको अन्त्य गर्न आग्रह गरिएको छ । बिगन रामले बजाएको मादलको धुन बुझ्न थोरै मानवता र थोरै कानुनी शासनको पाइला चाल्न पनि कविले कविताकै भाषामा मिठो तर मार्मिक रूपमा भनेका छन् । यस प्रकारको प्रतिरोधी चेतना ध्वनित गर्न बिगन रामको मादल कविता सङ्ग्रह सफल देखिन्छ । कवि यहीँनिर कवित्वको अझै बलियो सम्भावना लिएर उज्यालो छर्ने सपनामा सङ्घर्ष गरिरहेको महसुस गर्नु यथोचित होला । बिगन रामहरूको सच्चा इतिहास लेखियून्, सबाल्टर्न जीवनबाट साधारण जीवन बाँच्ने साधारण मासिनको दर्जा राज्यले प्रदान गरोस् । यसका निम्ति जपतपले होइन प्रतिरोधी चेतनाले मात्रै बिगन राममा न्यायको नयन दृष्टि पर्ने छ । यस कोणबाट हेर्दा विवेच्य कृतिको सार चिन्तन यही रहेको छ ।

## सूचना !


आदरणीय पाठक तथा शुभ चिन्तकज्यूहरू !, नवप्रज्ञापन ३३ वर्ष पूरा गरी ३४औं वर्षमा प्रवेश गरेको छ । यहाँहरूप्रति नवप्रज्ञापन परिवार आभारी छ । यसको ११२औं अङ्क निबन्ध विशेष पहिलो भागका रुपमा प्रकाशित गरिने कार्यतालिका भए पनि विशेष कारणवश सो भविष्यमा प्रकाशित गर्नेगरी हाललाई स्थगित गरिएको छ ।

# बजारमा नयाँ कृति

● प्रतीक्षा रिजाल, संयोजक



## जुद्धबहादुर श्रेष्ठ औद्योगिक क्षेत्रका अग्रणी





वरिष्ठ कवि नरेन्द्रबहादुर श्रेष्ठ लेखक तथा प्रस्तोता रहेको 'जुद्धबहादुर श्रेष्ठ औद्योगिक क्षेत्रका अग्रणी' नेपालको औद्योगिक विकासक्रम जान्न र बुझ्नका लागि महत्त्वपूर्ण पुस्तक हो । यस पुस्तकमा नेपालको औद्योगिक यात्रामा जुद्धबहादुर श्रेष्ठको योगदान र जीवन सङ्घर्षका पाटा तथा परिधिहरूको विस्तृत विवरण प्रस्तुत छ । एकातिर अप्ठरो परिस्थितिमा पनि कसरी हिंड्नु पर्छ भन्ने सन्देश छ त अर्कोतिर हिँडिरहनेहरू जस्तोसुकै असहज अवस्थालाई पनि पार लगाउन सक्षम रहने सन्देश छ । यति महत्त्वपूर्ण र ऐतिहासिक पुस्तकका लागि लेखक तथा प्रस्तोता दुवैलाई हार्दिक बधाई !

## पूर्णबहादुर 'व्यथित'का गद्यरचनाहरू





शङ्कर लामिछाने प्रतिष्ठानका लागि श्रीमती निरू श्रेष्ठ र प्रसिद्ध कवि नरेन्द्रबहादुर श्रेष्ठ प्रकाशक रहनु भएको पूर्णबहादुर 'व्यथित'का गद्यरचनाहरू हालैसालै बजारमा आएको कृति हो । ऐतिहासिक महत्त्वको यस कृतिमा 'व्यथित' का आठ निबन्ध, दुई कथा र सुभद्रादेवी श्रेष्ठका दुई कविता, उहाँहरूको वंश वृक्ष, ऐतिहासिक फोटाहरू तथा प्रा.डा दयाराम श्रेष्ठ, दुर्गाप्रसाद श्रेष्ठ, तेजेश्वरबाबु ग्वँग र नरेन्द्रबहादुर श्रेष्ठका मन्तव्य र विचार छन् । पूर्णबहादुर श्रेष्ठ 'ब्यथित' र सुभद्रादेवी श्रेष्ठ वरिष्ठ साहित्यकार नरेन्द्रबहादुर श्रेष्ठका मातापिता हुनुहुन्छ । यति महत्त्वपूर्ण कृति प्रकाशनका लागि उहाँहरूलाई हार्दिक बधाई !

## आत्मकथा




दीपक सोती पुराना कवि तथा साहित्यिक पत्रकार हुन् । नेपाली भाषा साहित्यको सेवामा उनको सम्पूर्ण जीवन समर्पित देखिन्छ । वि.स. २००६ मा लमजुङमा जन्मिएका सोती यतिबेला नवर परासी पूर्वको कावासोती नगरपालिकामा बसोबास गरिरहेका छन् । साहित्य भने पछि हुरुक्क हुने सोती साहित्य लेखानमै सक्रिय छन् । सरल विचार र सादा जीवनयापनमा विश्वास गर्ने उनी अझै लेखिरहेका र प्रकाशित गरिरहेका छन् । अनि साहित्यको उन्नयनमा खटिइरहेका छन् । यति बेला मेरो हातमा कवि सोतीको आत्मकथाको पुस्तक छ । यो पुस्तक नवप्रज्ञापनलाई समीक्षार्थ प्राप्त भएको हो । आफ्नो आत्मकथा प्रकाशनका लागि कवि दीपक सोतीलाई हार्दिक बधाई !

## वंशु गुरूङ स्मारिका २०७९





नेपाल राष्ट्र एकीकरण अभियानको क्रममा वि.सं १८२४ मा सिन्धुली गढीमा भएको नेपाल अङ्ग्रेज युद्धले विशिष्ट महत्त्व राख्छ । यस युद्धमा संसारलाई आफ्नो कब्जामा पार्दै इन्डियामा शासन गरिरहेको बलियो अङ्ग्रजी सेनालाई नेपाली वीर योद्धाहरूले हराएका थिए । अङ्ग्रेजहरूलाई धुलो चटाउन सफल त्यस युद्धमा शिकारी सरदार वंशु गुरूङको सक्रिय सहभागिता थियो । यद्यपि युद्धपछि उनी अनदेखा जस्तै भएका छन् । यो स्मारिका उनै शिकारी सरदार वंशु गुरूङको सम्झनामा 'शिकारी सरदार वंशु गुरूङ प्रतिष्ठान'द्वारा प्रकाशित भएको हो । इतिहासको सम्झना गराउने प्रतिष्ठानलाई हार्दिक बधाई र कार्य सफलताको शुभकामना !

## संस्कृत साहित्यको इतिहास





काष्ठमाण्डप पुस्तक स्टोरद्वारा २०८३ मा प्रकाशित 'संस्कृत साहित्यको इतिहास' कृष्णविलास पौड्यालले लेखेको संस्कृत साहित्यको इतिहास हो । बजारमा संस्कृत साहित्यको विविध सामग्री समेटिएका पुस्तकहरू अत्यन्तै कम भेटिन्छन् । बजारको मागलाई ध्यानमा राखेर लेखक पौड्यालले यो पुस्तक तयार पारेको बुझिन्छ । जम्माजम्मी ६९२ पृष्ठमा समेटिएको पुस्तक उन्नाइस् अध्यायमा विभक्त छ । पाठक, विद्यार्थी र शिक्षक मात्र नभएर अनुसन्धानकर्ताका लागि पनि यो पुस्तक अत्यन्तै महत्त्वपर्ण छ । आम पाठक तथा अनुसन्धान कर्ताहरूको अप्ठेरो बुझि यति राम्रो कृति बजारमा उपलब्ध गराउनु भएकामा लेखक तथा प्रकाशक दुवैलाई हार्दिक बधाई !

## अर्थात् ऊ




भुडीपुराण प्रकाशनद्वारा २०८२ मा प्रकाशित 'अर्थात् ऊ' लघुकथा कृतिका कृतिकार भीम राना जिज्ञासु हुन् । यस सङ्ग्रहभित्र उनले विभिन्न समय र परिवेशमा लेखेका समसामयिक विषयका पचास लघुकथा समावेश छन् । स्वभावैले लघुकथा व्यङ्ग्यात्मक हुन्छ । मानवीय चिन्तन, विवेक, विचार, सोच, समाज वा त्यहाँ देखिएका विकृति विसङ्गती, भ्रष्टाचार जस्ता विषयका लघुकथाले सङ्ग्रहमा स्थान पाएका छन् । साहित्य समाजको जीवन मात्र नभएर आँखा पनि हो । जुन समाजमा साहित्यको सम्मान हुन्छ त्यो समाज निर्वाध गतिमा अगाडि बढ्छ । नेपाली साहित्यको नाममा यति राम्रो कृति समर्पण गर्नु भएकामा सर्जक जिज्ञासुलाई हार्दिक बधाई !

## आधा बाँचेको मान्छे




भुडीपुराण प्रकाशनद्वारा २०८२ सालमा प्रकाशित 'आधा बाँचेको मान्छे' सोच, विश्वास, विचार र देशप्रेमी भावहरू समेटिएको कविता कृतिको नाम हो । यो कृतिका कृतिकार विष्णुप्रसाद शर्मा पराजुली हुन् । प्रस्तुत कृतिमा चौवालिस् थान कविता समावेश छन् । कवितामा अत्याधिक मात्रामा देशप्रेमका भाव, सामाजिक उत्थानप्रति सहानुभूति, नैतिक उत्तदायित्वमा सचेतता, सङ्घर्षपूर्ण जीवननै टेक्ने मुख्य आधार तथा हिजो हेरेर भोलि बाँच्नु पर्ने सन्दर्भका विचार धमाधम आइरहेका छन् । अचेल मान्छेले मान्छृ चिन्न, जान्न र बुझ्न छाडेको छ । सकारात्मक सोच र जीवनवादी दृष्टिकोणका पराजुलीलाई हार्दिक बधाई र शुभकामना !

## जङ्गबहादुरको फ्रेन्डरिक्वेष्ट




जङ्गबहादुरको फ्रेन्डरिक्वेष्ट फित्कौली अनलाइन मिडियाद्वारा २०८१ चैतमा प्रकाशित हास्यव्यङ्ग्य कथा कृति हो । यस कृतिमा हास्यव्यङ्ग्य र मनोविनोदी भावका ३० थान कथा छन् । 'जङ्ग बहादुरको फ्रेन्डरिक्वेष्ट कृतिका कृतिकार भोजराज रेग्मी 'मुखाले' हुन् । समाजमा देखिएका बेथिति, विकृति, विसङ्गति, थिचोमिचो, मनोमालिन्यता, ईर्ष्या, डाह जस्ता विषयलाई कथाकारले कथाको मूल विषय बनाएका छन् । कथाकार सुन्दर र शान्त समाजको परिकल्पना गर्दै ठूलाले सानामाथि गर्ने थिचोमिचो र अन्याय अत्याचारको विपक्षमा उभिन पुग्छन् । नेपाली साहित्यमा यति राम्रो कृति समर्पण गर्नु भएकामा सर्जक रेग्मीलाई हार्दिक बधाई र शुभकामना !

# अतिथि सम्पादकको कलम



● बद्रीप्रसाद ढकाल

साहित्य लेखनको उद्देश्य समाजको हित हुन्छ । सर्जकले कुन वर्ग, उमेर समूहका लागि लेखेको हुन्छ जस्ता यावत् कुरा समेट्दै कुन उद्देश्य प्राप्तिका लागि साहित्य सिर्जना गरेको हो त्यसका बारेमा स-सार बुझाउनका लागि पुस्तकको विषय परिचयसँगै त्यसका अनेकन् कुरालाई प्रष्ट पार्न पुस्तक समीक्षा लेखिन्छ । यस कर्मको भाव बुझेर नवप्रज्ञापनले समीक्षा अङ्कको निरन्तर प्रकाशन गरिरहेको छ । नवप्रज्ञापनले समीक्षा विशेष चौथो भाग फेरि पनि साहित्यका विभिन्न विधा समेटेर प्रकाशन गरेको छ। जिम्मेवारीका हिसाबले मैले पुस्तक समीक्षाहरूको निरन्तर सम्पादन गरिरहेको

छु। केही समीक्षा कुराकानी र केही समीक्ष पुस्तकका परिचय मात्र भएका छन् । समग्रमा भन्नुपर्दा समीक्षाको सिद्धान्त र व्यवहार भिन्न भएको जस्तो देखिन्छ। त्यसैले यहाँ सबै समीक्षकहरूमा समीक्षाको चर्चा गर्न चाहन्छु। वास्तवमै समीक्षा के हो र कस्तो हुनुपर्छ ? ‘समीक्षा’ शब्दको सामान्य अर्थ हुन्छ –कुनै विषय, कृति, घटना, वा विचारको आलोचनात्मक अध्ययन र मूल्याङ्कन गर्नु । यसको निर्माण प्रक्रियालाई हेर्ने हो भने ‘समीक्षा’ संस्कृत शब्द हो – सम् + ईक्षा बाट बनेको, जसको अर्थ हुन्छ –पूरै ध्यानपूर्वक हेर्नु वा गहिरो रूपमा विचार गर्नु अर्थात्, कुनै साहित्यिक कृति, विचार वा कलाकृतिलाई विश्लेषणात्मक दृष्टिले अध्ययन गरी गुण-दोष पत्ता लगाउने प्रक्रियालाई समीक्षा भनिन्छ ।

समीक्षा लेख्दा पाठ वा कृति समीक्षामा विषयवस्तुको विश्लेषण, संरचना र शैलीको मूल्याङ्कन, लेखकको उद्देश्यको पहिचान, भाषिक सौन्दर्य र प्रस्तुतीकरणको अध्ययन, कृतिको समसामयिकता र प्रभावलाई हेर्न सकिन्छ । साहित्यिक समीक्षा–कुनै साहित्यिक कृति (जस्तै कविता, कथा, उपन्यास, नाटक आदि) लाई गहिरो विश्लेषण, व्याख्या र मूल्याङ्कन गर्ने बौद्धिक प्रक्रिया मानिन्छ । यसमा कृतिको बनोट र बुनोट दुवै पक्षको चर्चा-परिचर्चा गरिन्छ ।  साहित्य समीक्षाले समीक्ष कृतिको सौन्दर्य, विचार, सन्देश, शैली, प्रभाव र मूल्य पत्ता लगाउने काम गर्छ । साहित्यिक समीक्षाको उद्देश्य नै कृतिको सौन्दर्य र सार्थकता पत्ता लगाउने, लेखकको उद्देश्य र दृष्टिकोण बुझ्ने, पाठकलाई कृतिको सही मूल्याङ्कन प्रदान गर्ने तथा  साहित्यको गुणस्तर र परम्पराको विकासमा योगदान दिने कार्य गर्दछ ।

साहित्यिक समीक्षाले समीक्ष कृति र समीक्षकले कुनै पनि कृतिको विषयवस्तुको अध्ययनअन्तर्गत कृतिले के कुरा गर्न खोजेको हो ? समीक्ष

कृतिको रूप र शैलीको विश्लेषण - भाषा, संरचना, प्रतीक, लय आदिको खोज गर्ने कार्य गर्दछ । भाव र विचारको मूल्याङ्कनका बारेमा भन्नुपर्दा लेखकको भावना र सोच कस्तो छ ? भन्ने कुरालाई खोज्दै साहित्यक कृतिले समय र समाजसँगको सम्बन्ध के कसरी प्रस्तुत गरेको छ अर्थात् समीक्ष कृति आफ्नो समय वा समाजलाई कसरी प्रतिनिधित्व गर्छ ? भन्ने कुराको उत्तर खोज्दै समय सन्दर्भलाई कृतिगत रूपमा के कसरी आएको छ र कृतिको प्रभाव र सान्दर्भिकता - आजको दृष्टिमा त्यसको अर्थ के हो ? भन्ने कुरालाई स्पष्ट पार्दछ । यसले पुस्तकका आन्तरिक बुनोट तथा बाह्य बनोटको बारेमा समेत जानकारी दिन्छ । त्यसैले पुस्तक समीक्षा भनेको पुस्तक परिचय मात्र भने होइन ।

पुस्तक परिचय भन्नाले कुनै पुस्तकको सङ्क्षिप्त र सूचनात्मक विवरण हो । यसमा पुस्तकको लेखक, प्रकाशन, विषयवस्तु, उद्देश्य, विशेषता र महत्त्वको परिचय दिइन्छ । यसले पाठकलाई पुस्तकबारे प्रारम्भिक जानकारी दिन मद्दत गर्छ । पुस्तक परिचयले पुस्तकको भाषा, शैली, दृष्टिकोण वा संरचनात्मक विशेषताका बारेमा जानकारी दिन्छ । पुस्तकको चिनारीका रूपमा लेखिने पुस्तक परिचयको महत्त्व पुस्तकले साहित्य, समाज वा पाठकमा ल्याएको प्रभावलाई हेरी गरिने पुस्तकको पहिचान, सारांश र मूल्य को सङ्क्षिप्त विवरण मात्र हो । यसले पुस्तकक के को बारेमा लेखिएको हो र यसले के जानकारी दिन्छ भन्ने कुरा पाठकलाई पुस्तक पढ्न अघि त्यसको बारेमा आवश्यक जानकारी दिन मद्दत गर्छ ।

त्यस्तै कृति वा पाठको समालोचना शब्द संस्कृतको सम् + आलोचना बाट बनेको हो, जसको अर्थ हुन्छ – पूर्णरूपले विचार गरेर टिप्पणी गर्नु वा विश्लेषणात्मक मूल्याङ्कन गर्नु भन्ने बुझिन्छ । भाषा साहित्यमा 'समालोचना' भन्नाले कुनै साहित्यिक कृति, विचार, वा लेखकको कार्यको गुण-दोषसहितको विश्लेषण र मूल्याङ्कन गर्ने प्रक्रिया हो । जसको निर्माण प्रक्रियाबाट नै सम भनेको तटस्थको अर्थमा रहन्छ भने कृतिको बनोट र बुनोटका आधारमा आलोचना गरिन्छ । कृति वा पाठको गुण र दोष केलाईन्छ । राम्रा नराम्रा पक्षलाई स्पष्ट पारिन्छ । तसर्थ यस अङ्कमा गरिएका समीक्षा मात्र हुन् । यहाँ समेटिएका केही आलोचनात्मक समीक्षाले कृतिको गुण-दोषका आधारमा तटस्थ विश्लेषण गरेका छन् । चिनेका कृतिकार उनका कृतिले दिएका कुरालाई मनन गर्दै केही प्रभाववादी समीक्षा समीक्षकको व्यक्तिगत अनुभूति र प्रभावमा आधारित मूल्याङ्कन भएको देखिन्छ ।

साहित्यिक समीक्षा भनेको साहित्यिक कृतिको गहिरो अध्ययन, व्याख्या र मूल्याङ्कन गर्ने विवेचनात्मक प्रक्रिया हो । यसले पाठकलाई साहित्य बुझ्न, मूल्याङ्कन गर्न र त्यसको सौन्दर्यको रसास्वादन गर्न सहयोग गर्छ भन्ने भावसँगै यस अङ्कमा विभिन्न कृतिको समीक्षा गर्ने समीक्षकहरूप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि समीक्षा अङ्कको निरन्तरता हुनेछ भन्ने प्रतिबद्धता व्यक्त गर्दै सहकार्यको अपेक्षा गर्दछु ।

# जीतपुर–सिमरा उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, जीतपुर, बारा

# नगरवासी महानुभावहरूमा अनुरोध

- हाम्रो जीतपुर-सिमरा र राम्रो जीतपुर-सिमराका लागि आफूले सकेको योगदान गरौँ
- तपाईँ हामी बस्ने सफा सुग्घर र शान्त हाम्रो उपमहानगर, राम्रो उपमहानगर
- हामीले हाम्रो उपमहानगर राम्रो बनाउन सके मात्र हामी राम्रो हुनसक्छौँ
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं। नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं।
- सडक र नालीमा थुप्रिएको फोहोरबाट दुर्गन्ध फैलिएकोले जहाँ तहीँ फोहोर नफालौं। आफ्नो घर अगाडिको नाला आफैले सफा गरौं।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं। सभ्य बनौं। सभ्यताको परिचय दिऔं।
- सरल र सर्वसुलभ रूपमा उपलब्ध हुने सिमेन्टका बोरा प्रयोगमा ल्याएर फोहोर सङ्कलन गर्ने वस्तुको उपयोग गरी बिना लगानी सरसफाईको व्यवस्थापन गरौं।
- बजारबाट सामान ल्याएका प्लास्टिकका झोला घरभित्रै संकलन गरी राख्ने बानी बसाली केही दिनपछि त्यस्ता संकलित झोला पसलमा नै फिर्ता गर्ने बानी बसालौं। अन्य प्लास्टिकजन्य वस्तुहरू (चाउचाउको खोल, प्याकिङ आदि) घर कम्पाण्डभित्रै बोरामा संकलन गरी नगरपालिकाबाट आएको फोहोर संकलन कर्तालाई दिने बानी बसालौं।
- वनको संरक्षण गरौं। खाली पर्ति जमीनमा वृक्षा। रोपण गरौं। वनसँग जीवनको सम्बन्ध भएकाले जीवन बाँच्ने आधार खोजौं। प्राकृतिक जडिबुटीहरूको संरक्षण गरौं। जथाभावी रूपमा रूख नकाटौं । मानिस र वनको एकआपसमा सम्बन्ध हुने भएकाले यसलाई आफ्नो जीवनजत्तिकै माया गरौं। आफू मात्र बाँच्ने हैन सन्ततीलाई पनि बाँच्ने आधार दिउँ।
- हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन्। यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो। राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवं सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्बर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो।
- देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो। यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं। यी सामूहिक धरोहर हामी सबैको हो। यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौँ।
- यसरी घरबाट निस्कने ८० प्रतिशत फोहोर घरभित्रै व्यवस्थापन हुने हुँदा कुचिकार, ट्याक्टर, डम्पिङ साइटको बचत, इन्धन खर्चमा बचत भई बचत भएको रकम विकास निर्माणमा लगाई नगरको विकासमा टेवा दिऔँ।

# कला जोगाऔं, संस्कृति बचाऔं ।

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं, स्थानीय कलाकार तथा स्रष्टाहरुलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परमपरालाई कलामार्फत् जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरुमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत् सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत् पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**